स्थानीय सरकार

**बडीमालिका नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

मार्तडी, बाजुरा

सुदूरपश्चिम प्रदेश

# बडीमालिका नगरपालिका राजस्व सुधार कार्ययोजना (अन्तिम प्रतिवेदन)

## Revenue Improvement Action Plan (RIAP)

२०८१/८२-२०८३/८४




२०८१

# बडीमालिका नगरपालिकाको राजस्व सुधार कार्ययोजना

## २०८१/८२-२०८३/८४

**अन्तिम प्रतिवेदन**

| | |
|---|---|
| **दस्तावेज** | **बडीमालिका नगरपालिकाको राजस्व सुधार कार्ययोजना** |
| **पालिका** | **बडीमालिका नगरपालिका, मार्तडी, बाजुरा** |
| **परामर्शदाता** | **घण्टेश्वर इन्जिनियरिङ सोलुसन** |
| **मिति** | **२०८१ आषाढ** |

# बिषय-सूची

**परिच्छेद १: परिचय** ..... **१**
१.१ पृष्ठभूमि ..... **१**
१.२ राजस्व सुधार योजनाको औचित्य ..... **२**
१.३ राजस्व सुधार योजनाले राखेका उद्देश्यहरु ..... **४**
१.४ राजस्व सुधार योजना तर्जुमा विधि र प्रक्रिया ..... **५**
१.४.१ सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन ..... **७**
१.४.२ नगरपालिकासँग सम्पर्क, छलफल र सूचना सङ्कलन विधि निर्धारण ..... **८**
१.४.३ तथ्याङ्क/सूचना सङ्कलन ..... **९**
१.४.४ राजस्व सुधार कार्ययोजना तयारी तथा राजस्व प्रक्षेपण ..... **९**
१.४.५ राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन तथा अनुशरण ..... ९
१.५ राजस्व सुधार योजनाका सीमाहरु ..... ९

**परिच्छेद २. नगरपालिकाको विद्यमान अवस्था** ..... ११
२.१ संक्षिप्त परिचय ..... ११
.२.१.१ अवस्थिति, भौगोलिक तथा प्रशासनिक विभाजन ..... १२
२.१.२ जनसङ्ख्या, जातजाति तथा भाषाभाषी ..... १४
.२.१.३ प्राकृतिक श्रोत, कृषि, वन वातावरण र खाद्य सुरक्षा ..... १६
२.१.४ भाषा, धर्म, साँस्कृति तथा प्राकृतिक सम्पदाहरु ..... १६
.२.१.५ आर्थिक अवस्था ..... १८
२.१.६ सामाजिक अवस्था (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई) ..... १९
.२.१.७ सडक तथा यातायात ..... २३
.२.१.८ जलश्रोत, विद्युत, नविकरणीय उर्जा र सञ्चार ..... २४
.२.१.९ भौतिक अवस्था तथा सामाजिक पूर्वाधार ..... २५
२.१.१० वित्तिय संस्था संबन्धी जानकारी ..... २५
२.२ मानव संसाधनको अवस्था ..... २६
२.३ भौतिक सम्पत्तिको अवस्था ..... ३१

**परिच्छेद ३. नगरपालिकाको राजस्व अधिकार तथा आय सम्भाव्यता** ..... ३८
३.१ राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था ..... ३८
३.१.१ संवैधानिक व्यवस्था ..... ३८

३.१.२ कानुनी व्यवस्था ..... ३८

३.१.३ स्थानीय तहको आन्तरिक आय ..... ४१

३.१.४ राजस्व परिचालन चक्र र प्रक्रिया ..... ४१

३.१.५ नगरपालिकाको आन्तरिक राजस्वका स्रोतहरु ..... ४२

३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था ..... ४५

३.३ आन्तरिक आय सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण ..... ४७

३.३.१ स्थानीय कर राजस्व ..... ४७

३.३.२ गैर कर राजस्व ..... ५४

**परिच्छेद ४. नगरपालिकाको आय सङ्कलनको संस्थागत क्षमता तथा विद्यमान अवस्था ..... ६०**

४.१ राजस्व परिचालन सम्बन्धी नीति ..... ६०

४.२ आय सङ्कलनको संस्थागत क्षमता ..... ६२

४.३ आन्तरिक आय परिचालन ..... ६३

४.४ राजस्व परिचालनमा रहेका सवालहरु ..... ६६

४.४.१ राजस्व प्रशासनका लागि उपयुक्त सँगठन निर्माण ..... ६६

४.४.२ आर्थिक ऐनमा सुधार ..... ६६

४.४.३ आन्तरिक आय परिचालन नीति तथा कार्यविधि ..... ६७

४.४.४ राजस्वका दर निर्धारण तथा प्रचार प्रसार ..... ६७

४.४.५ तथ्याङ्कमा आधारित अभिलेख ..... ६७

४.४.६ समन्वय संयन्त्र ..... ६७

४.४.७ चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता ..... ६८

**परिच्छेद ५. राजस्व सुधार कार्ययोजना ..... ६९**

५.१ रणनीति तथा कार्यनीति ..... ६९

५.२ राजस्व तथा कर सुधार कार्ययोजना ..... ७०

५.२.१ स्थानीय कर राजस्व सुधार कार्य योजना ..... ७१

५.२.२ गैरकर राजस्व सुधार कार्य योजना ..... ७३

५.३ राजस्व प्रशासन सुधार कार्ययोजना ..... ७५

**परिच्छेद ६. आगामी तीन वर्षको आय प्रक्षेपण ..... ७७**

६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ..... ७७

६.२ आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण ..... ७९

**परिच्छेद ७. कार्यान्वयन तथा अनुगमन** ........ ८३
७.१ अपेक्षित नतिजा ........ ८३
७.२ राजस्व सुधार योजनाको कार्यान्वयन ........ ८५
७.३ अनुगमन तथा मूल्याङ्कन ........ ८५
७.४ निश्कर्ष ........ ८९
७.५ सुझावहरू ........ ८९

**अनुसूचीहरु** ........ ९३
अनुसूची १: पृष्टपोषण संबन्धमा ........ ९३
अनुसूची २:तथ्याङ्क सङ्कलन सूची ........ ९६
अनुसूची ३: विषयगत विश्लेषणको नमूना फाराम ........ १०४
अनुसूची ४: वस्तुगत विश्लेषणको नमूना फाराम ........ १०७
अनुसूची ५: आय प्रक्षेपणको ढाँचा ........ ११०
अनुसूची ६: आर्थिक ऐन, २०८० ........ ११३
अनुसूची ७: माईन्युट ........ १५६
अनुसूची ८: फोटो ग्यालरी ........ १५८

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

नेपालको राज्य सञ्चालन संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीन वटै तहले गर्ने व्यवस्था विद्यमान संविधान २०७२ ले गरेको छ। संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारहरुलाई कार्य जिम्मेवारी तथा स्रोत परिचालन गर्न सक्ने उलेख्य अधिकार प्रदान गरेको छ। स्थानीय सरकारले आ-आफ्नो क्षेत्रमा पर्ने सेवा प्रवाह तथा विकास निर्माणको क्षमतालाई वृद्धि गर्न, आय परिचालन क्षमतालाई वृद्धि गर्न तथा आय परिचालन क्षमतामा पनि सुधार गर्न आवश्यक हुन्छ। यसका अतिरिक्त प्राकृतिक तथा अन्य मानवीय कारणले अकस्मात सिर्जना हुने प्रतिकूल परिस्थितिलाई सामना गर्नसक्ने गरी उत्थानशील हुन पनि आय परिचालन क्षमता सुदृढ हुनु पर्दछ।




*चित्र १: वित्तीय हस्तान्तण सम्बन्धी व्यवस्था*

स्थानीय सरकारलाई संविधानद्वारा प्रदत्त कार्यजिम्मेवारी पुरा गर्न आवश्यक पर्ने साधनको परिपूर्तिका लागि सङ्घ तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान दिन सक्ने व्यवस्था गरेको छ। सङ्घ तथा प्रदेश सरकारबाट प्रदान गरिने यस्तो अनुदानले मात्र स्थानीय तहको सबै आवश्यकता पुरा गर्न सम्भव नहुने र राज्य शक्तिको बाँडफाँड गर्दा राज्यको राजस्व अधिकारको समेत तहगत सरकारबीच शक्तिको बाँडफाँड गरिने हुँदा सङ्घीय वित्त व्यवस्थापनका मान्यता अनुसार स्थानीय तहलाई विभिन्न कर तथा गैर कर लगाउने र उठाउने गरी राजस्व अधिकार समेत संवैधानिक रुपमै प्रदान गरिएको छ। अनुदान र राजस्व अधिकार बाहेक स्थानीय तहले संविधान र सङ्घीय कानून बमोजिम राजस्व बाँडफाँड बापत प्राप्त गर्नसक्ने र नेपाल सरकारको पूर्व स्वीकृतिमा ऋण लिन सक्ने कानुनी व्यवस्था समेत गरिएको छ।

स्थानीय सरकारलाई प्राप्त भएका वित्तीय अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्ण रुपमा परिचालन गर्न थप प्रयास गर्नुपर्ने आवश्यकता महशुस भएको छ। यसको मुख्य कारणहरुमा

स्थानीय सरकारलाई प्राप्त कतिपय अधिकारहरु नयाँ भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, सँगठनात्मक व्यवस्था, सूचना तथा तथ्याङ्क प्रणालीको स्थापना, आयको सम्भावना अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदि व्यवस्था तथा अभ्यासको कमी हुनु रहेको छ।

स्थानीय सरकारको बढ्दो खर्च धान्नका लागि र उनीहरुको सामर्थ्य वृद्धि गर्नका लागि ती निकायहरुको आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि गर्नुपर्ने आवश्यकता बन्न पुगेको छ। यसका लागि स्थानीय तहको राजस्व अधिकारका सम्भावनाहरुको खोजी गर्ने, सम्भाव्य क्षेत्रको राजस्व परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी र व्यवस्थापकीय सुधारका उपायहरु पहिचान गरी कार्यान्वयनमा ल्याउने र ती सबै प्रयासका आधारमा आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि राजस्व सुधार कार्ययोजना खाँचो देखिन्छ।

स्थानीय तहको राजस्व सम्बन्धी वर्तमान स्थिति अध्ययन, विश्लेषण गरी राजस्व सुधारका लागि गर्नुपर्ने कार्यहरुको पहिचान गर्ने, समग्र राजस्व प्रशासनलाई सुदृढ गर्ने तथा सोका आधारमा आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण कार्यमा सहजीकरण गर्ने प्रयोजनका लागि विभिन्न स्थानीय तहहरुले राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan) तयार गरी स्थानीय तहहरुको राजस्व सुधार गर्नका लागि अवलम्बन गर्नुपर्ने क्रियाकलापहरुको कार्ययोजना आवश्यक छ। सोही कार्यका लागि प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत सुदूरपश्चिम शुसासन केन्द्रले यस प्रदेश अन्तरगतका विभिन्न स्थानीय तहहरुको राजस्व सुधार कार्ययोजना तयार गर्नका लागि आवश्यक प्राविधिक सहयोग गर्ने कार्यक्रम रहेको छ।

यो दस्ताबेज तर्जुमाको क्रममा नगरपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवाला पक्षहरुले राजस्व परिचालनको क्षेत्रमा आधारभूत अभिमुखीकरण, नगरपालिकाको आन्तरिक आय सुधारका लागि सहभागितात्मक विधिबाट समस्या तथा अवसरहरुको पहिचान गरी मुख्य उपलब्धिका रुपमा नगरपालिकाको कार्ययोजना तयारी र आय सम्भाव्यताको विश्लेषण गरी नगरपालिकाको आय प्रक्षेपणलाई मार्गदर्शन जस्ता कार्यहरु सम्पन्न गरिएको छ।

## १.२ राजस्व सुधार योजनाको औचित्य

सङ्घीयतामा तहगत सरकारलाई संविधानले नै कार्यजिम्मेवारी निश्चित गरी ती जिम्मेवारीहरु पुरा गर्न आवश्यक स्रोतको व्यवस्था गर्दा अन्तरसरकारी वित्तीय हस्तान्तरणको अलावा आफ्नो कार्यक्षेत्रमा तोकिएका स्रोतबाट संविधानले प्रदान गरेको अधिकार अनुरुप स्थानीय तहले राजस्व परिचालन गरी साधन स्रोतको जोहो गर्दछन्। जनताको बढ्दो माग बमोजिमको खर्च धान्नका लागि आवश्यक सामर्थ्य अभिवृद्धि गर्न पनि ती स्थानीय सरकारहरुको आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि हुनु अपरिहार्य हुन्छ। यसका लागि स्थानीय तहको राजस्व अधिकारका सम्भावनाहरुको खोजी गर्न, सम्भाव्य क्षेत्रको राजस्व परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी र व्यवस्थापकीय सुधारका उपायहरु पहिचान गरी तिनको यथोचित कार्यान्वयन गर्न र ती सबै

प्रयासका आधारमा आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि राजस्व सुधार कार्ययोजना महत्वपूर्ण औजार हुने विश्वास गरिन्छ ।

स्थानीय तहलाई कर वा गैर कर वापत रकम तिर्ने स्थानीय निवासीहरुले आफूले तिरेको करको सदुपयोग भए नभएको निगरानी गर्ने र यस विषयमा नियमित रुपमा आफ्नो नगरपालिका तथा नगरपालिकासँग प्रश्न सोध्ने हुनाले ती निकायहरु पनि जनताप्रति सोझै उत्तरदायी हुने वातावरण सिर्जना हुन्छ । सेवा प्रवाहमा पनि सुधार हुन्छ र स्थानीय जनताको सन्तुष्टिको मात्रा पनि बढ्दै जान्छ । आन्तरिक स्रोतबाट परिचालित राजस्व खर्च गर्दा स्थानीय तहले कुनैपनि बाह्य शर्तहरु पालना गर्नु नपर्ने भएकोले यसको मात्रा जति बडी भयो त्यति बडी मात्रामा स्वायत्तताको अनुभूति गर्दछन् । यसरी स्थानीय तहहरुले जति बडी स्वायतता पूर्वक काम गर्न पाउँछन् त्यति नै सङ्घीयता सफल र सुदृढ हुँदै जान्छ ।

वैधानिक रुपमा नै स्रोत साधनमाथि उल्लेख्य अधिकार प्राप्त भएको लामो समयसम्म पनि आन्तरिक स्रोत तथा राजस्व कमजोर रहने र निरन्तर सङ्घ तथा प्रदेशबाट प्राप्त हुने अनुदानमा नै भर पर्नुपर्ने अवस्था भएमा स्थानीय सरकारको स्वायत्तता तथा दीगोपनमा प्रश्नचिन्ह लाग्ने सम्भावना रहन्छ । यस परिपेक्ष्यमा स्थानीय सरकारहरुले समयमै कानुनले अख्तियारी दिएका क्षेत्रमा आन्तरिक राजस्वको सम्भावना अध्ययन गरी कानुनसम्मत रुपमा राजस्वको क्षमता विस्तार गर्दै जानु आवश्यक हुन्छ । यसका लागि जन निर्वाचित पदाधिकारीहरु र राष्ट्रसेवक कर्मचारीहरुलाई संविधानले प्रदत्त गरेका काम कर्तव्य र अधिकारहरु कुशलता साथ सम्पादन गरी नागरिकहरुलाई छिटो छरितो गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्न सहयोग पुर्‍याउनु पहिलो र महत्वपूर्ण कार्य हो भने भर्खरै सम्पन्न भएका स्थानीय तहको संस्थागत अवस्था स्व-मूल्याङ्कन गरी सुधारका क्षेत्रहरुको पहिचान गरी तदनुरुप आवश्यकता र मागमा आधारित  क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्दै लैजानु अर्को आवश्यकता हो । यसका साथै स्थानीय तहलाई संविधान र ऐनले दिएको अधिकार प्रयोग गरी वित्तीय रुपमा सवल र सक्षम बनाउन राजस्व परिचालन सम्बन्धी ज्ञान, शिप र क्षमता अभिवृद्धि गर्दै सार्वजनिक विकास निर्माण र सेवा प्रवाहमा सक्षम बनाउन आवश्यक छ ।

नगरपालिकामा थप आन्तरिक राजस्व परिचालन गर्न यसको अधिकार क्षेत्रभित्र उपलब्ध सबै आन्तरिक आयका स्रोतहरुबाट सम्भाव्य राजस्व परिचालन गर्नु अनिवार्य हुन्छ । यसमा सुधार ल्याउन नगरपालिकाको बाह्य वातावरण तथा राजस्व प्रशासनको समेत विश्लेषण गर्नुपर्ने हुन्छ । यसैले राजस्व परिचालनमा सुधारका कृयाकलापहरु पहिचान गरी सोको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी दिनमा प्राप्त हुन सक्ने राजस्वको प्रक्षेपण गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को प्रावधान तथा प्रदेश शुसासन केन्द्रको कार्यशर्त बमोजिम तोकिएको स्थानीय तहको राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएकोछ । यस राजस्व सुधार कार्ययोजनाबाट पालिकालाई आफ्नो आन्तरिक आय परिचालन सुधारका साथै राजस्व प्रक्षेपणलाई यथार्थपरक, समन्यायिक, सहभागितामूलक र वैज्ञानिक बनाई बजेट तर्जुमा प्रकृयालाई थप व्यवस्थित गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

यसै सन्दर्भमा तयार पारिएको यस राजस्व सुधार कार्ययोजनाले बडीमालिका नगरपालिकाको आन्तरिक आय परिचालनमा सुधार ल्याउनको लागि राजस्व सुधारका कृयाकलापहरु पहिचान गर्न र पहिचान गरिएका कृयाकलापहरुको कार्यान्वयनबाट नगरपालिकाको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी दिनमा प्राप्त हुन सक्ने राजस्वको प्रक्षेपण समेत गर्न सहयोग पुऱ्याउने छ । राजस्व सुधार कार्ययोजना तर्जुमाको औचित्यको सारांशलाई चित्र २ मा प्रस्तुत गरिएको छ ।




*चित्र २: राजस्व सुधार कार्ययोजनाको औचित्य*

## १.३ राजस्व सुधार योजनाले राखेका उद्देश्यहरु

नगरपालिकाको आन्तरिक आयका सम्भावनाहरुको पहिचान तथा अधिकतम परिचालनका लागि देखिएका समस्याहरु न्यूनीकरण गर्न कार्ययोजना तयार गरी सोको आधारमा आगामी ३ वर्ष २०८१/८२, २०८२/८३ र २०८३/८४ को आय प्रक्षेपण गर्न नगरपालिकालाई सहयोग पुऱ्याउनु नै यस योजनाको मूलभूत उद्देश्य हो । यस योजनाका खास उद्देश्यहरु देहाय अनुसार रहेका छन् :

- नगरपालिकाका जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई राजस्व सुधार कार्ययोजना सम्बन्धी अभिमुखीकरण गर्ने ।
- शीर्षकगत रुपमा सम्भावित करका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।

- नगरको राजस्व वृद्धिको लागि आयका प्रमुख स्रोतहरुको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- स्थानीय तहको राजस्व प्रशासनको सँगठनात्मक सङ्कलन तथा बिलिङ्ग पद्धति र आन्तरिक नियन्त्रण प्रणाली सहित पालिकाको राजस्व प्रशासन तथा यसको कार्यकुशलताको विश्लेषण गर्ने ।
- स्थानीय तहको आन्तरिक आय वृद्धिका सम्भावनाहरु पहिचान गरी आय सुधार कार्ययोजना र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढीकरण कार्ययोजना तयार गर्ने ।
- नयाँ सम्भावनाहरुको पहिचान गर्दै स्थानीय तहले अपनाउनुपर्ने सुधार रणनीति सहितको राजस्व सुधार कार्ययोजना तयार गर्ने ।
- स्थानीय तहको विद्यमान आर्थिक ऐन पुनरावलोकन गरी आगामी आर्थिक वर्षमा गरिनु पर्ने सुधारका लागि सुझाव प्रदान गर्ने ।

## १.४ राजस्व सुधार कार्ययोजना तर्जुमा, विधि र प्रक्रिया

नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा प्रक्रिया स्थानीय पदाधिकारी, कर्मचारी, सम्बन्धित समितिहरु र सरोकारवालाहरुको अपनत्व र क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सहभागितामूलक विधि अवलम्बन गरिने छ । यसको मार्गदर्शकका रुपमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी गरिएको स्थानीय तहको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी




*चित्र ३: राजस्व सुधार कार्ययोजना प्रक्रिया तथा चरणहरु*

दिग्दर्शन, २०७६ लाई लिईएको छ। साथै स्थानीय आवश्यकता अनुसार सम्भाव्य स्थानीय राजस्वका स्रोतहरुलाई समेट्ने उद्देश्यले तथ्याङ्क तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी निर्देशिका बमोजिम कार्ययोजना तर्जुमाका चरणहरु यसप्रकार रहेका छन्।

नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने कार्यक्रम तय गरी सो सम्बन्धमा बडीमालिका नगरपालिका र यस परामर्शदाताबीच भएको सम्झौता पश्चात विभिन्न समयमा भएका छलफलहरुबाट नगरपालिकाबाट आवश्यक सन्दर्भ सामग्री सङ्कलन गरी यो राजस्व सुधार कार्य योजना तयार गरिएको छ । राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि मुलत: Coaching & Mentoring (स्थलगत रुपमा सँगसँगै काम गर्दै सिकाउँदै जाने) विधिमा आधारित भई तयार गरिएको छ।

- बडीमालिका नगरपालिकामा कार्य प्रारम्भ गर्नुभन्दा पहिला परामर्शदाताले प्रदेश प्रशिक्षण केन्द्रको सम्बन्धित विज्ञ वा तोकिएको कर्मचारीहरुसँग बडीमालिका नगरपालिकामा गर्नुपर्ने कार्यको योजना बनाई छलफलबाट अन्तिम रुप दिई अगाडि बढाईएको थियो।
- बडीमालिका नगरपालिकाबाट राजस्व कार्ययोजना तर्जुमा कार्यको गुणस्तर सुनिश्चितताका लागि परामर्शदाताले नियमित रुपमा बडीमालिका नगरपालिका तथा प्रदेश शुसासन केन्द्रसँग समन्वय र अनतर्क्रिया गर्दै यो प्रतिवेदन तयार गरेको छ। सो कार्यका लागि सेवा प्रदायक संस्थाले यो कार्य गर्नका लागि विस्तृत कार्ययोजना समेत पेश गरेको छ । परामर्शदाताले प्रदेश सुशासन केन्द्रको सम्बन्धित विज्ञ वा तोकिएको कर्माचारीहरुसँग निरन्तर समन्वयमा कार्य गरेको छ।
- राजस्व सुधार कार्ययोजना निर्माण प्रकृयालाई सहभागितामूलक विधिबाट सञ्चालन गरिएको छ। यसले गर्दा बडीमालिका नगरपालिकाका कर्मचारीहरुको पनि क्षमता अभिवृद्धि हुनेछ। यस सन्दर्भमा बडीमालिका नगरपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा अन्य जनप्रतिनिधि, कर्माचारी एवम् सरोकारवालाहरुको सहभागिता र समूहगत छलफलबाट राजस्व सुधार सम्बन्धी आवश्यकताहरु पहिचान गरिएको छ।
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको नगरपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७६ मा उल्लेखित सम्बन्धित फारामहरु विधि तथा प्रकृयाहरु प्रयोग गरी (छलफल तथा कार्यशाला) मार्फत राजस्व सुधार कार्ययोजना निर्माण गरिएको छ।
- यस प्रकृयाबाट पहिचान गरिएका आवश्यकताहरुलाई एकिकृत गरी बडीमालिका नगरपालिकाको ३ वर्षे राजस्व सुधार कार्ययोजना तयार गरिएको छ र मस्यौदा दस्तावेज तयार गरी बडीमालिका नगरपालिकालाई प्रस्तुतिकरण गरी आवश्यक सुझावहरुलाई सङ्कलन र समावेश गरी दस्तावेजलाई अन्तिम रुप दिइनेछ।
- राजस्व सुधार कार्ययोजनाको अन्तिम दस्तावेज (विद्युतीय तथा भौतिक प्रति) बडीमालिका नगरपालिका र प्रदेश प्रशिक्षण केन्द्र, धनगढी, कैलालीमा बुझाइने छ।
- प्रदेश प्रशिक्षण केन्द्रबाट कार्यक्रमको अन्तिम भुक्तानी लिनका लागि प्रदेशमा गठन मूल्याङ्कन समितिको अन्तिम मूल्याङ्कन पश्चात खर्चसँग सम्बन्धित आवश्यक विल, भरपाई सहित कार्यक्रमको अन्तिम प्रतिवेदन बुझाइएको छ।

**कार्ययोजना निर्माणका चरणहरुः** राजस्व सुधार कार्ययोजना तयार गर्दा सहभागितामूलक विधि र प्रकृया प्रयोग गरिएको छ । अध्ययनको सन्दर्भमा प्राप्त जानकारी र तथ्याङ्कहरुको परिणात्मक र गुणात्मक विश्लेषण गर्न मिश्रित विधिहरुको प्रयोग गरिएको । राजस्व सुधार कार्ययोजना तयार गर्ने क्रममा निम्न चरणहरु अपनाइएको छ ।

- पहिलो: सन्दर्भ सामग्रीको अध्ययन
- दोस्रो: अभिमुखीकरण तथा राजस्व सुधार योजना तर्जुमा कार्यशाला
- तेस्रो: तथ्याङ्क तथा सूचना सङ्कलन र विश्लेषण
- चौथो: राजस्व सुधार कार्ययोजना तयारी तथा राजस्व प्रक्षेपण
- पाचौं: मस्यौदा प्रतिवेदन तयारी
- छैठौं: मस्यौदा प्रतिवेदन माथि छलफल, सुझाव सङ्कलन
- सातौं: अन्तिम मस्यौदा तयारी, कार्यपालिका वैठकमा छलफल
- आठौं: सहजीकरण तथा समन्वय समितिमा अन्तिम सुझाव र कमेन्टका लागि पठाउने, प्राप्त सुझाव समावेश गरी नगरपालिका वा प्रदेश शुसासन केन्द्लाई स्वीकृतिको लागि पेश गर्ने ।

### १.४.१ सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन

अध्ययन कार्यको प्रथम चरणमा विज्ञ समूहबाट विभिन्न स्रोतहरुबाट सन्दर्भ सामाग्रीहरुको सङ्कलन तथा पुनरावलोकन गरिएको छ । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य सामाग्रीहरु देहाय अनुसार रहेका छन् :

- नगरपालिका वा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७६
- नेपालको संविधान, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी गरेका सम्बन्धित नमूना कानूनहरु
- बडीमालिका नगरपालिकाको पार्श्वचित्र, २०७६
- बडीमालिका नगरपालिकाको आय/व्यय विवरण (आ.व. २०७६/७७-२०७९/८०)
- बडीमालिका नगरपालिकाको नगरसभाबाट स्वीकृत भएको आ.व. २०८०/८१ का लागि निर्धारण गरिएको विभिन्न करहरुको दर रेट (आर्थिक ऐन २०८०)
- आन्तरिक राजस्व व्यवस्थापनको तेस्रो सुधार कार्ययोजना (२०७५/७६-२०७७/७८)
- राष्ट्रिय योजना आयोगको पन्ध्रौं/सोह्रौ योजना
- नेपाल सरकारको सङ्घीय नीति, ऐन, नियमावली, योजना, आदि

- सुदूर पश्चिम प्रदेशको आर्थिक ऐन, २०८०
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- एकीकृत आर्थिक सङ्केत तथा वर्गिकरण र व्याख्या, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०७६
- सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५

### १.४.२ नगरपालिकासँग सम्पर्क, छलफल र सूचना सङ्कलन विधि निर्धारण

नगरपालिकाका नगर प्रमुख तथा उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सूचना प्रविधि अधिकृत तथा आन्तरिक लेखा परीक्षकसँग लगायतसँग प्रत्यक्ष छलफल गरी नगरपालिकाकले हालसम्म परिचालन गरि आएका करका आधारहरु, राजस्व परिचालनको अवस्था, सुधार गर्न सकिने क्षेत्र, राजस्व प्रशासनको वर्तमान संरचना, यसमा सुधार गर्न सकिने क्षेत्र, पदाधिकारी तथा कर्मचारीको क्षमता विकासका सवालहरु र हाल तयार गर्न लागेको राजस्व सुधार कार्ययोजना तर्जुमा र यसको प्रक्रियाबारे जानकारी गराई नगरपालिकाको भूमिका सम्बन्धमा स्पष्ट पारिएको छ।

राजस्व सुधार कार्ययोजनाका लागि कार्यतालिका निर्धारण तथा कार्यजिम्मेवारी निर्धारण गरी आवश्यक सूचना सङ्कलन फाराम अनुसार सम्बन्धित सूचना, सामग्रीहरु आदिका आधारमा बडीमालिका नगरपालिकाको राजस्वको अवस्था बारे जानकारी हासिल हुनुका साथै मुख्य सवालहरु पहिचान गर्न मद्दत पुग्नेछ। आवश्यक सन्दर्भ सामग्रीहरुको अध्ययन तथा विश्लेषण पश्चात विज्ञहरुको टोलीबाट तथ्याङ्क तथा सूचना सङ्कलनका लागि आवश्यक फारामहरुको तयार गरी सो फारामलाई अन्तिम रुप दिन यस कार्ययोजना तयारीमा सङ्लग्न विज्ञहरुबीच आवश्यक छलफल र अन्तरक्रिया समेत गरिएको छ। सूचना सङ्कलनका लागि तयार गरिएको फारमहरु निम्नानुसार रहेका छन्।

- नगरपालिकाको परिचयको लागि आवश्यक आधारभूत र संस्थागत सूचना तथा मुख्य पदाधिकारीहरुसँगको परामर्शका लागि तयार गरिएको सूचना सङ्कलन चेकलिष्ट अनुसुची १ मा रहेको छ। यस सूचीमा मुख्यत: नगरपालिकाको संक्षिप्त परिचय, यसको गठन, राजस्व प्रशासनको अवस्था र विगत तीन आर्थिक वर्षको राजस्व परिचालनको स्थिति बारे जानकारी लिने उद्देश्यले यो फारमको प्रयोग गरिएको छ।
- राजस्वका शीर्षकगत समूह छलफलका लागि आवश्यक सूचनासँग सम्बन्धित फारम अनुसूची २ मा रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए अनुसार कर र गैरकरहरुको शीर्षकगत रुपमा वर्तमान समस्याहरु, सम्भावना, समाधानका लागि गर्नुपर्ने उपायहरु र जिम्मेवार निकायको पहिचान र कार्यान्वयनको समयावधीका बारेमा समूहगत रुपमा छलफल गर्नका लागि यो फारम प्रयोगमा ल्याईएको हो।

### १.४.३ तथ्याङ्क/ सूचना सङ्कलन

बडीमालिका नगरपालिकाको सङ्कलित विगतका आय तथा व्यय, आर्थिक ऐन तथा विनियोजन ऐन, नीति तथा कानूनहरु र पूर्वनिर्धारित प्रश्नावली तथा ढाँचामा नगरपालिका र वडास्तरका प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरु विश्लेषण गरिएको छ। यसबाट कार्ययोजना तर्जुमा सम्बन्धी अपुग सूचना, अस्पष्टता र मुख्य सवाल सम्बन्धी जानकरी प्राप्त भएको थियो। यी विषयमा थप प्रष्टताका लागि नगरपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतसँग भएको अन्तर्क्रियामा एक आपसमा प्रष्ट हुनुपर्ने विषय, नगरपालिकाले भोगिरहेका चुनौतीहरु, अपेक्षा र आवश्यकता बारेमा जानकारी आदान प्रदान गरिएको छ। त्यसपछि सबै प्राप्त सूचनाहरु र अन्तर्क्रियाबाट प्राप्त वस्तुस्थित बारेको थप स्पष्टता पछि केही अझ स्पष्ट हुनुपर्ने विषयहरु नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत तथा लेखा अधिकृतसँग टेलिफोन छलफल र संवाद गरी स्पष्ट गरी सोही आधारमा राजस्व सुधार कार्ययोजनाको प्रतिवेदन तयार गरिएको छ।

### १.४.४ राजस्व सुधार कार्ययोजना तयारी तथा राजस्व प्रक्षेपण

सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन, नगरपालिकासँग सम्पर्क, छलफल र सूचना सङ्कलन विधि निर्धारण र तथ्याङ्क/सूचना सङ्कलन लगायतका क्रियाकलापहरु तथा प्राप्त सूचनाको विश्लेषणका आधारमा पहिचान भएको वार्षिक कूल सम्भाव्यता र स्रोतबाट प्राप्त हुन सक्ने राजस्वलाई आगामी तीन वार्षिक वर्षका लागि प्रक्षेपण गरिएको छ। साथै, तयार भएको मस्यौदा प्रतिवेदन नगरपालिकामा समेत प्रस्तुतिकरण गरी प्राप्त सुझावहरु संकलन गरी अन्तिम प्रतिवेदन समावेश गरिएको छ।

### १.४.५ राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन तथा अनुशरण

राजस्व सुधार कार्ययोजनालाई नगरपालिकाले आवश्यक छलफल तथा स्वीकृति गरी कार्यान्वयन गर्ने र कार्ययोजना बमोजिम कार्य भए नभएको भन्ने बारेमा समय समयमा समीक्षा र आवश्यकता अनुसार सुधारका लागि छलफल गर्न नियमित रुपमा गर्नुपर्ने अनुगमन सम्बन्धी सुझाव समेत प्रस्ताव गरिएको छ। राजस्व सुधार कार्ययोजना कार्यान्वयन गर्दा चाल्नुपर्ने रणनीति र क्रियाकलाप तथा राजस्व परिचालनका सम्बन्धमा बडीमालिका नगरपालिकाको पदाधिकारी तथा कर्मचारीहरुलाई प्रशिक्षण गर्ने कार्य समेत भएको छ।

## १.५ राजस्व सुधार योजनाका सीमाहरु

बडीमालिका नगरपालिकाको राजस्व सुधार कार्ययोजना निम्नानुसारका सीमामा रही तयार गरिएको छ।

- अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज, प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूमा आधारित रहेको छ।
- नगरपालिकाको कार्यालयबाट प्राप्त अभिलेख तथा दस्तावेज, अन्तरवार्ता, नगरपालिकाका पदाधिकारीहरु तथा सम्बन्धित कर्मचारीहरु र अन्य सरोकारवालाहरुसँग गरिएको अन्तरक्रिया तथा

कार्याशालाबाट प्राप्त सूचनाको आधारमा तयार गरिएको छ। यसका अलावा प्रदेश सुशासन केन्द्र तथा पालिकामा मस्यौदा प्रतिवेदन प्रस्तुतिकरण गरी प्राप्त सुझावहरु समेत सङ्लग्न गरिएको छ।

- नगरपालिकाको जनसङ्ख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, नगरपालिकाको सेवामा हुने वृद्धि र नागरिक सन्तुष्टिमा हुने वृद्धि, मूल्याङ्कन दरमा हुने वृद्धि तथा राजस्व दरको पुनरावलोकन आदि कृयाकलापहरूले भविष्यको राजस्व सङ्कलनमा असर समेत पर्नुका साथै कतिपय तथ्याङ्कहरू उपलब्ध नभएकोले आय प्रक्षेपण अनुमानमा आधारित भै गरिएको छ।

# परिच्छेद २. नगरपालिकाको विद्यमान अवस्था

## २.१ संक्षिप्त परिचय

बडीमालिका नगरपालिकाको राजस्व सम्भाव्यता पहिचान, परिचालन र व्यवस्थापनका लागि नगरपालिकाको वस्तुस्थिति, आर्थिक गतिविधि, मानवीय संसाधान तथा भौतिक स्रोत साधन लगायतको महत्वपूर्ण भूमिका रहन्छ । यस परिच्छेदमा नगरपालिकाको संक्षिप्त परिचय, मानव संसाधनको अवस्था र नगरपालिकाको भौतिक सम्पत्तिको अवस्था प्रस्तुत गरिएको छ ।

बडिमालिका नगरपालिकाको राजस्व सम्भाव्यता पहिचान, परिचालन र व्यवस्थापनका लागि नगरपालिकाको वि.स.२०७१ साल मंसिर १६ गते बाजरा जिल्लाका मार्तडी, जुगाडा र वुढिगंगा गाविसहरु मिलेर बाजुरा जिल्ला कै पहिलो नगरपालिकाको रुपमा घोषण भएको बाजरा जिल्लाको सदरमुकाम समेत वडिम नगरपालिकामा तत्कालिन समयमा १२ वटा वडामा विभाजित थियो । स्थानिय तह निर्धारण तथा सिफारिसका आधारमा नेपाल सरकारले मुलुक भरी ७४४ तह घोषण गर्दा बडिमालिका नगरपालिकालाई पनि केही हेरफेर गरी सिफारिस गर्दा साविकको वडा नं. १ लाई गौमुल गाँउपालिकामा समावेश गरी बडिमालिका नगरपालिकाका साविकका वडाहरुलाई एकआपसमा गाभि ९ वटा वडामा विभाजन गरिएको छ । साविकका जुगाडा, वुडिगंगा र मार्तडी गाविसका तपशिल वडाहरुलई नयाँ नगरपालिकाका तपशिलका वडामा विभाजन गरिएको छ ।

तालिका १: साविकको नगरपालिका तथा वडा बिभाजन

| वडा नं. | साविकको गा बि. स नगरपालिका | साकिको वडा | कैफियत |
|---|---|---|---|
| १ | जुगाडा | ३,४,५ | |
| २ | जुगाडा | १,२ | |
| ३ | जुगाडा | ८,९ | |
| ४ | वुडिगंगा | ४,५ | |
| ५ | वुडिगंगा | १,२,३ | |
| ६ | वुडिगंगा | ६,७,८,९ | |
| ७ | मार्तडी गाविस | १,२ | |
| ८ | मार्तडी | ४,५,६,७ | |
| ९ | मार्रडी | ३,८,९ | |

*स्रोत: नगरपालिका संबन्धि जानकारी, केन्द्रिय तथ्याङ्क विभाग, २०८०*

बडिमालिका नगरपालिकाको नाम बडिमालिका माताको नामसंग जोडिएको छ । साविकको मार्तडी र वुडीगंगा गाविसमा रहेको मालिका धार्मिक स्थलको नामबाट यस नगरपालिका नगरपालिकाको नामाकरण गरिएको हो । नगरपालिका निर्धारण तथा सिफारिस प्राविधिक समितिको बैठकबाट उक्त नामबाट साविकका जुगाडा, वुढिगंगा र

सदरमुकाम रहेको मार्तडी गाविस गाभेर नगरपालिकाको सिफारिस गरेकोमा नेपाल सरकारले सोही नामबाट यस नगरपालिकाको घोषणा गरेको थियो।

### २.१.१ अवस्थिति, भौगोलिक तथा प्रशासनिक विभाजन

बाजुरा जिल्लामा रहेका ९ वटा स्थानिय तहरु मध्ये बडिमालिका नगरपालिका नगरपालिका पनि एक हो। यस नगर पालिका पूर्वमा बुढिनन्दा नगरपालिका र पाण्डवगुफा गाउपालिका, पश्चिममा गौमुल गाउपालिका, छेडेदह गाउपालिका र बुडिगंगा नगरपालिका, उत्तरमा गौमुल गाउपालिका र बुढिनन्दा नगरपलिका र दक्षिणमा त्रिवेणी नगरपालिका सँग जोडिएको छ। यो नगरपालिका समुद्रि सतह देखि १०८० मिटर देखि ४३६० मि. सम्म फौलिएको छ।

बाजुरा जिल्लामा विद्यमान ९ स्थानीय तहहरु (४ नगरपालिका र ५ गाउँपालिका) मध्ये श्री बडीमालिका र बुढीनन्दा भगवती जस्ता धार्मिक धरोहर, सांस्कृतिक गौरव एंव छेडेदह, नाटेश्वरी जस्ता मनोरम प्राकृतिक सुन्दरताले भरिएको र पर्यटकिय क्षेत्र खप्तड राष्टिय निकुंज सन्निकट रहेको, कर्णाली बुडीगंगा जस्ता नदी तथा खोलानालाको अगाध जलधीका साथै विविध प्रकारका जडीबुटीयुक्त प्राकृतिक सुन्दरताले भरिपुर्ण सुन्दर सुदुर पश्चिमको हिमाली जिल्ला बाजुराको सदरमुकाम रहेको साविक मार्तडी गाविस, जुगाडा र बुडीगंगा गाविस समेतलाई समेटी नेपाल सरकार मन्त्री परिषदको मिति २०७१ साल मंसिर १६ गतेको निर्णय अनुसार नगरपालिका घोषणा भएको बाजुरा जिल्लाको जेठो नगरपालिका हो। धार्मिक आस्थाको केन्द्र विन्दु मानिने बडीमालिका माताको नामबाट नामाकरण गरिएको छ। ९ वटा वडा भएको यस बडिमालिका साविकको बडिमालिका नगरपालिका वार्ड नं २ देखि १२ सम्मका वार्डहरू समावेश गरिएका छन्। यस नगरपालिकाको पूर्वमा बुढीनन्दा नगरपालिका र पाण्डव गुफा गाँउपालिका पश्चिममा गौमुल गाँउपालिका, खप्तड छेडेदह गाँउपालिका र बुढीगंगा नगरपालिका उत्तरमा बुढीनन्दा नगरपालिका र गौमुल गाँउपालिका पर्दछन् भने दक्षीणमा त्रिवेणी नगरपालिका रहेको छ। जिल्लाको सदरमुकाममा अवस्थीत नगरपालिका भए पनि भौगोलिक विकटताका कारण क्षेत्रफलको हिसावले यस नगरपालिकाको केन्द्र मार्तडी सबै वडा बाट समान दुरीमा छैनन्। नगरपालिकाको प्रशासनिक विभाजन देहाय बमोजिम रहेको छ।

यस नगरपालिकाको अधिकांस भुभाग उच्च पहाडी क्षेत्रमा पर्दछ। यस नगरपालिकाको अधिकांश भुभाग भिरालो रहेको छ। कहि कहि खोला तथा  नदी किनारमा भने साना साना फाट तथा खोचँहरु पनि रहेका छन। यस नगरपालिकामा वनजंगलले मात्र ६० प्रतिशत भुभाग ओगटेको छ। घासे भुभाग, वुट्यान र उजाड भुभागले पनि २८.३३ प्रतिशत ओगटेको छ। चट्टानले ०.०७ प्रतिशत ओगटेको छ।

यस नगरको अधिकांश भूभाग उच्च पहाडि क्षेत्र भित्र पर्दछ। यो नगरपालिका २४६२०२.५६७६००मि. पश्चमी देशान्तर देखि २६६५९५.९०४६७७ मि.पूर्वी देशान्तर सम्म फौलिएको छ भने ३२७०३६४.४८६३०३ मि. उत्तर देखि ३२४९६६.६७६२१६६ मि. दक्षिणी अक्षांश सम्म फौलिएको छ। यो नगरपालिका २७६ वर्ग किलोमिटर क्षेत्रफलमा फौलिएको छ।

तालिका २: वडा विभाजन तथा भौगोलिक अवस्था सम्बन्धी विवरण

| वडा नं. | साविक निकाय | समावेश भएको वडा | क्षेत्रफल (व. किमी) |
|---|---|---|---|
| १ | बडीमालिका न. पा. | २ | १५.६० |
| २ | बडीमालिका न. पा. | ३ | १८.५८ |
| ३ | बडीमालिका न. पा. | ४ | २७.२२ |
| ४ | बडीमालिका न. पा. | ५ | ६.७४ |
| ५ | बडीमालिका न. पा. | ६ | १७.४५ |
| ६ | बडीमालिका न. पा. | ७, ८ | ७५.६३ |
| ७ | बडीमालिका न. पा. | ९ | ६७.४३ |
| ८ | बडीमालिका न. पा. | १०, ११ | ४०.०५ |
| ९ | बडीमालिका न. पा. | १२ | ७.३१ |
| न. पा. को जम्मा | | | २७६ |

*स्रोत: नगरपालिका संबन्धि जानकारी, केन्द्रिय तथ्याङ्क विभाग, २०८०*

यस नगरपालिकामा वडा नम्बर ४ क्षेत्रफलका दृष्टिकोणले सबैभन्दा सानो (६.७ ४ वर्गकिमी) रहेको छ भने वडा नम्बर ६ सबैभन्दा ठूलो (७५.६३ वर्ग किलोमिटर) रहेको छ ।




*चित्र ४: नक्शा (बडीमालिका नगरपालिकाको अवस्थिति)*
*स्रोत: बडीमालिका नगरपालिका, २०८०*

### २.१.२ जनसङ्ख्या, जातजाति तथा भाषाभाषी

जनसङ्ख्याको तुलनामा राष्ट्रिय जनगणना २०७८ अनुसार यो नगरपालिका जिल्लामा तेस्रो स्थानमा पर्दछ । जातीय रुपमा उपाध्याय, पण्डित, जैशी, हमाल, बम, रावल, धामी, बुढा, रोकाया, भण्डारी, कार्की, बडुवाल, सावद, कठायत, खत्री, खडका, थापा, ल्वार, सार्की, वि.क, , दमाई, महत, गुयाल, ऐडी, सिहं, शाही, वोहरा, नाथ, गरी, वली, दानी, उखेडा, चदारा,विष्ट, वोगटी, ताम्राकार, तिरुवा, परी, मिजार, राना, रेग्मी, श्रेष्ठ, भोटे, भारति, देउवा, रावत लगायत ६५ जात जातीहरुको बसोबास रहेको छ ।

तालिका ३: केही मुख्य सूचकहरू

| जम्मा परिवार सङ्ख्या | ४०४६ | जम्मा साक्षरता दर | ७७.३० प्रतिशत |
|---|---|---|---|
| जम्मा जनसङ्ख्या | १८४१४ | पुरुष | ८५.७० प्रतिशत |
| पुरुषको सङ्ख्या | ९,२४९ | महिला | ६८.९४% |
| महिलाको संख्या | ९,१६५ | जनघनत्व | ६७ जना प्रतिवर्ग मिटर |
| स्वास्थ्यचौकी | ३ | एम्बुलेन्स | ३ |
| वार्षिक जनसङ्ख्या वृद्धिदर | ० दशमलव ८७ | नगरपालिकाको क्षेत्रफल | २७६ वर्ग किलोमिटर |
| प्रसुति केन्द्र | ८ | पालिकाका जम्मा वडा | ९ |

*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, जिल्ला वस्तुगत विवरण बाजुरा, २०८०*

यस नगर पालिकाको ९ वडाहरूमा रहेका ४०४६ घरपरिवारमा अक्सर बसोबास गर्ने कूल १४,७१८ जनसंख्या रहेको छ । यस नगरपालिकामा सबैभन्दा धैरै जनसङ्ख्या वडा नम्बर ८ मा ५०२७ रहेका छन् भने सबैभन्दा थोरै जनसङ्ख्या वडा नम्बर ४ मा ७२२ रहेका छन् । साथै सबैभन्दा धैरै परिवारको संख्या पनि वडा नम्बर ८ मा १२३९ परिवार रहेका छन् भने सबैभन्दा थोरै परिवारको सङ्ख्या वडा नम्बर ४ मा नै रहेको छ । जसमा यो सङ्ख्या केवल १९८ मात्र रहेको छ । तथ्याङ्कलाई हेर्दा लैङ्गिक अनुपात प्रति १०० जना महिलाहरूमा पुरुषको जनसंख्या बढि अर्थात १००.९२ जना देखिन्छ । अर्कोतर्फ प्रतिवर्ग किलोमिटर क्षेत्रफलमा ६६.७२ जनाको दरमा जनघनत्व रहेको देखिन्छ । अर्थात् नगरपालिकाको कूल क्षेत्रफलले कूल जनसंख्यालाई भाग गर्दा प्रतिवर्ग किलोमिटर क्षेत्रफलमा ६६.७२ जनसंख्या पर्न आउँछ । प्रति १०० जना महिलाहरूमा पुरुषको जनसंख्या लिङ्ग अनुपात पनि सबैभन्दा धैरै वडा नम्बर ८ मा १०९.३७ र सबैभन्दा कम लिङ्ग अनुपात वडा नम्बर ४ मा ९२.५३ रहेको छ। जनघनत्वको दृष्टिकोणले यो नगरपालिकामा वडा नम्बर ९ सबैभन्दा माथि रहेको छ । जसको जनघनत्व ४०४.२४ रहेको छ भने सबैभन्दा कम जनघनत्व वडा नम्बर ६ मा ३४.३१ रहेको छ ।

तालिका ४: यस नगरपालिकाको वडाअनुसार जनसङ्ख्याको विवरण

| वडा नं. | परिवार सङ्ख्या | जनसङ्ख्या जम्मा | जनसङ्ख्या पुरुष | जनसङ्ख्या महिला | औषत परिवार | लिङ्ग अनुपात | जनघनत्व (प्रति व.किमी |
|---|---|---|---|---|---|---|---|
| १ | ३६१ | १७४० | ८६३ | ८७७ | ४.८२ | ९८.४ | १११.५४ |
| २ | २२७ | ११०४ | ५५७ | ५४७ | ४.८६ | १०१.८३ | ५९.४२ |
| ३ | १९८ | ९७१ | ४८४ | ४८७ | ४.९ | ९९.३८ | ३५.६७ |
| **४** | १८० | **७२२** | ३७५ | ३७५ | ४.०१ | ९२.५३ | १०७.१२ |
| ५ | २२३ | ९५९ | ४९५ | ४९५ | ४.३ | ९३.७४ | ५४.९६ |
| ६ | ५०९ | २५९५ | १३२५ | १३२५ | ५.१ | ९५.८५ | ३४.३१ |
| ७ | ४५७ | २३४१ | ११८५ | ११८५ | ५.१२ | ९७.५५ | ३४.७२ |
| **८** | १२३९ | **५०२७** | २४०१ | २४०१ | ४.०६ | १०९.३७ | १२५.५२ |
| ९ | ६५२ | २९५५ | १४७३ | १४७३ | ४.५३ | १००.६१ | ४०४.२४ |
| जम्मा | ४०४६ | १८४१४ | ९२४९ | ९१६५ | ४.५५ | १००.९२ | ६६.७२ |

*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, जिल्ला वस्तुगत विवरण बाजुरा २०८०*

नगरपालिकामा जातजातिका आधारमा जनसंख्याको विवरणलाई हेर्दा सबैभन्दा धेरै ९५९६ अर्थात ५२.११ प्रतिशत नेपाली भाषी र दोस्रोमा अन्य भाषी अर्थात ४७.८९ प्रतिशत हरूको बसोबास रहेको छ। यसरी जातिय हिसाबले विविधतायुक्त समाजमा तामाङ, भोटे, राई, लिम्बु, झागड, बाजुरेली भाषाहरु पर्दछन। स्थानीयहरू सामाजिक सहिष्णुताका साथ वसेको पाइन्छ। खस, ब्राह्मण, क्षेत्री, तामाङ, झागड, मगर जस्ता जनजातिहरूको थातथलोको रुपमा समेत रहेको यो नगरपालिकामा अन्य जनजातिहरूको लगायत अन्य जातजातिको मौलिक संस्कृति, परम्परा, भाषा र रहनसहन रहेको छ। यसैगरि हिन्दु धर्मावलम्बीहरु झण्डै ९८ प्रतिशत र अन्य २ प्रतिशत मात्र रहेका छन। यसमा पनि बौद्ध धर्मावलम्बीहरु धेरै छन भने केहिको संख्यामा ईसाइहरु पनि अस्तित्वमा रहेका देखिन्छन।

तालिका ५: प्रमुख जातजाति अनुसार जनसंख्याको अबस्था

| क्र. स. | पहाडी, ठकुरी, सन्यासी | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | क्षेत्री | १०६६० | ६१.७६ |
| २ | ब्राम्हण् | १६५५ | ९.५९ |
| ३ | लुहार | १३२५ | ७.६८ |
| ४ | कामी | ९९८ | ५.७८ |
| ५ | दमाई/ढोली | ६२१ | ३.६० |

| | | | |
|---|---|---|---|
| ६ | ठकुरी | ४५२ | २.६२ |
| ७ | सन्यासी/दशनामी | ३४२ | १.९८ |
| ८ | वादी | २८७ | १.६६ |
| ९ | सार्की | २६१ | १.५१ |
| १० | भोटे | २३६ | १.३७ |
| ११ | दलित अन्य | १८१ | १.०५ |
| १२ | अन्य | २४१ | १.४० |
| जम्मा | | १७२५९ | १०० |

*नोटः संस्थागत जनसँङ्ख्यासमेत समावेश गरिएको*

*स्रोतः जिल्ला निर्वाचन कार्यालय २०७८, बाजुरा*

### २.१.३ प्राकृतिक श्रोत, कृषि, वन वातावरण र खाद्य सुरक्षा

बडिमालिका नगरपालिकाको कुल क्षेत्रफल २७५१९.१५ हे.मध्ये १६५४६.८७ हे. क्षेत्रफल वनजङ्गल, ८५.३८ हे.क्षेत्रफल वलौटे जमिन, २०.३० हे. भिर तथा चट्टान, ४३९३.१५ हे. घाँसे क्षेत्र, ३०९३.०६ हे. वुट्यान तथा झाडी ३११.७६ हे.उजाड भुमि र ३०६८.६० हेक्टर खेतीयोग्य जमिनले ओगटेकोछ। यस नगरपालिकामा ८९.९ प्रतिशत मानिसहरु कृषि पेशामा संलग्न छन्। यस नगरपालिकाका कृषि वाहेक ज्यालादारी तथा मौसमी रोजगार, व्यापारव्यवशाय, जागिर तथा अन्य सापटीबाट जीविकोपार्जन गरेका छन्। कृषि र गैरकृषिजन्य व्यवसाय प्रवर्द्धनकालागि यस नगरपालिकामा ३ वटा एग्रोभेट, एउटा रस्टिक स्टोर एउटा तरकारी संकलनकेन्द्र रहेका छन। बडिमालिका नगरपालिकामा एउटा डेरी रहेको भए पनि व्यवस्थित नहुदा यहाँका किसानहरुले दुध वेच्न घर घर धाउनु परेको छ। बडीमालिका नगरपालिका भित्र पाटा, मना, तिपाडा, रजाली जिल्ली आदि स्थानमा पहिरोले गर्दा वर्षेनी जिवन प्रभावित हुने गर्दछ भने वाउली, पिपाडी खोला खोलाले समेत बर्षातमा धन जनको क्षति गरिरहेको पाईन्छ। बर्षातको समयमा वाढी तथा अनावृष्टि अतिवृष्टिले समेत यस नगरपालिकामा बर्षेनी धनजनको क्षति गरिरहेको हुन्छ। यस नगरपालिकाका घरधुरीहरु १७ वटा सामुदायिक वन र एउटा कवुलियति वनमा आवद्ध छन्। जलवायु परिवर्तन र त्यसको असर न्यूनिकरण गर्ने संस्थागत एवं विशेष कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ।

### २.१.४ भाषा, धर्म, सँस्कृति तथा प्राकृतिक सम्पदाहरु

यस नगरपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन्। यहाँ ९८ प्रतिशत हिन्दू धर्म मान्ने मानिसहरू रहेका छन् भने त्यस्तै क्रिस्चियन र इस्लाम धर्म मान्ने मानिसहरू पनि छन्। सबै जातजाति र सम्प्रदायका आ–आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू छन्। जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ, होली, चैते दशैं, साउने–माघे सक्रान्ती, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी–हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, नयाँ वषर्, सोह्रश्राद्ध, छोनाम (न्वागी), कूल–थानी पूजा, संकट पूजा, बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरू, क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष, आदि

चाडपर्वहरू रहेका छन् । यो नगरपलिका सँस्कृति, कला, भाषाका दृष्टिकोणले धनी नगरपालिकाका रुपमा रहेको छ । नगरपालिकामा विभिन्न किसिमका जातजाति, धर्म र भाषाभाषी बोल्ने परिवारहरूको बसोबास रहेको छ जसमध्ये नेपाली भाषी ९७.४२ % र सबैभन्दा कम हिन्दी भाषी र नेवारी भाषी ०.०८ % रहेका छन । आ–आफ्नो जाति तथा धार्मिक आस्था अनुरुप विभिन्न संस्कृति अवलम्बन गरेको देखिन्छ ।

तालिका ६: भाषागत जनसंख्या वितरण

| क्रम सङ्ख्या | मातृभाषा | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | १६,८१४ | ९७.४२ |
| २ | शेर्पा | २०१ | १.१६ |
| ३ | डोटेली | ७३ | ०.४२ |
| ४ | थारु | ३१ | ०.१८ |
| ५ | गुरुङ | २८ | ०.१६ |
| ६ | मैथिली | २७ | ०.१६ |
| ७ | तामाङ | १७ | ०.१० |
| ८ | साङ्केतिक | १६ | ०.०९ |
| ९ | नेवार | १४ | ०.०८ |
| १० | हिन्दी | १३ | ०.०८ |
| ११ | अन्य | २५ | ०.१४ |
| जम्मा | | १७२५९ | १०० |

*स्रोतः जिल्ला निर्वाचन कार्यालय २०७८, बाजुरा*

एउटा विशिष्ट भौगोलिक संरचनाले श्रृजना गरेको हावापानी, जनजीवन, वन वनस्पति र वन्यजन्तु तथा साँस्कृतिक विविधताको कारण नेपाल विश्वमा नै एउटा पर्यटकीय गन्तब्य स्थलकोरुपमा परिचित छ । पर्यटन हाम्रो लागि प्रकृतिले प्रदान गरेको बरदान हो । अत्यन्त रमणीय विश्वकै उच्च हिमश्रृंखलाहरू, अनवरत बग्ने कञ्चन हिम नदीहरू, झर्ना, तालतलैया, प्राकृतिक गुफा, विविधतायुक्त वन जंगल यहाँको प्राकृतिक निधिहरू हुने यहाँको संस्कृति, जाति तथा रहनसहनसमेत पर्यटनका आकर्षक पक्षहरू हुन् । यी सम्पूर्ण पर्यटकीय सम्पतिको पूर्ण सदुपयोग गरेमा देशको आर्थिक सम्वृद्धिमा उल्लेखनीय योगदान पुऱ्याई देशको अर्थतन्त्रलाई सबल बनाउन सकिने निश्चित छ । तसर्थ पर्यटन नीति २०६५ ले मुलभूतरुपमा पर्यटन मार्फत स्वरोजगार श्रृजना, गरिबी निवारण, मूर्त तथा अमूर्त सम्पदाको खोज अनुसन्धान, हवाई तथा स्थलमार्गको थप विकास र विस्तार गर्ने र पर्यटन पूर्वाधारलाई दिगो विकासको अवधारणा अनुरुप अगाडि बढाउने उद्देश्य लिएको छ ।

## २.१.५ आर्थिक अवस्था

नगरपालिकाको अर्थतन्त्र मुख्यतयाः कृषि, उद्योग, व्यापार, पर्यटन सेवामूलक व्यवसाय, नोकरी, निर्माण, थोक, खुद्रा बजार, होटल, रेस्टुरेन्ट, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उपयुक्त हावापानी, माटोको बनोट भएकाले भएको यस नगरपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको क्षेत्रहरूमा नगरपालिकामा ११०७ घरपरिवारको अफ्नै कृषि योग्य जमिन रहेको छ भने बाँकि २९३९ घर परिवारको खेति योग्य जमिन छैन। प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन । यस परिवेशमा आधुनिक कृषि तथा पशुपालनलाई बडी जोड दिनुपर्दछ। नगरपालिकामा रहेका प्राकृतिक स्रोत, सिमसार क्षेत्र, जैविक विविधताले नगर पालिकाको विकासमा थप सम्भावना बोकेको छ। मील, फर्निचर उद्योग, क्रसर उद्योग, कुखुरा पालन, पशुपालन आदि यस नगरपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरू हुन्। यस नगरपालिकाका मानिसहरू क्रमश साना उद्योगहरूको विकासतर्फ लागिरहेका छन्। यस नगरपालिकाका मुख्य आर्थिक क्रियाकलापहरूमा कृषि, व्यापार व्यवसाय, नोकरी र विकल्पमा वैदेशिक रोजगार रहेको देखिन्छ।

नगरपालिकाको अर्थतन्त्रमा प्राकृतिक सम्पदाको संरक्षण गरी वैज्ञानिक दिगो कृषि प्रणालीलाई नै मेरुदण्डको रुपमा लिन सकिन्छ। कृषि, पशुजन्य कच्चा पदार्थको उपलब्धता, नगरपालिकाका सबैजसो वडाहरूमा सडक, विजुली, पानीलगायत आधारभूत औद्योगिक पूर्वाधारको क्रमिक विकास तथा उद्योग स्थापनाका लागि पर्याप्त सम्भाव्य जमिन यस नगरपालिकामा रहेको हुँदा नगरपालिकामा कृषि, पशुलगायतको उद्योगका साथै शैक्षिक र औषधीय पर्यटन समेतको विकासको सम्भावना रहेको छ। अर्थतन्त्रका यिनै विशिष्ट क्षेत्रहरूमा नगरपालिकाको विशिष्टता एवं प्राथमिकता केन्द्रित गरी आर्थिक विकासको आयामहरुलाई अगाडि बढाउँदै लग्नुपर्दछ।

तालिका ७: पेशाअनुसार जनसंख्याको विबरण

| वार्ड | कृषि तथा पशुपालन | नोकरी जागिर | उद्योग व्यापार | ज्याला मजदुरी | व्यवसायिक कार्य (पत्रकार, वकिल, परामर्श, ठेक्का, पुजारी) | ज्येष्ठ नागरिक | अन्य | विद्यार्थी (अध्ययनरत) | गृहिणी | पेन्सिनियर | बेरोजगार | बैदेशिक | कम उमेर | कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ९५४ | १३१ | ८४ | ८० | १ | | | ८७८ | ८ | १ | ४ | | | २१४१ |
| २ | ३८८ | ७५ | २९ | २२९ | १ | | | ६०६ | ४२ | ८ | २६ | | | १४०४ |
| ३ | २७२ | ८५ | २६ | ९५ | ३ | | | ४५३ | १०३ | ३ | ८४ | | | ११२४ |
| ४ | ३१२ | ४५ | १८ | ५ | २ | | | २९८ | | | २ | | | ६८२ |
| ५ | ७५० | २१ | १६ | ३० | १ | | | १४२ | | | १४ | | | ९७४ |
| ६ | ९८९ | ४२ | १४ | १३ | | | | ६१७ | १ | | ४ | | | १६८० |
| ७ | ११७६ | १३३ | ३२ | ४७ | ३ | | | १०६५ | ४ | ४ | १५ | | | २४७९ |
| ८ | ६९४ | १९१ | ७५ | ८७ | ६ | | | ९१४ | ८ | २० | ११७ | | | २११२ |
| ९ | ८१७ | ६२ | १४ | २८ | १० | | | ८८९ | २ | ३ | ५०७ | | | २३३२ |
| कुल | ६३३२ | ७८५ | ३०८ | ६१४ | २७ | ० | ० | ५८६२ | १६८ | ३९ | ७७३ | 0 | 0 | १६९४४ |

*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, जिल्ला वस्तुगत विवरण बाजुरा २०८०*

आर्थिक विकास अन्तर्गत स–साना उद्योगहरु, सेवामूलक व्यवसाय, नोकरी, व्यापार शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, बैदेशिक रोजगार लगायत थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू प्रशस्त रहेका छन्।समग्रमा यस नगरपालिकाको ग्रामीण क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या अझै उच्च रहेको छ । नगरपालिकामा रहेको खेतीयोग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ । आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन । जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।

नगरपालिकामा भएका नदी तथा खोलाका पानी संकलन गरी माछापालन, सिंचाइ, पर्यटन प्रवर्द्धन लगायत जीविकोपार्जन र आर्थिक विकासका विविध क्षेत्रहरूमा परिचालन गर्न सकिने अवस्था रहेको छ । माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र अन्य क्षेत्रबाट आयात हुने माछा प्रतिस्थापन भई नगरकै माछाले बजार लिने सम्भावना रहेको छ । नगरपालिकाको विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्र भएको कारणले यहाँ पर्यटनको विशिष्ट सम्भावना रहेको छ । नगरपालिकाको आसपासमा पर्यटकीय होटेल व्यवसायहरुबाट प्रशस्त लाभ लिन सकिने सम्भावना रहेको छ।

### २.१.६ सामाजिक अवस्था (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई)

बडिमालिका नगरपालिकामा ३५ वटा बालविकास केन्द्र,. ११ वटा प्रा.वि.,७..वटा नि.मा.वि.र १०.. वटा मा.वि . र एउटा वहुमुखी क्याम्पस रहेका छन् जसमा जम्मा ५३.वटा भवन र २५३ वटा कक्षा कोठा रहेका छन् । ८४.७ प्रतिशत साक्षरता रहेको यस नगरपालिकामा महिला साक्षरता ८०.९ प्रतिशत छ । नगरापालिकामा लगभग ९६ प्रतिशत जनसंख्यामा एकिकृत स्वास्थ्य सेवा पुगेकाले बाल मृत्युदर र मातृ मृत्यु दरमा कमी आएको देखिन्छ । नगरपालिकाबाट स्वास्थ्य सेवाको पहुँच औषत आधा घण्टाको समयमा पुगे तापनि थप तालिम प्राप्त स्वास्थ्यकर्मी, औषधी, उपकरण एवं भौतिक पूर्वाधार आदिको थप व्यवस्था गर्नु पर्ने देखिन्छ । नगरपालिकामा ४० प्रतिशत जनसंख्या कुपोषणबाट प्रभावित देखिन्छ।

नगरपालिकामा शिक्षा क्षेत्रमा धेरै प्रयास भएता पनि अपेक्षित उपलब्धि भने प्राप्त गर्न सकिएको छैन । तथापि योजनाबद्ध रूपमा शैक्षिक पूर्वाधार एवम् सेवा विस्तार गर्ने प्रयास हुँदै आएको छ । योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक माध्यमको रूपमा नीतिगत रूपमा अबलम्बन गरिएको छ । शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ।

यस नगरपालिकामा पूर्व प्राथमिक शिक्षामा अवसर पाउनेको सङ्ख्या कुल २१३८ रहेको छ। जसमा सबैभन्दा कम वार्ड नम्बर ९ मा ५९ जना र सबैभन्दा धेरै वडा नम्बर ८ मा ३९१ जना रहेका छन्। एमफिल वा सोभन्दा माथि शैक्षिक अवसर प्राप्त गर्नेहरूको संख्या ९ जना मात्र रहेको देखिन्छ। साथै यस नगरपालिकामा निरक्षरहरूको सङ्ख्या ३४३४ रहेको छ र साधारण लेखपढ गर्नेहरूको सङ्ख्या १८७३ जना रहेका छन्।

तालिका ८: वडागत शैक्षिक संरचना

| वार्ड | पूर्व प्रथमिक | आधारभूत तह | माध्यिमक तह | स्नातक तह | स्नातकोत्तर तह | एमफिल वा सो भन्दा माथि | प्राविधिक एसलसि | साधारण लेखपढ | निरक्षर | उमेर कम | कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३४५ | ४५४ | ६२७ | ११८ | १४ | १ | | १७८ | ४५५ | | २१९२ |
| २ | ३३५ | ३७२ | २६२ | १७३ | ९ | १ | १ | २१५ | १०३ | | १४७१ |
| ३ | २०४ | २७० | ४५६ | २९ | ३ | | ४ | १८० | ५८ | | १२०४ |
| ४ | ११५ | २२७ | २३३ | २९ | ४ | १ | ४ | ८ | १९२ | | ८१३ |
| ५ | ६४ | १०६ | १० | १ | | १ | १ | ८५ | ८९० | | ११५८ |
| ६ | २४३ | ४२५ | २५६ | ४८ | ११ | | २५ | २९० | ४७७ | | १७८५ |
| ७ | ३८२ | ४४६ | ७७७ | २०१ | ४५ | ३ | ५ | ६५६ | ८१ | | २५९६ |
| ८ | ३९१ | ४१८ | ६८९ | १६८ | ४३ | २ | ११ | १२१ | ४२७ | | २२७० |
| ९ | ५९ | ६७८ | ६९५ | ९३ | ९ | | ६ | १४० | ७५१ | | २४३१ |
| कुल | २१३८ | ३३९६ | ४००५ | ८६० | १३८ | ९ | ५७ | १८७३ | ३४३४ | ० | १६९४४ |

*स्रोतः जिल्ला निर्वाचन कार्यालय २०७८, बाजुरा*

पहाडी भेगमा अवस्थित बडीमालिका नगरपालिका सदरमुकाममा अवस्थित भएकोले गर्दा स्वास्थ्य अवस्था र स्वास्थ्य सेवामा अरु गाउँपालिका तथा नगरपालिकाको तुलनामा केही पहुँच रहेको देखिन्छ। नगरपालिकामा जिल्ला अस्पतालका साथसाथै अन्य सञ्चालित निजी फार्मेसी, क्लिनिक तथा पोलिक्लिनिकजस्ता स्वास्थ्य संस्थाहरूले सेवा पुऱ्याईरहेका छन्। ग्रामीण स्तरमा उपचारात्मक स्वास्थ्य स्थिति सामान्य रहेको छ भने नगरपालिकाको केन्द्र तथा बजार क्षेत्रमा निजी तथा सरकारी स्वाथ्य संस्थाको पहुँच ग्रामीण भेगभन्दा केही सहज देखिन्छ। यद्यपि नगरपालिकाको आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दीअनुसार स्वास्थ्यकर्मीहरू छैनन्। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्भेक्षणअनुसार करिब ५०% जनसंख्याले गैरसरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ। आर्थिक स्थिति मजबुत भएका तथा पहुँचवाला व्यक्तिहरू मात्र यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ।

यस क्षेत्रमा आपतकालीन प्रसुती सेवाको कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यदर सबैभन्दा प्रमुख कारण बनेको छ। समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरूको गम्भीरता सम्बन्धी बुझाइमा कमी, औषधी उपचार प्रणाली माथिको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागि लामो यात्रा गर्नुपर्ने सेवाको लागत, परम्परागत विश्वास, आदिका स्वास्थ्य क्षेत्रका समस्याहरू हुन्। नगरपालिकामा रहेको स्वास्थ्य केन्द्रमा विशेषज्ञ चिकित्सकहरूको संख्यामा कमी रहेको छ। दरबन्दीअनुसार डाक्टर लगायत स्वास्थ्यकर्मीहरू

उपलब्ध हुन सकेको छैन। हालसम्म अवस्ट्रेटीसियन वा अनेस्थेसिओलोजिस्ट छैनन् र पर्याप्त मात्रामा औषधीको आपूर्ति हुदैन। स्वास्थ्य संस्थाहरूमा औषधीको कमी मुख्य समस्याको रुपमा रहेको देखिन्छ। दूर्गम वडाहरूमा बस्ने परिवारहरूले स्वास्थ्य सेवाका लागि धेरै समय खर्चिनु पर्ने बाध्यता छ भने वर्षातको समयमा अझ कठिनाई झेल्नु पर्ने अवस्था छ।

तालिका ९: स्वास्थ्य संबन्धि संरचना

| वार्ड | औषधी पसल | धामी झाक्री | स्वास्थ्य चौकी | अस्पताल | बैधे | अन्य | कुल |
|---|---|---|---|---|---|---|---|
| १ | ४ | | २८६ | ८६ | | | ३७६ |
| २ | १ | | २६४ | १ | | | २६६ |
| ३ | २ | | २०२ | ८ | | | २१२ |
| ४ | २५ | १ | १२८ | | | | १५४ |
| ५ | १ | | | २५१ | | | २५२ |
| ६ | ४३ | १ | ३७३ | १ | | | ४१८ |
| ७ | | २ | २२४ | २५८ | | १ | ४८५ |
| ८ | १ | १ | १४९ | ३०४ | | | ४५५ |
| ९ | | १ | २२ | ५४४ | | | ५६७ |
| कुल | ७७ | ६ | १६४८ | १४५३ | ० | १ | ३१८५ |

*स्रोतः जिल्ला निर्वाचन कार्यालय २०७८, बाजुरा*

यस नगरपालिकामा औषधि पसलहरूको सङ्ख्या ७७ वटा रहेको छ। साथै यस नगरपालिकामा आफ्नो स्वास्थ्य उपचार गराउनका लागि धामी तथा झाँक्रीहरु माथि पनि विश्वास गर्ने गरेको देखिन्छ त्यसैले यसको संख्या ६ रहेको छ। स्वास्थ्य चौकीहरूको संख्या १६४८ वटा रहेको छ भने अस्पतालहरूको संख्या १४५३ वटा रहेको छ। सबैभन्दा धेरै औषधि पसल वडा नम्बर ६ मा रहेको छ भने सबैभन्दा धेरै स्वास्थ्य चौकी पनि वडा नम्बर ६ मा नै रहेको छ। तर अस्पतालहरूको सङ्ख्या भने सबैभन्दा धेरै वडा नम्बर ९ मा ५४४ वटा रहेको छ। यस नगरपालिकामा स्वस्थ मानिसको सङ्ख्या १६,७२१ छन् भने सामान्य रोग लागेका मानिसहरूको सङ्ख्या १७७ वटा र दीर्घ रोगीहरूको संख्या ५३ जना रहेको छ।

तालिका १०: रोग संबन्धि जानकारि

| वार्ड | स्वस्थ | सामान्य रोग लागेको | दीर्घ रोग लागेको | कोभिड - १९ (कोरोनाबाट संक्रमित) | कुल |
|---|---|---|---|---|---|
| १ | २३६१ | २७ | २ | | २३९० |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | १५०५ | ४३ | ५ | | १५५३ |
| ३ | १२७७ | | ४ | | १२८१ |
| ४ | ८४५ | ६ | १० | | ८६१ |
| ५ | १२२७ | १ | ५ | १ | १२३४ |
| ६ | १९३५ | ४ | २ | १ | १९४२ |
| ७ | २७२७ | २४ | २ | | २७५३ |
| ८ | २३५५ | ४१ | ८ | | २४०४ |
| ९ | २४८९ | ३१ | १५ | | २५३५ |
| कुल | १६७२१ | १७७ | ५३ | २ | १६९४४ |

*स्रोतः जिल्ला निर्वाचन कार्यालय २०७८, बाजुरा*

नगरपालिकामा रहेका ४०४६ घरपरिवारहरू मध्ये धारा/पाइप मार्फत आपूर्ति गरिएको पानी पिउनेको संख्या ब्यक्तिगत तथा सार्वजनिक गरि जम्मा झण्डै ३००० घरपरिवारले धारा/पाइपको पानी, ६५ वटा ईनार बाट मुलको पानिको प्रयोगकर्ता १९५ ले पिउने गर्दछन् । यद्यपि १९९४ को संख्यामा सार्वजनिक धारको पानी पिउने परिवार रहेका छन । अन्य श्रोत प्रयोग गर्नेको संख्या नगन्य रहेको छ ।

तालिका ११: खानेपानीको अबस्था

| वार्ड | पाएप धारा कम्पाउण्ड | पाएप धारा सार्बजानिक | टुब्वेल, हेन्ड पम्प | ढाकिएको इनार , कुवा | नढाकिएको इनार , कुवा | मुलको पानि | नदि खोला | अन्य | कुल |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २०५ | ९१ | | १३ | ६५ | १ | १ | | ३७६ |
| २ | १ | २६५ | | | | | | | २६६ |
| ३ | १३ | १९८ | | | | १ | | | २१२ |
| ४ | ९ | १४४ | १ | | | | | | १५४ |
| ५ | १३ | २३८ | | १ | | | | | २५२ |
| ६ | २९ | ३४३ | १ | | | ४५ | | | ४१८ |
| ७ | १५ | ३५० | | | | ११७ | ३ | | ४८५ |
| ८ | १५९ | २६६ | | | | ३० | | | ४५५ |
| ९ | ४६७ | ९९ | | | | १ | | | ५६७ |
| कुल | ९११ | १९९४ | २ | १४ | ६५ | १९५ | ४ | ० | ३१८५ |

*स्रोतः जिल्ला निर्वाचन कार्यालय २०७८, बाजुरा*

### २.१.७ सडक तथा यातायात

सडक सञ्जाल तथा यातायात आर्थिक विकास, सार्वजनिक सेवा प्रवाह र सामाजिक एकीकरणको माध्यम हो । विकासको आधारभूत पूर्वाधारको रूपमा रहेका यातायातका साधनहरूको माध्यमबाट क्षेत्रीय असमानता कम गर्न,

आर्थिक क्रियाकलापलाई गतिशीतला प्रदान गर्न र अन्य क्षेत्रको विकास तथा सेवा प्रवाहलाई सहज बनाउन सकिन्छ । हालसम्म नेपालमा सडकलाई यातायातको मुख्य माध्यमको रूपमा लिइदै आएको भए तापनि, हवाईमार्ग, रेलमार्ग, जलमार्ग, रज्जुमार्गजस्ता अन्य माध्यमहरूको विकासबाट पनि पर्याप्त फाइदा लिन सकिने सम्भावना रहेको छ । कुनै पनि क्षेत्रको आर्थिक सामाजिक विकासलाई गतिशिल बनाउन सार्वजनिक वस्तु तथा सेवा प्रवाहलाई सरल र सहज बनाउन कृषि तथा गैर कृषि क्षेत्रको विकास गर्न सडक तथा यातायात सेवा एउटा महत्वपूर्ण पूर्वाधारको रुपमा रहेको हुन्छ ।

यस नगरपालिकामा गोरेटो बाटो २००८ किलोमिटर, मोटरबाटो २४३ किलोमिटर, ग्रावेल बाटो ८ किलोमिटर साथै घोडेटो बाटो ६ किलोमिटर मात्र रहेको छ। यसरी यस नगरपालिकामा यातायातको अवस्थालाई धेरै राम्रो मान्न सकिदैन ।

तालिका १२: वाटोको अबस्था

| वार्ड | कालोपत्रे | गोरेटो बाटो | मोटरबाटो | ग्राभेल बाटो | घोडेटो | कुल (अन्य सहित) |
|---|---|---|---|---|---|---|
| १ | | २८२ | | १ | १ | ३७६ |
| २ | | २४ | ६५ | १ | १ | २६६ |
| ३ | | १०२ | | | | २१२ |
| ४ | | १०७ | | | | १५४ |
| ५ | | २५२ | | | | २५२ |
| ६ | | ३४४ | २ | | | ४१८ |
| ७ | | १३५ | २६ | ४ | ४ | ४८५ |
| ८ | | २७४ | १४७ | | | ४५५ |
| ९ | | ४८८ | ३ | | | ५६७ |
| कुल | ४० कि. मी. | २००८ | २४३ | ६ | ६ | ३४३४ |

*स्रोतः जिल्ला निर्वाचन कार्यालय २०७८, बाजुरा*

यस नगरपालिकाको सबै क्षेत्रहरूमा बाह्रै महिना चल्ने सडक सञ्जाल विस्तार भएको छैन । नगरपालिकामा उत्पादन हुने खाद्यान्न, दलहन, फलफूल, दुग्ध उत्पादन आदिको उत्पादन भैरहेकोमा नगरपालिकाका सबै वडाहरूमा सडकको राम्रो सुविधा नभएकाले उत्पादित वस्तुलाई बजारसम्म पुऱ्याउन असहज देखिन्छ । सडक यातायातको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी साधन पार्किङ स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, पैदलयात्रीले सडक पार गर्ने जेब्रा क्रसिङ, सडक सङ्केत चिह्न, बसको अन्तिम बिसौनीसम्बन्धी सेवा सुविधाहरू व्यवस्थित रुपमा विकास गर्नु पर्ने देखिन्छ ।

## २.१.८ जलश्रोत, विद्युत, नविकरणीय उर्जा र सञ्चार

यस नगरपालिकामा वाउली,अनाई, वुढिगंगा, कोर्दालीगाड, मनागाड, तिपाडी गाड जस्ता साना ठुला नदी तथा खोलाहरु रहेका छन्। ५५४ हे.खेतीयोग्य जमिन मध्ये २७ वटा सिंचाई कुलोबाट जम्मा ८५ हेक्टरमा मात्र मौसमी सिंचाई सुविधा पुगेको छ। ३ वटा जलविद्युत निर्माण भएका छन्। जसबाट २८५ कि.वा विजुली उत्पादन भई नगरपालिकाका कार्यालय वाहेक २९८३ घुरधुरीमा वत्तिको सुविधा पुगेको छ। भने यस नगरपालिकाका १६ घरधुरीले नविकरणीय उर्जा (सौर्य उर्जा) प्रयोग गरिरहेका छन्। यस नगरपालिकामा अझै १३० घरधुरीमा विजुली वत्तिको सुविधा नपुगेको देखिन्छ। बडिमालिका नगरपालिकाका २८९९ घरधुरीमा मोबाईल सुबिधा प्रयोग गर्ने गरेका छन्। यस नगरपालिकामा दुई वटा सामुदायीक रेडियो, (एफ्.एम्.) हरु रहेका छन। मार्तडीबाट २ वटा दैनिक र ६ वटा साप्ताहिक पत्रपत्रिका दर्ता भएको देखिन्छ। यस नगरपालिकामा ल्यान्डलाईन फोन, नमस्ते र एनसेलका टावार समेत रहेकोले टेलिफोन सम्वन्धी सम्पूर्ण सुविधा रहेको पाईन्छ। ईन्टनेटको समेत सुविधा रहेको छ।

तालिका १३: बत्ती बाल्न प्रयोग गरिने स्रोत अनुसार प्रयोगकर्ता

| उज्यालोको स्रोत | लाभान्वित परिवार सङ्ख्या | लाभान्वित परिवार प्रतिशत |
|---|---|---|
| विद्युत | १९३८ | ५६.२४ |
| सोलार | २७७ | ८ दशमलव ०४ |
| मट्टी तेल | ५३ | १ दशमलव ५४ |
| अन्य | ११७८ | ३४ दशमलब १८ |
| जम्मा | ३४४६ | १०० |

*स्रोतः जिल्ला निर्वाचन कार्यालय २०७८, बाजुरा*

यस नगरपालिकामा विद्युतबाट लाभान्वित परिवार सङ्ख्या १९३८, सोलारबाट लाभन्वित परिवार सङ्ख्या २७७, मट्टीतेल प्रयोग गर्नेहरूको सङ्ख्या ५३ र अन्य ११७८ गरी जम्मा परिवारहरूको सङ्ख्या ३४४६ रहेको छ। यसरी हेर्दा यो नगरपालिकामा पनि पूर्ण मात्रामा विद्युत सुविधा उपलब्ध भएको छैन।

## २.१.९ भौतिक अवस्था तथा सामाजिक पूर्वाधार

यस नगरपालिकाको केन्द्र सम्म सडक कालो पत्रै हुदै छ उक्त सडक बडिमालिका क्षेत्रमा १४ कि.मि. सडक पर्दछ। मार्तडी बजारमा सडक विस्तारको कार्य शुरु भएको छ। मार्तडी देखि भौनेरा सम्म कच्ची सडक खनिएको छ भने भौनेराबाट पिनालेख हुदै पाटा जाने सडक समेत कटिगं कार्य शुरु भएको छ। मार्तडी देखि उत्तरपूर्वि क्षेत्र जाने क्रममा बडिमालिका नगरपालकिाको वडा नं. ७ को पोरखे सम्म २५कि.मि. कच्चीबाटोमा सुख्खायाममा

यातायातका साधन सञ्चालन भैरहेको अवस्था छ। नगरपालिकाको नयाँ भवन निर्माण भैसकेको अवस्था रहेको छ। स्वास्थ्य चौकीको एउटा भवन निर्माणाधिन अवस्थामा रहेको छ भने एउटा स्वास्थ्य चौकी भवन वनेको छ र एउटा स्वास्थ्य चौकी भवन पुरानो भवन रहेको छ। कृषि र पशु सेवा केन्द्रहरुका भवन पनि प्रयाप्त छैनन। जिल्ला अस्पतालको भवन समेत जिर्ण अवस्थामा रहेको छ। नगरपालिकामा २३ वटा झो.पु. हरु सञ्चालनमा रहेका छन। ३० वटा विद्यालयमा प्राय सवै विद्यालयमा कोठा संख्या अप्रयाप्त रहेको देखिन्छ। यस नगरपालिकामा सामुदायिक भवन १४ वटा रहेको अवस्था छ।

### २.१.१० वित्तिय संस्था संबन्धी जानकारी

यस नगरपालिकामा वित्तीय संघ संस्थाहरूको सङ्ख्या ६१ वटा रहेको देखिन्छ। जसमध्ये २७ वटा सहकारी संस्थाहरू पाँचवटा वाणिज्य बैंकहरु र पाँचवटा लघु वित्तीय संस्थाहरू रहेको देखिन्छ। पाँचवटा वाणिज्य बैंकहरूमध्ये वार्ड अनुसार यसको सङ्ख्या कुल ९ रहेको छ भने लघुवित्त संस्थाहरूको सङ्ख्या वार्ड अनुसार हेर्दा कुल २५ को संख्यामा रहेको छ। केहि सहकारी र अन्य बित्तिय संस्थाको जानकारी तालिका १४ मा देखाइएको छ।

तालिका १४: बैङ्क तथा वित्तिय संघ संस्था

| बैङ्क | वार्ड | सँख्या | नाम | संस्था |
|---|---|---|---|---|
| बैङ्क | १ | १ | Jhapa Krishi | सहकारी संस्था |
| बैङ्क | २ | १ | Pragatishil Krishi | सहकारी संस्था |
| बैङ्क | ४ | १ | Manakamana | सहकारी संस्था |
| बैङ्क | ५ | १ | Makamalimatiparpoj | सहकारी संस्था |
| बैङ्क | ६ | १ | Aashadabi bacata tatha sahakari satha li kordali biduta 6 Bajura | सहकारी संस्था |
| बैङ्क | ८ | १ | N.M.C. l | सहकारी संस्था |
| बैङ्क | ८ | १ | NVMCL | सहकारी संस्था |
| बैङ्क | ८ | १ | Tiriberi Bahuudesya Sahakaari Sasthaa | सहकारी संस्था |
| बैङ्क | ८ | २ | A.D.B. L | वाणिज्य वैंक |
| बैङ्क | ८ | २ | Global Ime Bank | वाणिज्य वैंक |
| बैङ्क | ८ | २ | NIC ASIA Bank | वाणिज्य वैंक |
| बैङ्क | ८ | २ | R.B.B. L | वाणिज्य वैंक |
| बैङ्क | ८ | १ | Mahalaxmi Bikash Bank | वाणिज्य वैंक |
| बैङ्क | ८ | ५ | Deprosc LBSL | लघु वित्त संस्था |
| बैङ्क | ८ | ५ | GBLBS | लघु वित्त संस्था |
| बैङ्क | ८ | ५ | KLBSL | लघु वित्त संस्था |
| बैङ्क | ८ | ५ | Prabhu Bank | लघु वित्त संस्था |

| | | | | |
|---|---|---|---|---|
| बैङ्क | ८ | १ | shree Laxmi Saving Credit Coopratiive Ltd | सहकारी संस्था |
| बैङ्क | ९ | ५ | NUBL | लघु वित्त संस्था |
| कुल | | ६१ | | |

*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, जिल्ला वस्तुगत विवरण बाजुरा २०८०*

## २.२ मानव संसाधनको अवस्था

नगरपालिकाको दोस्रो निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरू मार्फत नगरपालिकाको कार्य सञ्चालन भईरहेको छ। यस नगरपालिकामा रहेका ९ वटा वडामा निर्वाचित तथा मनोनित सदस्यहरु सहित जम्मा ४४ जना नगरसभा सदस्य तथा १६ जना कार्यपालिका सदस्य रहेका छन्। जिल्लाको सदरमुकाम समेत रहेको यस नगरपालिकामा जिल्ला स्तरीय लगायतका विशिष्टिकृत कार्यालयहरु समेत अवस्थित छन्। नगर कार्यपालिकाको दैनिक कार्यसम्पादनका लागि नगरपालिकाले तय गरेको नगर सभा, नगरकार्यपालिका, विषयगत समिति र शाखा, प्रमुख प्रशासकीय अधिकृत, सूचना अधिकृत, लेखा अधिकृत, ईन्जिनियर, सब-ईन्जिनियर, सब ओभरसियर, कम्प्युटर तथा कार्यालय सहयोगी र वडा कार्यालयहरुमा वडा सचिव तथा सामाजिक परिचालक रहने व्यवस्था गरिएको देखिन्छ। बडीमालिका नगरपालिकाको पार्श्वचित्र, २०७६ अनुसार विभिन्न विषयगत क्षमता सहित अधिकृत तथा सहायक कर्मचारी कार्यरत रहेको यस नगरपालिकामा कार्यरत कर्मचारी सम्बन्धी विवरण तलको तालिकामा देखाइएको छ।

तालिका १५: नगरपालिकामा कार्यरत कर्मचारीहरुको विवरण

| क्र. स. | नाम / थर | पद | सेवा | ठेगाना | मोवाईल नं |
|---|---|---|---|---|---|
| | **प्रशासन शाखा** | | | | |
| १ | पुष्पराज भट्ट | अधिकृत (प्रशासन) | स्थाई | | 9848775170 |
| २ | गोपाल बहादुर महत | सहायक स्तर (प्रशासन) | स्थाई | ब.न.पा. २ | 9840019063 |
| ३ | गोकर्ण रेग्मी | सहायक स्तर (प्रशासन) | स्थाई | बुढीनन्दा २ | 9868587600 |
| ४ | दल बहादुर दानी | रोजगार सहायक | करार | ब.न.पा. १ | 9848480560 |
| ५ | हिरेन्द्र वि.क. | कार्यालय सहयोगी | करार | ब.न.पा. ७ | 9848648560 |
| ६ | रामबहादुर रावल | कार्यालय सहयोगी | करार | ब.न.पा. ३ | 9848648814 |
| ७ | दिलबहादुर विष्ट | कार्यालय सहयोगी | करार | ब.न.पा. ९ | 9769008773 |
| ८ | खडक राना | कार्यालय सहयोगी | करार | बुढिगगा ३ | 9841659813 |
| ९ | सिर्जना कुमारी कामी बि.क. | कार्यालय सहयोगी | करार | ब.न.पा. ९ | 9748253909 |
| १० | गचे चदारा | सरसफाई | करार | ब.न.पा. ९ | 9865738608 |
| ११ | गगन बहादुर ऐडी | सरसफाई | करार | ब.न.पा. ८ | 9848492968 |
| १२ | गोपी नेपाली | सरसफाई | करार | ब.न.पा. ९ | 9867728212 |
| | **प्राबिधिक शाखा** | | | | |
| १३ | हिक्मत बहादुर रावल | इन्जिनियर | स्थाई | ब.न.पा. ९ | 9848685116 |
| १४ | शेरबहादुर बुढा | सब-इन्जिनियर | स्थाई | त्रि. न. | 9868860300 |

| | | | | | |
|---|---|---|---|---|---|
| | **महिला शाखा** | | | | |
| १५ | केशरी रोकाया | सहायक महिला विकास निरिक्षक | स्थाई | ब.न.पा. ८ | 9848437031 |
| १६ | कुमारी विन्दु बडाल | सहायक महिला विकास निरिक्षक | स्थाई | ब.न.पा. २ | 9840064274 |
| १७ | शोभा कुमारी शाह | सहायक महिला विकास निरिक्षक | स्थाई | | 9868447038 |
| | **आर्थिक प्रशासन शाखा** | | | | |
| १८ | विमला कुमारी पाध्याय | अधिकृत (लेखा) | स्थाई | | 9868478674 |
| १९ | मनिराम खत्री | लेखापाल | स्थाई | ब.न.पा. ७ | 9848609948 |
| २० | जयबहादुर रावल | कार्यालय सहयोगी | करार | ब.न.पा. ८ | 9848481278 |
| | **राजश्व शाखा** | | | | |
| २१ | कृष्ण बहादुर खड्का | सेवा केन्द्र प्रमुख | करार | ब.न.पा. ३ | 9841152151 |
| २२ | भानुभक्त जैशी | राजश्व सहायक | करार | ब.न.पा. ७ | 9848609681 |
| | **रोजगार शाखा** | | | | |
| २३ | प्रमिला थापा | रोजगार संयोजक | करार | ब.न.पा. ९ | 9843597541 |
| २४ | पुरन चदारा | प्राविधिक सहायक | करार | ब.न.पा. ७ | 9865341315 |
| | **उद्योग शाखा** | | | | |
| २५ | रञ्जिता शाही | उद्यम सहजकर्ता | करार | ब.न.पा. ७ | 9848240716 |
| २६ | कविता सूर्य वंशी | उद्यम सहजकर्ता | करार | ब.न.पा. ७ | 9768295729 |
| | **भवन तथा वस्ति विकास शाखा** | | | | |
| २७ | सन्तोष नेपाली | अ मि न | करार | ब.न.पा. ७ | 9742465112 |
| | **शिक्षा शाखा** | | | | |
| २८ | रंगमल वि.क. | अधिकृत | | | 9862796704 |
| २९ | राम बहादुर कटुवाल | प्राविधिक सहायक (शिक्षा) | | | 9868468327 |
| ३० | सन्तोष वि.क | संगित शिक्षक | करार | ब.न.पा. ७ | 9848481361 |
| ३१ | अंगद रावल | खेल शिक्षक | करार | ब.न.पा. ७ | 9848480895 |
| ३२ | रश्मि हमाल | स्कूल नर्स | करार | ब.न.पा. ७ | |
| ३३ | रमिता कुमारी बोहरा रावल | पोषण स्वंसेवक | करार | ब.न.पा. ७ | 9768298551 |
| | **स्वास्थ्य शाखा** | | | | |
| ३४ | टेकबहादुर खड्का | सि.अहेव (अधिकृत) | | | 9858425008 |
| ३५ | ललिता दानी थापा | सि.अनमी (अधिकृत) | | | 9868427542 |
| ३६ | ललिता कुमारी रोकाया | हे.अ. | | | 9861383045 |
| ३७ | डम्मरी जोशी | अ.न.मि. | | | 9848618575 |
| | **सुचना प्रविधि शाखा** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३८ | हेमबहादुर थापा | सूचना प्रविधि अधिकृत | करार | ब.न.पा. ७ | 9841796566 |
| ३९ | शुभराज खडका | ईलेक्ट्रिसियन | करार | ब.न.पा. ७ | 9848966002 |
| | **पञ्जीकरण शाखा** | | | | |
| ४० | मोहन राज पण्डित | MIS Operator | करार | ब.न.पा. ७ | 9869426170 |
| ४१ | वीरबहादुर चदारा | फिल्ड सहायक | करार | ब.न.पा. ७ | 9865668904 |
| ४२ | जमुना धामी रोकाया | फिल्ड सहायक | करार | ब.न.पा. ७ | 9868435542 |
| | **कृषी शाखा** | | | | |
| ४३ | मानबहादुर रावल | प्राविधिक सहायक (कृषि सेवा) | | | 9865839175 |
| ४४ | प्रेमबहादुर महत | प्राविधिक सहायक (कृषि सेवा) | | | 9848435164 |
| ४५ | नवराज पण्डित | ना प्रा स कृषि | करार | ब.न.पा. ७ | 9848437043 |
| ४६ | रमेश वि क | ना प्रा स कृषि | करार | ब.न.पा. ७ | 9868447135 |
| ४७ | जुना बिष्ट | ना प्रा स कृषि | करार | ब.न.पा. ७ | 9848552460 |
| | **पशु शाखा** | | | | |
| ४८ | गोपाल चन्द भण्डारी | अधिकृत छैठौं (पशु सेवा) | | | 9848694499 |
| | **जिन्सी शाखा** | | | | |
| ४९ | धनबहादुर रावल | प्राविधिक सहायक | करार | ब.न.पा. ७ | 9848406795 |
| ५० | बाँचमल थापा | सहायक कम्प्युटर अपरेटर | | | 9860656474 |
| | **लैङ्गीक हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना (CMC)** | | | | |
| ५१ | बिन्द्रा रावल | मनोसामाजिक संयोजक | करार | ब.न.पा. ७ | 9868543132 |
| ५२ | शारदा कुमारी खत्री | मनोसामाजिक विमर्शकर्ता | करार | ब.न.पा. ७ | 9748251182 |
| ५३ | अमृता कुमारी कार्की | मनोसामाजिक विमर्शकर्ता | करार | ब.न.पा. ७ | 9864314495 |
| ५४ | अमृता कुमारी वि क | मनोसामाजिक विमर्शकर्ता | करार | ब.न.पा. ७ | 9865612963 |
| ५५ | शुशीला थापा | मनोसामाजिक विमर्शकर्ता | करार | ब.न.पा. ७ | 9848481244 |
| ५६ | लक्ष्मी थापा | मनोसामाजिक विमर्शकर्ता | करार | ब.न.पा. ७ | 9865668889 |
| ५७ | विमला रावल | मनोसामाजिक विमर्शकर्ता | करार | ब.न.पा. ७ | 9865628900 |
| | **युनिसेफ कार्यक्रम** | | | | |
| ५८ | कृष्ण चदारा | प्राविधिक | करार | ब.न.पा. ७ | 9868589759 |
| ५९ | अमिता शाही | सामाजिक परिचालक | करार | ब.न.पा. ७ | 9865843545 |
| ६० | कल्पना बिष्ट | सामाजिक परिचालक | करार | ब.न.पा. ७ | 9865845465 |
| ६१ | शान्ती तिमिल्सेना | सामाजिक परिचालक | करार | ब.न.पा. ७ | 9868575462 |
| | **सेफ हाउस** | | | | |
| ६२ | सिता वि क | वाडेन सेफ हाउस | करार | ब.न.पा. ७ | 9848693812 |
| | **सवारी चालक** | | | | |
| ६३ | गोरख बहादुर बोहरा | सवारी चालक | करार | ब.न.पा. ७ | 9848693761 |
| ६४ | पदम बहादुर रावल | सवारी चालक | करार | ब.न.पा. ७ | 9865629657 |

| | | | | | |
|---|---|---|---|---|---|
| ६५ | राजेन्द्र विष्ट | टिपर सवारी चालक | करार | ब.न.पा. ७ | 9864617753 |
| ६६ | हिमाल बडुवाल | एबुलेन्स सवारी चालक | करार | ब.न.पा. ७ | 9749818835 |
| | **खानेपानी शाखा** | | | | |
| ६७ | कर्ण रावल | | करार | ब.न.पा. ७ | 9842177390 |
| ६८ | प्रशना कुमारी शाही | | करार | ब.न.पा. ७ | 9847140532 |
| ६९ | गोरख रावल | | करार | ब.न.पा. ७ | 9842183954 |
| ७० | धिरज थापा | | करार | ब.न.पा. ७ | 9868427758 |
| ७१ | नर रावल | | करार | ब.न.पा. ७ | 9863830170 |
| ७२ | सुरेश रावल | | करार | ब.न.पा. ७ | 9848523663 |
| ७३ | गोरे रावल | | करार | ब.न.पा. ७ | 9848609542 |
| | **वडा नं १ कार्यालय** | | | | |
| ७४ | नवराज बुढा | असिस्टेण्ट सव-इन्जिनियर/वडा सचिव | | | 9848789288 |
| ७५ | मदनबहादुर दानी | कार्यालय सहयोगी | | | 9865763797 |
| | **वडा नं २ कार्यालय** | | | | |
| ७६ | सुनिता कुमारी सुनार | वडा सचिव | | | 9868587892 |
| ७७ | जनक कार्की | अ स ई | | | 9868222018 |
| ७८ | गम्भिरे महत | कार्यालय सहयोगी | | | |
| | **वडा नं ३ कार्यालय** | | | | |
| ७९ | सुनिता कुमारी सुनार | वडा सचिव | | | 9868587892 |
| ८० | शुसिला कुमारी रावल | असिस्टेण्ट सव-इन्जिनियर | | | 9848694052 |
| ८१ | विष्णुबहादुर रावल | कार्यालय सहयोगी | | | 9848481287 |
| | **वडा नं ४ कार्यालय** | | | | |
| ८२ | इश्वरा कुमारी कार्की | वडा सचिव | | | 9868587029 |
| ८३ | शंकर प्रसाद उपाध्याय | सब- इन्जिनियर | | | 9869907500 |
| ८४ | कमला थापा | कार्यालय सहयोगी | | | 9848480680 |
| | **वडा नं ५ कार्यालय** | | | | |
| ८५ | गंग बहादुर रोकाया | अ स ई/वडा सचिव | | | 9848552808 |
| ८६ | टेक बहादुर साउद | कार्यालय सहयोगी | | | 9846890465 |
| | **वडा नं ६ कार्यालय** | | | | |
| ८७ | अम्मर बडुवाल | वडा सचिव | | | 9868918087 |
| ८८ | दिल थापा | स ई | | | 9843264000 |
| ८९ | बिरेन्द्र बडुवाल | कार्यालय सहयोगी | | | 9842210800 |
| | **वडा नं ७ कार्यालय** | | | | |
| ९० | सरिता कुमारी ठकुल्ला | वडा सचिव | | | 9843608711 |
| ९१ | कृष्ण बहादुर रोकाया | अ स ई | | | 9848618537 |
| ९२ | मान बि.क. | कार्यालय सहयोगी | | | 9848419566 |

| | | | | | |
|---|---|---|---|---|---|
| | **वडा नं ८ कार्यालय** | | | | |
| ९३ | गोरख बहादुर रावल | सहायक स्तर (प्रशासन) | | | 9848480778 |
| ९४ | शँकर कुमार खड्का | सव इन्जिनियर | | | 9848523167 |
| ९५ | रण बहादुर थापा | कार्यालय सहयोगी | | | 9868501568 |
| | **वडा नं ९ कार्यालय** | | | | |
| ९६ | सुनिता कुमारी सुनार | वडा सचिव | | | 9868587892 |
| ९७ | मिनबहादुर धामी | प्राविधिक सहायक | | | 9868541880 |
| ९८ | भक्तबहादुर वि.क. | कार्यालय सहयोगी | | | 9848567634 |
| | **मार्तडी स्वास्थ्य चौकी ब.न.पा. ७** | | | | |
| ९९ | धर्म बहादुर खत्री | जनस्वास्थ्य निरीक्षक | | | 9860171749 |
| १०० | कल्पना रावल | ल्याव असिस्टेन्ट | | | 9863680245 |
| १०१ | राजेश्वरी बुढा | अ हे व | | | 9865886116 |
| १०२ | कल्पना सार्की | अ न मी | | | 9848546990 |
| १०३ | गणेश तिमिल्सेना | कार्यालय सहयोगी | | | 9865638580 |
| १०४ | लक्ष्मी पाध्याय | कार्यालय सहयोगी | | | 9765539240 |
| | **जडांगा स्वास्थ्य चौकी** | | | | |
| १०५ | भेषराज पण्डित | जनस्वास्थ्य निरीक्षक | | | 9865617495 |
| १०६ | बसन्ती पुरी | ल्याव असिस्टेन्ट | | | 9762295487 |
| १०७ | कल्पना कुमारी दानी | अ न मी | | | 9848430640 |
| १०८ | बिमला थापा | अ.न.मि. | | | 9863101617 |
| १०९ | ईन्द्रा थापा | अ.न.मि. | | | 9867413927 |
| ११० | अम्मर बहादुर बडुवाल | अ.हे.व. | | | 9868918087 |
| १११ | लाल बहादुर दानी | कार्यालय सहयोगी | | | 9848480049 |
| | **जुगाडा स्वास्थ्य चौकी** | | | | |
| ११२ | तिलकराज न्यौपाने | हे.अ. | | | 9848408135 |
| ११३ | केशव बहादुर कार्की | ल्याव असिस्टेन्ट | | | 9867053438 |
| ११४ | खगेन्द्र गुयाल | अ हे व | | | 9863690084 |
| ११५ | अनु पन्थी | अ.न.मि. | | | 9848563600 |
| ११६ | कमला राई | अ.न.मि. | | | 9863868962 |
| ११७ | सरिता पाण्डे | अ.हे.व. | | | 9867053438 |
| ११८ | कमला नेपाली | कार्यालय सहयोगी | | | 9848419755 |
| | **रजाली सहरी स्वास्थ्य केन्द्र** | | | | |
| ११९ | दिपु न्यौपाने | अ.हे.व. | | | 9867271322 |
| १२० | संगिता कुमारी खडका | अ न मी | | | 9864763256 |
| १२१ | कोपिला खडका | कार्यालय सहयोगी | | | 9864763256 |
| | **मना सहरी स्वास्थ्य केन्द्र** | | | | |
| १२२ | छक्क बहादुर साउद | अ न मी | | | 9868427395 |

| | | | | | |
|---|---|---|---|---|---|
| १२३ | नन्दा गुयाल | अ न मी | | | 9868427395 |
| १२४ | गोविन्द बहादुर ल्वार | कार्यालय सहयोगी | | | 9769918985 |
| | **कोर्ध सहरी स्वास्थ्य केन्द्र** | | | | |
| १२५ | हेमा शाही | अ न मी | | | 9848694104 |
| १२६ | शर्मिला ताम्राकार | अ न मी | | | 9866107092 |
| १२७ | खडक बडुवाल | कार्यालय सहयोगी | | | |
| | **रीला सहरी स्वास्थ्य केन्द्र** | | | | |
| १२८ | मिन बहादुर थापा | अ.हे.व. | | | 9848485393 |
| १२९ | सुनिता कुमारी शाही | अ न मी | | | 9843352732 |
| १३० | सिमा देवी नाथ | कार्यालय सहयोगी | | | 9866107133 |
| | **पाटा सहरी स्वास्थ्य केन्द्र** | | | | |
| १३१ | कविराज दानी | अ हे व | | | 9868522738 |
| १३२ | दुर्गा कुमारी भण्डारी | अ न मी | | | 9869156055 |
| १३३ | नयनराज पण्डित | कार्यालय सहयोगी | | | 9845619723 |
| | **पीनालेख सहरी स्वास्थ्य केन्द्र** | | | | |
| १३४ | कमला कुमारी विष्ट | अ हे व | | | 9865612767 |
| १३५ | तुलसी हमला | अ न मी | | | 9869907599 |
| १३६ | निर्मला कार्कि | कार्यालय सहयोगी | | | 9865612767 |
| | **मेलकाँध सहरी स्वास्थ्य केन्द्र** | | | | |
| १३७ | सुनिता थापा | अ हे व | | | 9869023401 |
| १३८ | ललिता कुमारी खत्री | अ न मी | | | 9869023402 |
| | **ढम्कने सहरी स्वास्थ्य केन्द्र** | | | | |
| १३९ | काशिचन्द्र पाध्याय | सि.अहेव (अधिकृत) | | | 9868589977 |
| १४० | गौरी पाण्डे | अ.न.मि. | | | 9868589977 |
| १४१ | हिरा धामी रोकाया | कार्यालय सहयोगी | | | 9868435930 |

*स्रोतः बडीमालिका नगरपालिका, स्थलगत सर्वेक्षण, २०८१*

बडीमालिका नगरपालिकाको स्थलगत अध्ययन अनुसार नगर कार्यपालिका,९ वटा वडा कार्यालयहरु, विषयगत कार्यालयहरु (शिक्षा, स्वास्थ्य), आदिमा स्थायी तथा करार गरी १४१ जना कर्माचारीहरु कार्यरत छन्।

## २.३ भौतिक सम्पत्तिको अवस्था

स्थानीय निकाय स्थानीय तह भए लगतै नगरपालिका कार्यालय अन्तर्गत प्रशासन शाखा, राजश्व शाखा, सामाजिक विकास शाखा, महिला तथा बालबालिका शाखा, पूर्वाधार विकास शाखा, जनस्वास्थ्य शाखा, कानून शाखा, शिक्षा यूवा तथा खेलकूद शाखा, कृषि तथा पशु विकासशाखा लगायत आर्थिक प्रशासन शाखा रहेका छन् र यी सबै शाखाहरुलाई प्रमुख प्रशासकीय अधिकृतद्वारा नियन्त्रण तथा निर्देशन गरिन्छ।

तालिका १६: भौतिक सम्पत्तिको जानकारी

| क्रम सङ्ख्या | जिन्सी सामानको नाम | परिमाण |
|---|---|---|
| १ | प्रोजेक्टर | ५ |
| २ | अन्य यात्रुजन्य साधन | २ |
| ३ | दराज | ५ |
| ४ | ल्यापटप | ७४ |
| ५ | स्विच राउटर र्‍याक | ४ |
| ६ | ट्याब्लेट | ८ |
| ७ | सञ्चार मोबाइल बेससेट | १० |
| ८ | भ्याक्सिन स्टोरेज रेफ्रिजरेटर | ३ |
| ९ | इन्टरकम टेलिफोन | १ |
| १० | साउन्ड सिस्टम | १० |
| ११ | स्क्यानर मेसिन | १ |
| १२ | बामनचेयर | १३० |
| १३ | Conference speaker | १५ |
| १४ | प्रिन्टर | ७७ |
| १५ | उजुरी पेटीका | १ |
| १६ | साइन बोर्ड | ५१ |
| १७ | फ्रिज | १ |
| १८ | बिजुलीको मिटर | १ |
| १९ | वाटर ट्रिटमेन्ट | १ |
| २० | एलइडी डिस्प्ले | ३ |
| २१ | ट्याङ्की | १ |

| | | |
|---|---|---|
| २२ | हाजिर मेसिन | १३ |
| २३ | अन्य निर्माण सम्बन्धी उपकरण | ४ |
| २४ | पिन बोर्ड | २ |
| २५ | सोलार बत्ति सिस्टम | |
| २६ | कुर्सी | १०२ |
| २७ | पानस | १ |
| २८ | टि टेबल | ४२ |
| २९ | खाट पलङ लोपेड | १३ |
| ३० | डेस्कटप कम्प्युटर | ५३ |
| ३१ | डिजिटल क्यामेरा | ५ |
| ३२ | भ्याक्सिन क्यारियर बक्स | १ |
| ३३ | कटिङ एन्ड थ्रेडिङ मेसिन | - |
| ३४ | मोबाइल | ४ |
| ३५ | स्ट्रेचर | २ |
| ३६ | पानी फिल्टर | २ |
| ३७ | हार्ड ड्राइभ | १ |
| ३८ | जेनेरेटर | १ |
| ३९ | ग्यास हिटर | १ |
| ४० | पूर्व सम्भाव्यता अध्ययन | १ |
| ४१ | अन्य सांगीतिक उपकरण | - |
| ४२ | फुलुट | - |
| ४३ | ढोलक | - |
| ४४ | मोनिटर | २ |

| | | |
|---|---|---|
| ४५ | पावर टिलर मिनी टिलर | - |
| ४६ | रेडियो | १० |
| ४७ | ग्यास चुलो | ५ |
| ४८ | -याक | ६३ |
| ४९ | सोफा सेट | १४ |
| ५० | ट्रिपर | १ |
| ५१ | इलेक्ट्रिक केटली | १० |
| ५२ | डेलिभरी बेड | १२ |
| ५३ | आभी स्ट्यान्ड | २२ |
| ५४ | सूचना पाटि | १० |
| ५५ | अन्य सूचना कम्प्युटर तथा दूरसञ्चार सामान | ४ |
| ५६ | सोलार प्यानल | २६ |
| ५७ | लेबल मेसिन | २ |
| ५८ | लेबलिङ स्टाफ | १ |
| ५९ | थ्री सिटर | ८ |
| ६० | डिपिआर प्रतिवेदन | ५ |
| ६१ | सिसिटिभी क्यामेरा | ८ |
| ६२ | मोटर (पानी तान्ने) | - |
| ६३ | मादल | - |
| ६४ | स्टिल दराज | २ |
| ६५ | अल्लो प्रसोधन मेसिन | - |
| ६६ | राउटर | १ |
| ६७ | युपीएसस | २ |

| | | |
|---|---|---|
| ६८ | नोटिस बोर्ड सूचना बोर्ड | ४ |
| ६९ | प्यासेन्ट बेड | १६ |
| ७० | डिसहोम सेट | १ |
| ७१ | पेरिलाइट | १ |
| ७२ | भिडियो वृत्तचित्र | ३ |
| ७३ | नेटवर्क भिडियो रेकर्डर | १ |
| ७४ | टोटल स्टेसन | २ |
| ७५ | दमाहा | - |
| ७६ | झ्याली | - |
| ७७ | कन्भर्टर | १ |
| ७८ | मोटरसाइकल | ११ |
| ७९ | स्टिल दराज | ७४ |
| ८० | कम्प्युटर टेबल | ८ |
| ८१ | बेन्च | २३ |
| ८२ | रोस्टम | ३ |
| ८३ | जीपीएस मेसिन | ६ |
| ८४ | फ्याक्स मेशिन | १ |
| ८५ | काठको दराज | ३ |
| ८६ | कुखुराको चल्ला | - |
| ८७ | ह्वाइटबोर्ड | ८ |
| ८८ | डिजिटल प्रोफाइल | १ |
| ८९ | कमबाइन मिल | - |
| ९० | ब्याट्री | ३६ |

| | | |
|---|---|---|
| ९१ | रिभल्भिङ चेयर | ११० |
| ९२ | एम्बुलेन्स | २ |
| ९३ | ईनभर्टर | २० |
| ९४ | माईक | १ |
| ९५ | अफिस टेवल | ७ |
| ९६ | अन्य औद्योगिक तथा उत्पादनका उपकरण | - |
| ९७ | राउटर | १ |
| ९८ | टेबुल | ९६ |
| ९९ | बोर्ड कार्यालय प्रमुख अन्य | १४ |
| १०० | साउन्ड सिस्टम बक्स | २ |
| १०१ | टेलिभिजन | ५ |
| १०२ | Dressing drum | २४ |
| १०३ | रेञ्जिङ रड | ५ |
| १०४ | वेल्डिङ मेसिन | - |
| १०५ | भिडियो क्यामेरा | १ |
| १०६ | सफ्टवेयर | २ |
| १०७ | सहनाई | - |
| १०८ | राउटर | १ |
| १०९ | सोलार कन्ट्रोलर | - |
| ११० | जमिन | १ |
| १११ | कार्यालय भवन | ३ |
| ११२ | अन्य कार्यालय भवन | ३ |

| | | |
|---|---|---|
| ११३ | अन्य अस्पताल भवन | ४ |
| जम्मा | | १३६५ |

*स्रोतः बडीमालिका नगरपालिका, मार्तडी, २०८०*

# परिच्छेद ३. नगरपालिकाको राजस्व अधिकार तथा आय सम्भाव्यता

स्थानीय तहलाई प्राप्त राजस्व सम्बन्धी अधिकार र सो अधिकार कार्यान्वयनका लागि नगरपालिकाको तर्फबाट गरिएका कानूनी व्यवस्था र नगरपालिकाको राजस्व सङ्कलन अवस्था, सम्भावना, समस्या तथा चुनौतीहरु शीर्षकगत रुपमा यस परिच्छेदमा विश्लेषण गरिएको छ।

## ३.१ राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

### ३.१.१ संवैधानिक व्यवस्था

नेपालको संविधानको अनुसूची ८ अनुसार स्थानीय तहको वित्तीय अधिकार अन्तरगत स्थानीय तहहरुले सम्पत्ति कर (घरजग्गा कर), घरबहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमिकर (मालपोत), मनोरञ्जन कर, विज्ञापन कर र व्यवसाय कर ल्याउन सक्नेछन् र गैरकर अन्तरगत सेवा शुल्क, दस्तुर, पर्यटन शुल्क र दण्ड जरिवाना सङ्कलन गर्न सक्नेछन्। राजस्व अधिकार सम्बन्धी विभिन्न तहहरुको एकल तथा साझा अधिकार सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १७: तहगत राजस्व अधिकार

| सङ्घ | प्रदेश | स्थानीय | साझा |
|---|---|---|---|
| ▪ भन्सार<br>▪ अन्त:शुल्क<br>▪ मूल्य अभिवृद्धि कर<br>▪ संस्थागत आयकर<br>▪ व्यक्तिगत आयकर<br>▪ पारिश्रमिक कर<br>▪ राहदानी कर<br>▪ भिसा शुल्क<br>▪ पर्यटन दस्तुर<br>▪ सेवा शुल्क दस्तुर<br>▪ दण्ड जरिवाना | ▪ घरजग्गा रजिष्ट्रेशन शुल्क<br>▪ सवारी साधन कर<br>▪ मनोरञ्जन कर<br>▪ विज्ञापन कर<br>▪ पर्यटन शुल्क<br>▪ कृषि आयमा कर<br>▪ सेवा शुल्क दस्तुर<br>▪ दण्डजरिवाना | ▪ सम्पत्ति कर<br>▪ घर बहाल कर<br>▪ घर जग्गा रजिष्ट्रेशन शुल्क<br>▪ सवारी साधन कर<br>▪ सेवा शुल्क दस्तुर<br>▪ पर्यटन शुल्क<br>▪ विज्ञापन कर<br>▪ व्यवसाय कर<br>▪ भूमिकर (मालपोत)<br>▪ मनोरञ्जन कर<br>▪ मालपोत सङ्कलन<br>▪ दण्ड जरिवाना | ▪ सेवा शुल्क<br>▪ दस्तुर<br>▪ दण्ड जरिवाना<br>▪ प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी<br>▪ पर्यटन शुल्क |

*स्रोत: नेपालको संविधान, २०७२*

### ३.१.२ कानुनी व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ देखि दफा ६३ सम्म स्थानीय तहको वित्तीय अधिकार सम्बन्धी व्यवस्था रहेको छ। यसमा कर अन्तर्गत प्रत्यक्ष करहरु जस्तै सम्पत्ति कर, भूमिकर (मालपोत), घरजग्गा

वहाल कर, वहाल विटौरी शुल्क, पार्किङ्ग शुल्क, जडीवुटी, कवाडी र जीवजन्तु कर, आदि छन् भने अप्रत्यक्ष कर जस्तै व्यवसाय कर जस्ता करहरु रहेका छन् । यसैगरी गैरकर अन्तर्गत नगरपालिका वा नगरपालिकाबाट विभिन्न सेवाहरु उपभोग गरे वापतको सेवाशुल्क जस्तै विभिन्न पर्यटन व्यवसाय शुल्क, स्थानीय तहले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार उपयोग शुल्क, स्थानीय तहले उपलब्ध गराएको कुनै सेवा उपयोग गरे वापत सेवा उपयोगकर्ताहरुबाट असूल गरिने सेवा व्यवस्थापन शुल्क, विभिन्न नियमन सेवा तथा सिफारिस वापत प्राप्त भएको दस्तुर वापतको रकम, नक्सापास दस्तुर र नगरपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तु विक्री र अन्य सम्पत्ति विक्री सामुदायिक वनको आय र जनसहभागिता वापतको रकम आदि रहेका छन् ।

यसैगरी प्रदेश र स्थानीय तह दुवैले साझेदारीमा सकलन गर्ने घरजग्गा रजिष्ट्रेशन दस्तुर रहेको छ । जसको दर प्रदेशले तोक्ने र सङ्कलन स्थानीय तहले गर्ने प्रावधान रहेको छ । हालसम्म सङ्घीय तहबाट स्थानीय तहमा घरजग्गाको लगत स्थानान्तरण भई नसकेको र सङ्घीय सरकार मातहतको जिल्लास्थित मालपोत कार्यालयले नै घरजग्गा कर प्रदेश कानून वमोजिम असूल उपर गरी त्यसको ६० प्रतिशत सम्बन्धित नगरपालिका वा नगरपालिका र ४० प्रतिशत सम्बन्धित प्रदेशमा पठाउने गरेको छ । यसरी स्थानीय नगरपालिकाले देहायको चित्रमा देखाए बमोजिमका स्रोतबाट रकम प्राप्त हुने गर्दछ ।




*चित्र ५: राजस्व अधिकार सम्बन्धी कानुनी व्यवस्था*

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहको वित्तीय अधिकारलाई थप स्पष्ट पार्न सङ्घीय, प्रदेश सरकार र स्थानीय तहले परिचालन गर्ने कर र गैर करका शिर्षकहरु निर्धारण गर्नुका अलावा संविधानका अनुसुचीमा एकल अधिकारमा दोहोरो अधिकार क्षेत्रमा परेका र संयुक्त अधिकार क्षेत्रका राजस्वका शिर्षकहरुको सन्दर्भमा प्रदेश र स्थानीय तह बीच एकल कर प्रशासन सम्बन्धमा निम्नानुसारको थप व्यवस्था समेत गरेको छ। शुरुमा राखिएको व्यवस्थामा २०७५ सालको आर्थिक ऐनले थप परिमार्जन समेत गरेको छ। परिमार्जित व्यवस्था देहाय बमोजिम रहेको छ ।

एकल कर प्रशासन सम्बन्धी व्यवस्था *(आर्थिक ऐन २०७५ बाट अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ दफा ५ र ६ मा भएको संसोधन सहित)*

तालिका १८: एकल कर प्रशासन अन्तर्गत उठेको राजस्वलाई स्थानीय र प्रदेश तह बीच बाँडफाँड व्यवस्था

| **करका क्षेत्रहरु** | **दर निर्धारण गर्ने तह** | **सङ्कलन गर्ने तह** | **राजस्व बाँडफाँड (प्रतिशत)** | |
|---|---|---|---|---|
| | | | **प्रदेश** | **स्थानीय तह** |
| सवारी साधन कर | प्रदेश | प्रदेश | ६० | ४० |
| रजिष्ट्रेशन शुल्क | प्रदेश | स्थानीय | ४० | ६० |
| मनोरञ्जन कर | प्रदेश | स्थानीय | ४० | ६० |
| विज्ञापन कर | स्थानीय | स्थानीय | ४० | ६० |

*स्रोत : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ (आर्थिक ऐन २०७५ द्वारा संशोधित)* दफा ५ र ६

एकल कोषको व्यवस्थापन देहाय अनुसार हुनेछ:

- यस्तो एकल कर बाँडफाँट प्रयोजनका लागि सङ्कलन गर्ने तहले (प्रदेश र स्थानीय) सङ्कलित रकम विभाज्य कोषमा जम्मा गर्नुपर्ने हुन्छ।
- प्रदेश सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्ने।
- प्रदेशले सवारी साधन करबाट उठेको रकम प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँट गर्ने।
- प्रदेशले मासिक रुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने।

### ३.१.३ स्थानीय तहको आन्तरिक आय




स्थानीय तहको सरकार अर्थात् नगरपालिका तथा नगरपालिकालाई कानूनले कर, सेवाशुल्क, दस्तुर तथा दण्ड जरिवानाबाट राजस्व प्राप्त गर्ने अधिकार प्रदान गरेको छ । यी राजस्वका स्रोतहरु सम्बन्धित व्यक्तिले प्रत्यक्ष रुपमा भुक्तानी गर्नुपर्ने किसिमका छन् । यसैले हरेक नागरिकले आफुले तिरेको करको उपयोग स्थानीय सरकारले कसरी गरेको छ भन्ने विषयमा स्वभाविक रुपमा चासो र सरोकार राख्ने गर्दछ  र स्थानीय सरकारले यसको सही उपयोग गर्ने दायित्व निर्वाह गर्नुपर्दछ।

### ३.१.४ राजस्व परिचालन चक्र र प्रक्रिया

स्थानीय तहमा राजस्व परिचालनलाई सुदृढ बनाउन देहाय बमोजिमको चक्र अनुसारका विभिन्न खुड्किलाहरु जस्तै क) नीति तथा कार्यविधिहरुको निर्माण र संस्थागत व्यवस्था (यस अन्तर्गत ऐन, कानून कार्यविधिहरुको तर्जुमा, नियमावली निर्णयहरु निर्माण तथा पुराना काम नलाग्न निर्णयहरु खारेजी, करको ढाँचा र दरको निर्धारण तथा सभाबाट अनुमोदन र सशक्त र प्रभावकारी राजस्व शाखाको स्थापना गरी कर्मचारीको व्यवस्था समेत पर्दछन्), ख) करदाताहरुको गणना र दर्ता (राजस्वको नक्साङ्कन, करदाताहरुको पहिचान तथा लगत तयारी, फारामको उपलब्धता र सो फारममा आम्दानीको स्रोतको अभिलेखीकरण), ग) राजस्वको बारेमा जानकारी, प्रचार प्रसार र करको अनुमान (करयोग्य स्रोत निर्धारण र सार्वजनिक छलफल तथा चेतनामूलक गोष्ठीहरुको आयोजना), घ) कर सङ्कलन तथा करदाताहरुसँग सम्बन्ध निर्माण (तिरेको करको बिल बनाई वितरण गर्ने र करचुक्ता विधि प्रणालीको प्रचार प्रसार, आम सञ्चारको माध्यमबाट प्रचार प्रसार र छलफल कार्यक्रमको आयोजान), ङ) कार्यान्वयन तथा अनुगमन, आन्तरिक नियन्त्रण (बिल र रसिद काटेको तथा कर सङ्कलन भएको सुनिश्चित गर्ने, समयमा आर्थिक प्रशासन शाखामा कर रकम दाखिला तथा आम्दानी बाँधिएको सुनिश्चतता र आन्तरिक लेखापरीक्षण, समयमा कर नतिर्ने करदातालाई दण्ड जरिवाना भए नभएको अनुगमन र कानूनी कारवाही, अन्तिम लेखापरीक्षण),  च) अभिलेखीकरण तथा प्रतिवेदन र उत्तरदायित्व वहन (नगरपालिकाको सेवा र राजस्वको आवद्धता, राजस्व सङ्कलन तथा यसको उपयोगको सार्वजनिकीकरण, करको किसिम र स्थानको आधारमा राजस्वको प्रतिवेदन र नियमित रुपमा प्रकाशन गर्ने आदि) आदि पर्दछन् । यो चक्रका प्रत्येक खुड्किलामा नगरपालिकाको राजस्व प्रशासन र अन्य प्रशासकीय व्यवस्था, प्रमुख प्रशासकीय अधिकृत तथा अध्यक्ष र समग्र कार्यपालिकाको सहयोग, समन्वय, सहजीकरण र निगरानी आवश्यक पर्छ ।




*चित्र ६: राजस्व प्रशासन चक्र प्रक्रिया*

### ३.१.५ नगरपालिकाको आन्तरिक राजस्वका स्रोतहरु

**क) सम्पत्ति कर सम्बन्धी व्यवस्था :** नगरपालिकाको आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर लगाउन सकिने छ । यस बमोजिम सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गा सम्पत्ति कर लगाएर बाँकी जग्गा भएका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनु पर्ने छ । घरले चर्चेको जग्गा भन्नाले घरले ओगटेको क्षेत्रफल

बराबरको जग्गा र अधिकतम सो बराबरको थप जग्गा सम्झनु पर्दछ । यसरी सम्पत्ति कर लगाउँदा देहाय बमोजिमका विषयलाई आधार लिनुपर्ने व्यवस्था रहेको छ ।

१. घर र जग्गाको आकार प्रकार र बनौट
२. घर र जग्गाको प्रचलित बजार मूल्य तथा घरको हकमा ह्रास मूल्य
३. घर र जग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था

**ख) भूमिकर (मालपोत) सम्बन्धी व्यवस्था** : नगरपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगको आधारमा भूमिकर (मालपोत) लगाउने छ । आर्थिक ऐन, २०७५ ले घर र त्यसले चर्चेको निश्चित जग्गामा सम्पत्ति कर लगाएपछि सोभन्दा बडी जग्गामा भूमिकर (मालपोत) लगाउनुपर्ने व्यवस्था छ । तर सम्पत्ति कर लगाएको स्थानमा भूमिकर (मालपोत) लगाइने छैन ।

**ग) व्यवसाय कर:** नगरपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउन सक्ने छ ।

**घ) घर जग्गा बहाल कर:** नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति, वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा, पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएको नगरपालिकाले त्यस्तो बजाल रकममा बहाल कर लगाउन सक्ने छ ।

**ङ) सवारी कर:** नगरपालिकाले सिमित सवारी साधन (अटोरिक्सा तथा इ-रिक्सा, ठेला गाडा, टाँगा र रिक्साहरुको मात्र दर्ता, नवीकरण तथा वार्षिक सवारी कर सङ्कलन गर्न सक्ने अधिकार पाएको छ । तर यस नगरपालिकाले चालु आ.व.मा सवारी कर निर्धारण गरिएकोले ढुवानी र यातायात एवम् अन्य सवारी साधनहरुको कर सङ्कलन गरिने छ ।

**च) विज्ञापन कर:** नगरपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइन वोर्ड, ग्लो वोर्ड, स्टल, भित्ते लेखन आदिमा विज्ञापन कर लगाउन सक्ने व्यवस्था छ ।

**छ) गैर करहरु:** स्थानीय सरकार सञ्चालन ऐनमा नगरपालिकाले पर्यटन शुल्क अन्तर्गत आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, न्याफ्टिङ्ग, प्याराग्लाइडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाउने व्यवस्था रहेको छ । यसैगरी नगरपालिकाबाट विभिन्न सिफारिसहरु, इजाजत पत्र तथा नविकरण जस्तै एफ. एम रेडियो सञ्चालन, 'घ' वर्गको निर्माण इजाजत पत्र, निजी विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा तालिम, ट्युशन तथा कोचिङ सेन्टर, औषधी पसल, प्लटिङ जस्ता व्यवसायिक संस्थाहरुको दर्ता, नविकरण आदिमा विभिन्न दस्तुर सङ्कलन गर्ने व्यवस्था रहेको छ ।

**ज) प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट सम्बन्धी व्यवस्थाः** अन्तरसरकारी वित्त व्यवस्था ऐन, २०७४ अनुसार प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट अन्तरगत पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट सम्बन्धमा निम्न तालिकामा व्यवस्था गरेको छ ।

तालिका १९: प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट (प्रतिशतमा)

| स्रोतहरु | सङ्घ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| पर्वतारोहण | ५० | २५ | २५ |
| विद्युत | ५० | २५ | २५ |
| वन | ५० | २५ | २५ |
| खानी तथा खनिज | ५० | २५ | २५ |
| पानी तथा अन्य स्रोत | ५० | २५ | २५ |

*स्रोत : अन्तरसरकारी वित्त व्यवस्था ऐन, २०७४ (अनुसुची ४)*

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले स्थानीय तहले प्राप्त गर्ने २५ प्रतिशतको हिस्साको लागि प्रत्येक स्थानीय तहको प्राकृतिक स्रोतको अवस्थिति तथा प्राकृतिक स्रोतमा आधारित परियोजना वा उपयोगबाट प्रभावित क्षेत्र र जनसङ्ख्याको पहिचान गरी स्थानीय तहलाई रकम बाँडफाँट गर्न सिफारिस गरेको छ ।

**झ) कर राजस्व बाँडफाँट सम्बन्धी व्यवस्थाः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्त शुल्क रकममध्येबाट उठेको रकमलाई सङ्घीय विभाज्य कोषमा राखी सोबाट रकममध्ये सङ्घीय सरकारले ७० प्रतिशत, प्रदेशले १५ प्रतिशत र स्थानीय सरकारले १५ प्रतिशत बाँडफाँट गर्ने व्यवस्था रहेको छ ।

तालिका २०: कर राजस्वको बाँडफाँट सम्बन्धी व्यवस्था

| स्रोतहरु | सङ्घ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| मूल्य अभिवृद्धि कर (भ्याट) | ७० | १५ | १५ |
| अन्तशुल्क | ७० | १५ | १५ |

*स्रोत : अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ परिच्छेद ३ (६)*

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ अनुसार विभिन्न तहका सरकारहरुका बीचमा अनुदान सिफारिस गर्दा लिइने आधारहरु, राजस्वको बाँडफाँट गर्दा लिइने आधारहरु र प्राकृतिक स्रोतको परिचालन गर्दा लिइने आधार र मापदण्डहरु तयार गरी कार्यान्वयनका लागि सहजिकरण गर्नुपर्ने व्यवस्था रहेको छ । प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा सङ्घ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरु बीच उठ्न सक्ने सम्भावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रुपमा काम गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सम्बन्धित तहहरुलाई सुझाव दिने संवैधानिक व्यवस्था

गरेको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्राकृतिक स्रोतको बाँडफाँट गर्दा सो सँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस समेत गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ ।

हाल राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले जनसङ्ख्या (कूल जनसङ्ख्या र आश्रित जनसङ्ख्या), क्षेत्रफल, मानव विकास सूचकाङ्क, न्यून विकास सूचकाङ्कको आधारमा प्रदेश तथा स्थानीय तहहरुलाई राजस्व बाँडफाँट गर्ने गरी सिफारिस गरेको छ ।

तालिका २१: राजस्व बाँडफाँटका लागि भएको सिफारिसको आधारहरु (प्रतिशतमा)

| सि.नं. | आधारहरु | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| १ | जनसङ्ख्या (कूल जनसङ्ख्या अनुपात ८०, आश्रित जनसङ्ख्या अनुपात २०) | ७० | ७० |
| २ | क्षेत्रफल | १५ | १५ |
| ३ | मानव बिकास सूचकाङ्क | ५ | ५ |
| ४ | न्यून विकास सूचकाङ्क<br>पूर्वाधार सूचकाङ्क (७० प्रतिशत खर्चको आवश्यकता सूचकाङ्क २० प्रतिशत र सामाजिक तथा आर्थिक असमानता सूचकाङ्क १० प्रतिशत) | १० | १० |
| **जम्मा** | | **१००** | **१००** |

*नोट: यस सूत्रबाट आएको रकममा ठूलो फरक देखिने र अन्तरसरकारी वित्त व्यवस्थापन ऐनको दफा २१ ले प्रदेश तथा स्थानीय तहले आफ्नो प्रशासनिक खर्च आन्तरिक राजस्व तथा राजस्व बाँडफाँटबाट पुऱ्याउनु पर्ने हुनाले वित्त आयोगले प्रत्येक स्थानीय तहलाई न्यूनतम रकम र त्यसमा सुत्र अनुसार रकम बाँडफाँट गर्ने गरेको छ ।*

## ३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

नगरपालिकालाई प्राप्त कानुनी अधिकारको आधारमा सम्भाव्य आय शिर्षकहरुको परिचालन अवस्थाको विश्लेषण गरिएको छ । यसले बडीमालिका नगरपालिकामा सम्भावना भएका आय शिर्षकहरुको सम्भाव्यता, सङ्कलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई देखाउँछ ।

तालिका २२: बडीमालिका नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

| क्र.सं. | आयका शिर्षक | सम्भावना | दर निर्धारण | सङ्कलन |
|---|---|---|---|---|
| **क.** | **कर तर्फ** | | | |
| १ | सम्पत्ति कर | छ | भएको | भएको |
| २ | भूमि कर (मालपोत) | छ | भएको | भएको |
| ३ | घर जग्गा बहाल कर | छ | भएको | भएको |
| ४ | व्यवसाय कर | छ | भएको | भएको |
| ५ | जडिबुटी, कवाडी र जीवजन्तु कर | छ | भएको | भएको |
| ६ | सवारी साधन कर | छ | भएको | भएको |

| | | | | |
|---|---|---|---|---|
| ७ | विज्ञापन कर | छ | भएको | नभएको |
| ८ | मनोरञ्जन कर | छ | भएको | नभएको |
| **ख.** | **शुल्क तर्फ** | | | |
| १ | वहाल विटौरी शुल्क | छ | भएको | नभएको |
| २ | पार्किङ शुल्क | छ | भएको | नभएको |
| ३ | सेवा शुल्क दस्तुर | छ | भएको | भएको |
| ४ | विक्रीबाट प्राप्त आय | छ | भएको | भएको |
| ५ | पर्यटन शुल्क | छ | भएको | भएको |
| ६ | सामुदायिक वनबाट आय प्राप्त गर्न सक्ने | छ | भएको | भएको |
| ७ | घरजग्गा रजिस्ट्रेसन शुल्क | छ | भएको | भएको |
| ८ | भाडा | छ | भएको | भएको |
| ९ | दण्ड जरिवाना | छ | भएको | भएको |
| १० | व्यक्तिगत घटना दर्ता शुल्क | छ | भएको | भएको |
| ११ | अस्पताल सञ्चालन | छ | नभएको | नभएको |
| १२ | फोहरमैला व्यवस्थापन शुल्क | छ | भएको | नभएको |
| १३ | स्थानीय खानेपानी महशुल | छ | नभएको | नभएको |
| १४ | स्थानीय विद्युत महशुल | छ | भएको | नभएको |
| १५ | ट्रेकिंग, कायाकिंग, वन्जीजम्प, जीपफ्लायर, पाराग्लाईडिंग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवा शुल्क | छ | भएको | नभएको |
| १६ | निर्माण, सञ्चालन र व्यवस्थापित गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ती, शौचालय, पार्क, पौडी पोखरी, व्यायमशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल, आदि) | छ | भएको | नभएको |
| १७ | मूल्याङ्कन सेवा शुल्क (अचल सम्पत्ति) | छ | भएको | भएको |
| १८ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफ.एम. रेडियो सञ्चालन, 'घ' वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म) | छ | भएको | भएको |
| १९ | ढुङ्गा, गिट्टी, वालुवा, माटो तथा स्लेट जस्ता वस्तुको सर्वेक्षण, उत्खनन तथा उपयोग शुल्क | छ | भएको | भएको |
| २० | वडा कार्यालयमार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | छ | भएको | भएको |
| २१ | प्रभावित क्षेत्र विकास र वातावरणीय शुल्क | छ | भएको | नभएको |
| २२ | सडक मर्मत संभार शुल्क | छ | भएको | नभएको |
| २३ | सवारी प्रवेश शुल्क | छ | भएको | नभएको |

तालिका २२ का आधारमा विश्लेषण गर्दा नगरपालिकाले कर तर्फ ९ वटा विभिन्न शिर्षकहरुमा आय सङ्कलन गर्ने सम्भावना भएको र ती अधिकांश शिर्षकहरुमा राजस्व सङ्कलन भइरहेको छ। त्यसैगरी शुल्क तर्फ १५ वटा विभिन्न शिर्षकहरुमा करका दरहरु निर्धारण गरी शुल्क लिइरहेको छ। नगरपालिकाको मुख्य आम्दानीको स्रोतको रुपमा प्राकृतिक स्रोत साधनबाट हुने आय प्रमुख रहेको छ।

## ३.३ आन्तरिक आय सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

बडीमालिका नगरपालिकाले नगरसभाबाट आ.व. २०८०/८१ का लागि विभिन्न शिर्षकहरुका लागि कर दर रेट निर्धारण तथा स्वीकृत गरी प्रकाशन गरिसकेको छ। नगरपालिकाको आन्तरिक आय सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण छुट्टाछुट्टै निम्न उपशिर्षकहरुमा गरिएको छ।

### ३.३.१ स्थानीय कर राजस्व

### क. सम्पत्ति कर

**हालको अवस्था:** नगरपालिकाले आफ्नो आर्थिक ऐनमा यसको दर रेट सहितनै तोकेको भएता पनि यस शिर्षक वाट खासै कुनै रकम संकलन गर्न सकेको छैन। एकिकृत सम्पत्ति कर कार्यान्वयनका लागि सम्पत्ति कर लगाउने (कार्यविधि) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ तर्जुमा गरी लागु गरेको छ। त्यसैगरी प्रभावकारी कार्यान्वयनका लागि सम्पत्तिकर व्यवस्थापन तालिम समेत संचालन गरेको छ। आ.व. २०७६/०७७ को आर्थिक ऐनमा संरचनाको मुल्यांकनको आधारमा मात्र करको दर निर्धारण गरी सोही अनुरुप संकलन गरेको पाईन्छ। उक्त मुल्यांकनमा संरचनाको क्षेत्रफललाई मात्र आधार मानिएको छ भने ह्रासकट्टीको समेत व्यवस्था गरिएको छैन। जुन स्थानीय सरकार संचालन ऐन र नगरपालिकाको सम्पत्ति कर लगाउने सम्बन्धमा रहेको ऐनको प्रावधान सँग मेल खादैन। नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रेको जग्गामा बनेको भौतिक संरचना (घर) र सो घरले चर्चेको जग्गाको कर निर्धारण गरिएको छ। यस आ.व. २०७९/८० मा यस शिर्षक अन्तरगत रु १५,००० सम्पत्ति कर उठेको देखिन्छ।

**सम्भाव्यता:** विद्यमान कानूनी व्यवस्थाले घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने व्यवस्था रहेको छ। तथ्याङ्क विभाग २०७८ अनुसार नगरपालिकामा ४०४६ घरधुरी रहेको देखिन्छ। यस बिचमा थप केहि घरधुरीहरु थपिइसकेको अनुमानको आधारमा यस नगरपालिकामा करिब ४५०० घरधूरी रहेको अनुमान रहेको छ। तर पनि ४०४६ घरधुरीका आधारमा यस अध्ययनको प्रयोजनका लागि कूल सम्पत्ति करदाता संख्या कायम गरिएको छ। उल्लेखित आधारमा विश्लेषण गर्दा देहाय बमोजिक सम्पत्ति कर संकलन हुने सम्भावना देखिन्छ।

तालिका २३: सम्पत्तिकरको संभावना

| करदाता सम्बन्धी विवरण | करदाता संख्या (अनुमान) | करको दर औसत) | संभाव्य संकलन |
|---|---|---|---|
| ३ करोड भन्दा बडी मुल्यको सम्पत्ति भएका करदाता | १०० | ५,००० | ५,००,००० |
| ०१ देखी ३ करोड मुल्यको सम्पत्ति भएका करदाता | ६०० | २,५०० | १५,००,००० |
| ०१ करोड सम्म मुल्यको सम्पत्ति भएका करदाता | ३३४६ | ५०० | १६,७३,००० |
| **जम्मा** | **४०४६** | | **३६७३०००** |

**सुधारका पक्षहरु:**

- नगरपालिकाको आर्थिक ऐनमा हाल भएको सम्पत्ति कर सम्बन्धी प्रावधानलाई विद्यमान संघीय कानून बमोजिम हुने गरी परिमार्जन गर्ने ।
- सम्पत्ति कर सम्बन्धी पदाधिकारी तथा कर्मचारीहरुमा तालिम संचालन गर्ने
- नगरपालिकाको क्षेत्र निर्धारण गरी सम्पत्ति मूल्यांकन दर र सम्पत्ति करकोदर निर्धारण गर्ने । (घर जग्गा
- मूल्यांकनलाई बजार मुल्यका आधारमा अद्यावधिक गरी सम्पत्ति करको मूल्यांकन र घरजग्गा
- रजिष्टे«शनमा एउटै मूल्यांकन दर कायम गर्ने ।
- सम्पत्ति कर कार्यान्वयनका लागि सम्पत्ति कर व्यवस्थापन कार्यविधिमा आवश्यक परिमार्जन गर्ने ।
- सम्पत्ति कर संकलन सफ्टवयेर परिमार्जन गर्ने ।

## ख. मालपोत (भूमि कर)

**हालको अवस्था:**

नगरपालिकाले भौतिक संरचनामा मात्र सम्पत्ति कर लागु गरेका कारण सम्पुर्ण जग्गाहरुमा मालपोत कर संकलन गरिरहेको छ । वडा कार्यालयहरु मार्फत् संकलन भईरहेको मालपोत करको अद्यावधिक विवरणहरु भने नगरपालिका तथा वडा कार्यालयहरुले राखेको देखिदैन । अघिल्लो आ.व.मा तिरको रसिदका आधारमा मालपोत कर संकलन गर्ने गरिएको र तिरेको रसिद हराएमा वा नतिरेको भएमा वडा कार्यालय अनुशार भिन्न भिन्न तरिकाले कर संकलन गरेको पाईन्छ । नगरपालिकाले सडक र उत्पादकत्वको आधारमा जग्गाको वर्गिकरण गरी जग्गाधनीको स्वामित्वमा रहेको जग्गाको क्षेत्रफलका आधारमा चार–चार समूहमा वर्गीकरण गरी करको दर निर्धारण गरेको छ ।  भूमिको अवस्था र सडकको पहुँच अनुसार यस नगरपालिकाले भूमिको न्यूनतम मूल्यांकन गर्दा प्रति रोपनी १ लाख देखि १५ करोड सम्म निर्धारण गरेको छ  । गत आ.व. २०७९/८० मा यस शिर्षक अन्तर्गत रु १,२२,५८६.७० सङ्कलन भएको छ ।

**सम्भाव्यता:** मालपोत योग्य जग्गा र सोको करदाता सम्बन्धी यकीन तथ्यांक उपलब्ध नभएको हुँदा नगरपालिकाको अनुमानित घरधूरी संख्या ४०४६ लाई आधार मानी यो करको सम्भाव्यता यकीन गरिएको छ । एक घरधूरीमा एकभन्दा बडी व्यक्तिसँग जग्गाको स्वामित्व हुन सक्ने र केही जग्गाधनीले घर निर्माण नगरी घडेरी मात्र राख्ने तथा नगरपालिका बाहिरका बासिन्दाहरुको समेत जग्गा भएको अवस्थालाई समेत ध्यानमा राखी कूल घरधूरी १६००० मा १०० प्रतिशत थप गरी करिब ८०९२ जना मालपोतका करदाता संख्या अनुमान गरिएको छ । यसबाट नगरपालिकाको भूमि कर देहाय बमोजिम हुने अनुमान गरिएको छ ।

तालिका२४: मालपोत करको संभाव्यता

| जग्गाको किसिम | करयोग्य भूमि रोपनीमा (खेतियोग्य भूमिको गणना गर्दा, अनुमानित) | औषत मालपोत रकम रू. | संभाव्य संकलन |
|---|---|---|---|
| शहरी तथा आवासीय क्षेत्र | १२,००० | ४० | ४,८०,००० |
| कृषि तथा अन्य क्षेत्र | ३०,१२२ | ३० | ९०३६६० |
| **जम्मा** | **४२१२२** | | **१३८३६६०** |

**सुधारका पक्षहरु:** नगरपालिकामा भूमि तथा करदाता सम्बन्धी विस्तृत र यकीन तथ्यां+क उपलब्ध छैन । यसकारण भूमि र करदातासम्बन्धी विस्तृत र यकीन तथ्यांक संकलन र नियमित अद्यावधिकरणको व्यवस्था गर्नु मालपोत सम्बन्धमा प्रमुख आवश्यकताको रुपमा रहेको देखिन्छ। थप सुधारका पक्षहरु देहायअनुसार छन्ः

- सम्पुर्ण वडा कार्यालयहरुमा मलापोत संकलन तथा बक्यौताको विवरण अद्यावधिक गर्ने।
- जग्गाको पुर्नवर्गीकरण गरी सो अनुशार मालपोतको दर निर्धारण गर्ने।
- आगामी दिनमा जग्गाको मूल्यको आधारमा भूमिकर संकलन गर्ने गरी व्यवस्था गर्दै जाने।

### ग. घरजग्गा बहाल कर

**हालको अवस्था:** नगरपालिकाले आर्थिक ऐनमा उल्लेख गर्दै कोठा भाडा लगाउने घरधनी वा सम्झौता बमोजिम बहालका साथै भवन तथा घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना, जग्गा वा पोखरी बापत पाउने वहाल रकमको २ देखि १० प्रतिशत सम्मका दरले कर असुल गर्ने व्यवस्था गरेको छ । यस्तो बहालकर संघ संस्था, कार्यालय, उद्योगको लागि १०%, अन्य व्यवसायको लागि १०%, आवास ताथा अन्य प्रयोजनको लागि ३% कर तोकिएको छ। नगरपालिकाको प्राय जसो धैरै क्षेत्र ग्रामीण क्षेत्रमा पर्ने भएतापनि नगरपालिकाको बजार क्षेत्रमा सरकारी कार्यालय, बैङ्क तथा वित्तीय संस्थाहर, व्यवसायिक भवनहरु, उद्योगहरु तथा अन्य सङ्घसंस्थाहरु भाडामा बस्दै आएको हुनाले संस्थागत रुपमा बहालमा दिइएका घरहरुबाट मात्र यो कर सङ्कलन गर्न सकिने देखिन्छ। यस शिर्षक अन्तर्गत गत आ.व. २०७९/८० मा रु. १४,२४,६५८.३७ सङ्कलन भएको छ।

**सम्भाव्यता:** यस नगरपालिकाको केन्द्र लगायत अन्य बजार क्षेत्रमा केही घर तथा जग्गाहरु बहालमा रहेका छन्। २०७/७९ सालको तथ्यांक अनुसार ३१४१ घरपरिवारहरु स्थायी वसोवासका रहेका छन तर ति घरहरु केहि मात्रामा मात्र पक्कि छन भने अन्य सबै घरहरु कच्ची रहेका छन। नगरपालिकामा २०७९ सालको तथ्यांक अनुसर करिब ३०० परिवार भाडामा बस्ने गरेको देखिएको छ । छलफलका क्रममा प्राप्त जानाकारी अनुसार हाल नगरपालिका क्षेत्रमा करिब ५०० जनाले विभिन्न प्रयोजनका लागि घरजग्गा वहालमा लिएको अनुमान छ । संस्थागत बाहेकका अन्य भाडामा दिने प्रायः घरधनीले हालसम्म यस्तोकर बुझाउने नगरेकाले उनीहरुका लागि यो कर नयाँ हुन्छ । यस अवस्थामा नगरपालिकाले करको प्रगतिशिल (बहाल रकमको १० र ५ प्रतिशतका) दर निर्धारण गर्नु उपयुक्त हुन्छ।

तालिका२५: घरजग्गा बहाल करको संभाव्यता

| क्र.सं. | प्रयोजनका आधारमा बहाल लिने करदाता | बहालमा भएको घर संख्या | औसत मासिक भाडा रकम | जम्मा वार्षिक भाडा असुली | प्रस्तावित घरको दर | बहाल कर |
|---|---|---|---|---|---|---|
| | | क | ख | ग | घ | ङ |
| १ | वित्तिय तथा सार्वजनिक संस्थाहरु (औसत मासिक रु. १५००० भाडा आर्जन गर्ने) | ७५ | १५००० | १,३५,००,००० | १० प्रतिशत | १३,५०,००० |
| २ | उल्लेखित बाहेक व्यवसायीक तथा घरयासी प्रयोजनले बहालमा लगाउने (औसत मासिक रु. २५०० भाडा आर्जन गर्ने) | ४२५ | २५०० | १,२७,५०,००० | ५ प्रतिशत | ६,३७,५०० |
| | **जम्मा** | **५००** | | **२६२५००००** | | **१९८७५००** |

**सुधारका पक्षहरू:**

- घरजग्गा बहाल करको दर प्रगतिशील करको सिद्धान्तको आधारमा निर्धारण गर्ने।
- घर जग्गा बहाल कर निर्धारणकोलागि न्यूनतम वहाल मुल्यको दर निर्धारण गर्ने र बहाल मूल्यको दर बजार क्षेत्रमा ब्यापारिक स्थानको महत्व र भवनको अवस्था तथा किसिमलाई पनि आधार लिने।
- सम्पत्ती करको आधार र घरजग्गा वहाल करको आधार एउटै भएकोले दुबैको अभिलेखलाई एक आपसमा आवद्ध गर्ने।
- बहाल करका संकलन प्रकृयामा स्पष्टता ल्याउन कार्यविधि तर्जुमा गर्ने।

## घ. व्यवसाय कर

**हालको अवस्था:** नगरपालिकाले आर्थिक ऐनमा व्यवसायहरूलाई वस्तु तथा सेवाका आधारमा विभाजन गरी वार्षिक करको दर निर्धारण गरेको छ। करको दर न्यूनतम रु ५०० देखि अधिकतम रु ३५,००० सम्म रहेको छ। नगरपालिकाको आर्थिक ऐनमा व्यवसाय करको दर संगै विभिन्न किसिमका दस्तुर तथा सेवा शुल्क समेत समावेश गरिएको छ। तर व्यवसाय दर्ता गर्दा लाग्ने शुल्क भने उल्लेख गरेको पाईदैन। नगरपालिकाले आर्थिक ऐनमा यस क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था गरेको छ। व्यवसायीहरुलाई व्यवसायको किसिम र आकारको आधारमा कुनै पनि किसिमको व्यापार तथा व्यवसाय गर्को लागि नगरपालिकाबाट व्यवसाय इजाजत पत्र लिई वार्षिक रुपमा नविकरण गर्नु पर्दछ। व्यवसायको किसिम, कारोवारको परिमाण, आदिको आधारमा नगरपालिकाले वार्षिक रुपमा २,००० देखि १५,००० सम्म नविकरण शुल्क तोकेको छ । यस ब्यबसाय कर अन्तर्गत २०७८/७९ मा रू. ३२,४५० मात्र उठेको थियो भने गत आ.व. २०७९/८० मा कुनै पनि राजस्व सङ्कलन यस शिर्षक अन्तर्गत उठेको छैन।

**सम्भाव्यता:** यस नगरपालिका भित्र विभिन्न किसिमका व्यवसायिक फर्महरु रहेका छन् । यहाँ ईजाजत प्राप्त बिक्रेताहरु, कृषि सहकारी, कृषि जन्य उद्योगहरु, दर्ता भएका घरेलु तथा साना उद्योगहरु रहेका छन् । यस वहेक पसल तथा अन्य साना व्यवसायिक इकाइहरु रहेको अनुमान छ । यी सबै व्यवसायिक फर्महरु संचालित भएतापनि नगरपालिकाको द्यावधिक तथ्यांकमा देखिदैन । नगरपालिकाले प्रकाशन गरेको नगरको वस्तुगत विवरण, केन्द्रीय तथ्यांक विभागले प्रकाशन गरेको राष्ट्रिय आर्थिक गणना २०१८ को नतिजा, नगरपालिकामा दर्ता भएका व्यवसायहरुको विवरण तथा कार्यशालका दौरान गरिएको छलफलका आधारमा राजस्व सुधार कार्ययोजना तर्जुमा बडीमालिका नगरपालिका व्यवसाय को संख्या अनुमान गरिएको छ । यस नगरपालिकामा करिब १७०० वटा विभिन्न किसिमका व्यवसायहरु संचालनमा रहेको अनुमान छ । सोही आधारमा विश्लेषण गरी व्यवसाय करको देहायअनुसार सम्भाव्यता यकिन गरिएको छ । तर नगरपालिकाभित्र रहेका व्यवसायिक फर्महरुको तथ्यांक एकीन भएपछि यस अन्तर्गतको नगरपालिकाको आय अझै भढ्न सक्ने देखिन्छ ।

तालिका२६: व्यवसाय करको संभाव्यता

| क्र.स. | व्यवसायको विवरण | अनुमानित संख्या | करको औषत दर | संभावित आय |
|---|---|---|---|---|
| १ | मझौला उद्योग | १५ | ७,५०० | १,१२,५०० |
| २ | साना उद्योग (राईस मिल सहित) | २०० | २,००० | ४,००,००० |
| ३ | व्यवसायिक कृषि फर्म | १०० | २,००० | २,००,००० |
| ४ | निर्माण व्यवसायी | २० | ५,००० | १,००,००० |
| ५ | संस्थागत शैक्षिक संस्थाहरु | १५ | ४,५०० | ६७,५०० |
| ६ | बस्ने व्यवस्था सहितका होटल | २० | ४,००० | ८०,००० |
| ७ | फार्मेसी तथा भेटेरेनरी | ३० | ३,००० | ९०,००० |
| ८ | वित्तिय संस्था तथा सहकारी | १०० | ५,००० | ५,००,००० |
| ९ | विभिन्न पेशाकर्मीहरु | १५० | १,५०० | २,२५,००० |
| १० | थोक, खुद्रा तथा अन्य ब्यापार | ११४० | २,००० | २२,८०,००० |
|  | **जम्मा** | **१७००** |  | **४०,५५,०००** |

**सुधारका पक्षहरु:** नगरपालिकाको व्यवसाय कर सङ्कलन सुधार ल्याउनका लागि निम्न कार्यहरु गर्न आवश्यक देखिन्छ ।

- व्यवसायको करको लगत संकलन गरी व्यवसाय करको अभिलेखलाई सम्पत्ति करको अभिलेखसँग आवद्ध गर्ने ।
- दायरामा नआएका व्यवसायहरुलाई दायरामा ल्याउने । र अन्य शिर्षकमा उल्लेख भएका व्यवसायलाई शिर्षक मिलान गर्ने जस्तै क्रसर उद्योग) ।
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा ठूला, मझौला र साना (क, ख, ग) वर्गमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने ।
- व्यवसायको वार्षिक कर संगै शुरुको वर्षमा दर्ता शुल्क निर्धारण गर्ने ।

- व्यवसाय कर सङ्कलन टोली गठन गरी वर्षमा एक पटक व्यवसाय कर सङ्कलन अभियान सञ्चालन गर्ने।
- नगरपालिका क्षेत्रमा व्यवसाय गर्नको लागि नगर कार्यपालिकावाट व्यवसाय संचालन इजाजत लिनुपर्ने व्यवस्था अनिवार्य गर्ने।
- व्यवसाय कर संकलन टोली गठन गरी वर्षमा १ पटक व्यवसाय कर संकलन अभियान संचालन गर्ने।
- व्यवसाय दर्ता प्रकृया संगै बन्द भएका व्यवसायहरु नामसारी तथा खारेजी गर्ने कामलाई पनि तीब्रता दिने।
- विभिन्न पेशाकर्मीहरु (जस्तै कानून ब्यवसायी, अडिटर, डक्टर, इन्जिनियर) लाई ब्यवसाय करको दायरामा ल्याउन अभियान संचालन गर्ने।

## ङ. विज्ञापन कर

**हालको अवस्था:** विद्यमान कानुनी व्यवस्था अनुसार नगरपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार-प्रसार आदिका लागि राख्न दिने सामाग्रीमा विज्ञापन कर लगाउन सक्नेछ। सङ्घीय कानुन अनुसार यो प्रदेश सरकारसँग बाँडफाँड हुने कर हो। यस नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा कर लगाई असूल उपर गरिने र यसरी कर सङ्कलन गर्दा अन्तर सरकारी वित्त ऐन, २०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत नगरपालिका सञ्चित कोषमा राजस्व बाडँफाड गर्नुपर्ने उल्लेख गरिएको छ। नगरपालिकाको सार्वजनिक स्थानमा विज्ञापन वा साईन बोर्ड राखे बापत वार्षिक कर तोकेको छ, जस अनुसार होर्डिङ बोर्ड, सडक बोर्ड, व्यानर प्रति वर्ग फिट रु १००, भित्ते लेखन प्रति वर्ग फिट रु ७०, ब्यानर प्रति गोटा (प्रति महिनाकालागी) १०० तोकेको छ। यस शिर्षकमा नगरपालिकाले छुट्टै कर उठाउने गरेको छैन। तर बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर वापत आ. व. २०७८/७९ मा जम्मा रू. ११,९७९ प्राप्त गरेको छ भने गत आ. व. २०७९/८० मा कुनै पनि रकम संकलन भएको छैन।

**सम्भाव्यता:** नगरपालिकाले बजार क्षेत्र तथा अन्य स्थानमा डिजिटल बोर्ड, साईनवोर्ड वा टुल व्यानर राखी विज्ञापन विज्ञापन गरी वार्षिक तोकिएको दरको आधारमा कर उठाएमा विज्ञापन करबाट कुल करीब रु १० लाख सम्म राजस्व सङ्कलन हुन सक्ने देखिन्छ।

**सुधारका पक्षहरु:**

- विज्ञापनका सामग्री तथा प्रयोग भएका स्थानका सन्दर्भमा यथार्थ तथ्याङ्क सङ्कलन गर्ने।
- आफ्नो व्यवसायको पहिचानको लागि व्यवसाय स्थलमा साईनबोर्ड, वाल पेन्ट लगायतका विज्ञापन दर निर्धारण गरी कार्यान्वयन गर्ने।
- सङ्कलित विवरण अनुसार विज्ञापन करको दर पूनरावलोकन गर्ने।
- न्यूनतम सङ्कलन हुन सक्ने रकम यकिन गरी ठेक्का अङ्क निर्धारण गर्ने।

- सम्भाव्य स्थानहरुमा विज्ञापन प्रवर्द्धनको वातावरण तयार गर्ने।

## च. जडिवुटी, कवाडी कर

**हालको अवस्था:** नगरपालिकाका बजार क्षेत्रबाट कवाडी संकलन गरी बेचविखन गर्ने व्यवसायहरू संचालनमा रहेका छन् तर अन्य मरेका जीवजन्तु तथा जडिवुटी संकलन तथा बिक्रीका सन्दर्भमा भने तथ्यांक तथा सूचनाको अभाव देखिन्छ। नगरपालिकाले आर्थिक ऐनमा यो कर संकलनको प्रावधान गरेको भएता पनि कर निर्देशिकाको अनुसूचीमा भने काठको बिक्री तथा केही जडिबुटीमा लगाउने करका दरहरू उल्लेख गरेको छ। तर गत आ.व. २०७८/७९ र २०७९/८० मा यस शिर्षक वाट कुनै पनि रकम संकलन भएको छैन। विगतका वर्षहरूमा यस शीर्षक अन्तर्गत कुनै पनि रकम सङ्कलन नभएतापनि बाजुरा जिल्ला आफैमा जडीबुटीयुक्त सम्पन्न जिल्लाका साथै काठ जन्य वस्तुहरूका लागि यो जिल्ला प्रचुर सम्भावना वोकेको हुनाले बडीमालिका नगरपालिकामा पनि यसको प्रशस्त सम्भावना देखिन्छ। त्यसैले यस शीर्षक अन्तर्गत आगामी दिनमा नगरपालिकाले राजस्वमा वृद्धि गर्नुपर्ने देखिन्छ। यो नगरपालिका ले आगामी दिनहरुमा यस्ता व्यवसाय संचालन गर्नेलाई इजाजत प्रदान गरी प्रति क्विन्टलका दरले यस्ता कारोवार गर्नेसँग कर संकलन गर्न उपयुक्त देखिन्छ।

**सम्भाव्यता:** नगरपालिकाको जडिवुटी, कवाडी एकीन तथ्याङ्क उपलब्ध नभएकोले नगरपालिकाले उल्लेख्य कर उठाउन नसकेको हो। नगर क्षेत्रका जडिबुटी तथा कवाडी जन्य काम गर्ने निकायहरुको लगत तयार गरी कर प्रणलीमा आवद्ध गराउन सकेमा यस किसिमको कर बापत समेत राजस्व सङ्कलन हुन सक्ने सम्भावना रहेको छ। नगरपालिकामा जडिवुटीको विक्रीबाट जडिवुटी, कवाडी र जीवजन्तुबाट कुल रकम करीब रु २ लाख सम्म राजस्व सङ्कलन हुने देखिन्छ।

**सुधारका पक्षहरु:** नगरपालिकाको जडिवुटी, कवाडी, जीवजन्तु कर सङ्कलन सुधार ल्याउनका लागि निम्न कार्यहरु गर्न आवश्यक देखिन्छ।

- नगरपालिका क्षेत्रमा सङ्कलन तथा व्यवसायिक उपयोग हुने जडीवुटी विक्री वितरणको परिमाण सम्बन्धी आवश्यक तथ्याङ्क सङ्कलन गर्ने।
- कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला, आदिको विक्री वापत कर निर्धारण गरी नगरपालिकाको आयमा वृद्धि गर्न राजस्व सङ्कलन गर्ने।
- जडिवुटी, कवाडी, जीवजन्तु करसँग सम्वन्धित व्यवसायीहरुको दर्ता र अभिलेखीकरण गर्ने।
- नगरपालिकामा हुने कवाडी वस्तुको व्यवसायिक कारोवारलाई इजाजत प्रदान गरी वार्षिक ठेक्का मार्फत कर सङ्कलन गर्ने।
- जडीबुटीको र जीवजन्तुको उपलब्धता पत्ता लगाई कारोबारमा कर सङ्कलन शुरुवात गर्ने।

### ३.३.२ गैर कर राजस्व

#### क. बहाल विटौरी शुल्क

**हालको अवस्था :** नगरपालिकाले आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाटबजार, पसल लगायत सरकारी जग्गामा बनेका संरचनाको उपयोग गरेबापत बहाल विटौरी शुल्क लगाउन पाउने व्यवस्था छ । नगरपालिकाले आपूले रेखदेख वा सञ्चालन गरेको हाटवजार र सरकारी जग्गामो उपयोग गरेबापत बहाल बिटौरी शुल्क लगाउन पाउने कानूनी ब्यवस्था छ। बडीमालिका नगरपालिकालेआफ्नोक्षेत्राधिकारभित्र रहेका ऐलानी तथा पर्ति जग्गाहरू तथा ती जग्गामा बनेका संरचनाहरुमा बहाल विटौरी शुल्क लगाउन सकिने प्रावधान सहित शुल्कको दरहरु आर्थिक ऐनमा व्यवस्था गरेको छ । हाल यस शिर्षक अन्तर्गत शुल्क उठाइएको छैन तर सो अनुसार यस नगरपालिकाले पनि शुल्क उठाउन सक्छ।

सम्भाव्यता: यस नगरपालिकाको क्षेत्रमा हाटबजारहरू पहिचान गरी सार्वजनिक स्थानमा टहरा निर्माण लगायतका आवश्यक पूर्वाधार निर्माण गरी व्यवस्थित गर्न सकिन्छ। हाटबजार व्यवस्थापनका अलावा सार्वजनिक स्थल अहिलानी जग्गा वा बाटो छेउमा अस्थायी पसल राख्न दिएबापत बहाल बिटौरी शुल्क संकलन गर्न सकिने सम्भावना रहेको छ। बहाल बिटौरी कर अन्तर्गत नगरपालिकामा वार्षिक रु १ लाख ४० हजार राजस्व संकलन गर्न सकिने अनुमान गरिएको छ।

**सुधारका पक्षहरु:**
नगरपालिकाको वहाल विटौरी शुल्कमा सुधार ल्याउनको लागि देहाय बमोजिम सुझाबहरु प्रस्ताव गरिएको छ;

- वहाल विटौरी शुल्कको दायराभित्र सार्वजनिक जग्गाको उपयोग र सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापतलाग्ने शुल्कलाई समावेश गर्ने।
- ऐलानी वा पर्ति जग्गामा वनेका संरचनाहरूको अभिलेख राखी वहाल विटौरी शुल्कको अभिलेख राख्ने।
- बहाल बिटौरी शुल्कको दर समयानुकुल परिमार्जन गदै जाने

#### ख. नक्सा पास दस्तुर

**हालको अवस्था:** नगरपालिकाले नगर भित्रका संरचना निर्माणको नक्सापास र अभिलेखिकरणको कार्य प्राविधिक शाखा मार्फत दिदै आईरहेको छ । भवनको प्रयोजन र किसिमका आधारमा नक्सापास र अभिलेखिकरणको दस्तुरका दरहरु फरक फरक रहने गरी निर्धारण गरेको छ । भुकम्प पछिको दिनहरुमा हाल नगरपालिकाबाट नक्सा पास लिई घर बनाउनेहरुको संख्या दिनानुदिन बढदै गएको छ । आ.ब. २०७९।८० मा नगरपालिकाले रु १,२३,१७२ नक्शा पास दस्तुर संकलन गरेको थियो।

**सम्भाव्यता:** यस नगरपालिकाको मापदण्ड अनुसार सडकको समेत पहुँच हुँदै जाँदा यस क्षेत्रमा घरहरु निर्माण हुने क्रम बढ्दै जाने देखिन्छ । हाल यस क्षेत्रमा प्रायः जसो न्युनतम १००० वर्ग फिटका घरहरू निर्माण भईरहेका छन् । यस नगरपालिकामा दिनानुदिन नयाँ भवनहरुको निर्माणको दर बढिरहेको छ । यस आर्थिक वर्षमा पनि यहाँ १०० घरहरु नक्सा पासको दायरामा (अभिलेखीकरण सहित) आउन सक्ने अनुमान गरिएको छ । यसबाट औसत रु. १०,००० का दरले जम्मा रु. १०,००,००० आम्दानी हुने सम्भावना देखिन्छ नक्सापास दस्तुरको दर निर्धारण गरिएता पनि यद्यपि नक्सापास व्यापक रुपले अघि बढेको देखिंदैन ।

**सुधारका पक्षहरु:** नक्सापास प्रकृयाले आयआर्जन मात्र नभई भवन निर्माण प्रकृयालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी बनाउने तर्फ पहल गर्न जरुरी देखिन्छ ।

- मापदण्ड तथा कार्यविधिहरू अनुसार घरको नक्सापास प्रकृयालाई प्रभावकारी बनाउने ।
- घरको बनोट तथा किसिमका आधारमा दस्तुरको दर समयानुकुल परिमार्जन गर्ने ।
- घर अभिलेखीकरणका लागि सार्वजनिक सूचना जारी गरी बैङ्क तथा वित्तिय संस्थाहरुसँग समन्वय गर्ने ।
- नगरपालिका हुनु भन्दा पहिले निर्माण भएका घरहरुको अभिलेखीकरण गरी नक्सापास गर्न अभिप्रेरित गर्ने।

### ग. व्यवसाय दर्ता शुल्क

**हालको अवस्था :** नगरपालिकाले एफ.एम. रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्यूसन, कोचिङ, औषधी पसल, प्लटिङ, ढुङ्गा, गिट्टी, वालुवा तथा स्लेट जस्ता वस्तुको सर्वेक्षण, उत्खनन तथा उपयोग आदि कार्य गर्नको अनुमति दिनको लागि दर्ता शुल्क सङ्कलन गर्न सक्छन् । बडीमालिका नगरपालिकाले व्यवसायको प्रकृया हेरी विभिन्न वर्गहरुमा विभाजन गरी दर्ता तथा अनुमति दस्तुर निर्धारण गरिएको छ । आ.ब. २०७९।८० मा नगरपालिकाले रु ४०,६७० दस्तुर संकलन गरेको थियो ।

**सम्भाव्यता:** नगरपालिका क्षेत्रमा सञ्चालनमा रहेका स्थानीय स्तरका व्यापारिक फर्म, 'घ' वर्गको निर्माण इजाजत पत्र, सहकारी, विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमित गर्नुपर्ने तथा सञ्चालनमा आउन चाहनेलाई इजाजत दिन सकिन्छ । नगरपालिका क्षेत्रमा संचालनमा रहेका स्थानीय स्तरका ब्यापारिक फर्म, घ वर्गको निर्माण इजाजत पत्र, सहकारी, विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमित गर्नुपर्ने तथा नयाँ संचालनमा आउन चाहनेलाई इजाजत दिन सकिन्छ । हाल करिव ११०० वटा उल्लेखित व्यवसायिक फर्महरु सञ्चालनमा रहेको अनुमान गरिएको छ । त्यस्ता संस्थाहरूलाई दर्ता, अनुमति र नवीकरण गर्दा औसत दस्तुर रु. ४,००० लिइएको खण्डमा प्रति वर्ष रु. ४४,००,००० आय हुने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरुः**

- दर्ता तथा अनुमतिका लागि निर्देशिका तयार गर्ने ।
- नगरपालिका क्षेत्रमा सञ्चालन भइरहेका र नयाँ व्यवसाय शुरु गर्न चाहनेलाई अनिवार्य व्यवसाय दर्ता, इजाजत तथा नविकरण गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- दर्ता तथा अनुमति दस्तुरको दर आवश्यकता अनुसार परिमार्जन गर्ने ।

**घ. मनोरञ्जन कर**

**हालको अवस्थाः** विद्यमान कानुनी व्यवस्था अनुसार नगरपालिकाले नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा मनोरञ्जन कर लगाउन र असुल गर्न सक्नेछ । सङ्घीय कानुन अनुसार यो प्रदेश सरकारसँग बाँडफाँड हुने कर हो । यस नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन कर लगाई असूल उपर गरिने र यसरी कर सङ्कलन गर्दा अन्तर सरकारी वित्त ऐन, २०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत नगरपालिका सञ्चित कोषमा राजस्व बाडँफाड गर्नुपर्ने उल्लेख गरिएको छ । आर्थिक ऐन अनुसार साँस्कृतिक प्रदर्शन हल, नाच घर, दोहोरी सङ्गीत तथा अन्य मनोरञ्जन सामाग्री प्रदर्शनीमा प्रवेश शुल्कमा ५ प्रतिशत मनोरञ्जन कर निर्धारण गरिएको छ । त्यसैगरी ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवम् धार्मिक महत्वका स्थलमा पर्यटकहरुबाट प्रवेश शुल्कमा ५ प्रतिशत तथा जादु, सर्कस, चटक र मेला आयोजना स्थलमा मनोरञ्जन कर बापत अनुमतिका लागि गरिने सिफारिस दस्तुका अतिरिक्त प्रत्येक दिन रु ३०० कर निर्धारण गरिएको भएतापनि हाल सम्मा नगरपालिकाले मनोरञ्जन दस्तुर उठाएको देखिन्न ।

**सम्भाव्यताः** नगरपालिकाले साँस्कृतिक प्रदर्शन हल, नाच घर, दोहोरी सङ्गीत तथा अन्य मनोरञ्जन सामग्री प्रदर्शनीमा प्रवेश शुल्क ५ प्रतिशत, ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवम् धार्मिक महत्वका स्थलमा पर्यटकहरुबाट प्रवेश शुल्क ५ प्रतिशत तथा जादु, सर्कस, चटक र मेला आयोजना स्थलमा मनोरञ्जन कर बापत प्रति दिन रु ३०० कर गरी मनोरञ्जन करबाट कुल कर करीब रु ७५,००० राजस्व सङ्कलन हुने देखिन्छ ।

**सुधारका पक्षहरुः**

- साँस्कृतिक प्रदर्शन हल, नाच घर, दोहोरी सङ्गीत तथा अन्य मनोरञ्जन सामाग्री प्रदर्शनी, ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवम् धार्मिक महत्वका स्थल प्रवेश शुल्क लिएका स्थलहरु सन्दर्भमा यथार्थ तथ्याङ्क सङ्कलन गर्ने ।
- सम्भाव्य स्थानहरुमा शुल्क सङ्कलनको वातावरण तयार गर्ने ।
- सङ्कलित विवरण अनुसार मनोरञ्जन करको दर पूनरावलोकन गर्ने ।

## ङ. सिफारिस तथा प्रमाणित दस्तुर

**हालको अवस्था :** नगरपालिकाले विभिन्न किसिमका सिफारिस तथा प्रमाणित दस्तुर दर आर्थिक ऐन मार्फत निर्धारण गरी सङ्कलन गर्दै आएको छ । वडाबाट सङ्कलित सिफारिस तथा प्रमाणित दस्तुर वडाले नगरपालिकाको आर्थिक प्रशासन शाखामा मासिक रुपमा जम्मा गर्ने गरिएको छ। आर्थिक ऐनले सिफारिस तथा प्रमाणितको दर न्यूनतम रु ५० देखि १०,००० सम्म निर्धारण गरेको छ। नगरपालिकाले वडा कार्यालयहरू तथा नगरपालिकाबाट सेवाग्राहीलाई आवश्यक सिफारिश तथा प्रमाणित सेवा उपलब्ध गराउदै यस्तो दस्तुर संकलन गर्दछ। वडावाट संकलित सिफारिश तथा प्रमाणित दस्तुरवाट संकलित रकम वडा सचिवहरूले नगरपालिकाको राजस्व शाखामा हरेक महिना दाखिला गर्ने गरेका छन्। आर्थिक ऐनमा निर्धारण गरिएका केही सिफारिश दस्तुरको दर संकलनमा व्यवहारिक कठिनाई रहेको वडा कार्यालयहरु सँगको छलफलमा जानाकारी प्राप्त भयो। जस्तै काठ कटानी को सिफारिश, आय स्रोत प्रमाणित आदि। आ.ब. २०७९।८० मा नगरपालिकाले रु ३,२१,१८८.४९ दस्तुर संकलन गरेको थियो।

**सम्भाव्यता:** नगरपालिकाको कार्यालय तथा ९ वटै वडा कार्यालयहरूवाट वार्षिक रुपमा करिव ७,००० वटा विभिन्न किसिमका सिफारिश तथा प्रमाणित हुने अनुमान गरिएको छ। वर्तमान दर अनुसार प्रति सिफारिश वा प्रमाणित औषत रु २५० भएमा वार्षिक सिफारिश तथा प्रमाणित बापत रु १८,७५,००० आय संकलन हुने सम्भावना रहेको देखिन्छ।

**सुधारका पक्षहरु:**

- सिफारिश वा प्रमाणित गर्न पूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिस वा प्रमाणित नगर्ने।
- वडाबाट सङ्कलित दस्तुरहरु शिर्षक सहितको विवरण तयार गर्ने।
- विभिन्न किसिमका सिफारिस तथा दस्तुरको वर्गिकरण अनुसार दर पुनरावलोकन गरी आवश्कता अनुसार परिमार्जन गर्ने।

## च. सेवा शुल्क

**हालको अवस्था :** नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार र उपलब्ध गराइएका सेवामा सेवाग्राहीहरुबाट शुल्क लगाउन सक्ने व्यवस्था गरिएको छ। सरसफाई शुल्क, विद्युत जडान सिफारिस, धारा जडान सिफारिस, घर जग्गा नामसारी सिफारिस, मोही लगत कट्टा सिफारिस, सर्जमिन सिफारिस दस्तुर, नेपाल सरकारको नाममा बाटो कायम सिफारिस, जग्गा मुल्याङ्कन प्रमाणित, घर बाटो प्रमाणित, चार किल्ला प्रमाणित, आदिको शुल्क निर्धारण भएको छ। यस शिर्षक अन्तर्गत नगरपालिकाले आ.ब. २०७८।७९ मा रु १०,५०० र आ.ब. २०७९।८० मा रु १,९७,६५० आम्दानी गरेको देखिन्छ।

**सम्भाव्यता:** आगामी आर्थिक वर्षमा उपरोक्त शिर्षकबाट सहज ढङ्गले रकम प्राप्त गर्न सकिन्छ । हाटबजार, पार्किङ्ग, फोहोरमैला व्यवस्थापन, सडक वत्ती, शौचालय, पार्क, पर्यटकीय स्थल, बसपार्क, आदि लगायतबाट सेवा शुल्क उठाउन सक्ने छ । यस नगरपालिकामा माथि उल्लेखित विभिन्न उपशिर्षकहरुको सेवा शुल्क बापत जम्मा रु २० लाख सङ्कलन हुन सक्ने अनुमान गरिएको छ ।

### छ. सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय

**हालको अवस्था :** नगरपालिकाले आफ्नो स्वामित्वमा रहेका भौतिक सम्पत्तिहरुको शुल्क लगाउन सक्ने व्यवस्था छ । विद्यमान भौतिक स्रोतहरुको प्रयोगको दर रेट आर्थिक ऐनमा निर्धारण गरिएको छ । आर्थिक ऐनमा यसको भाडा दरका सम्बन्धमा कुनै व्यवस्था गरेको देखिन्न । तसर्थ यस नगरपालिकाले हालसम्म यस्तो आम्दानी लिने गरेको देखिन्न ।

**सम्भाव्यता:** नगरपालिकाले सरकारी सम्पत्तिको बहाल सम्बन्धी कार्यविधि संचालनमा ल्याई सरकारी सम्पत्तिलाई बहालमा लगाउन सक्छ । नगरपालिकाको स्वामित्वमा भएका सम्पत्तिहरूका बहाल परिचालन सम्बन्धमा टिपर, दमकल, लोडर भाडा, नगरपालिका तथा वडा कार्यालयको हल भाडा, प्रोजेक्टर भाडा, राजपत्र, पुस्तक, नक्शा, टेण्डर फाराम, आदिको विक्रीबाट यस शिर्षक अन्तर्गत प्राप्त आय बापत समेत नगरपालिकाले कम्तिमा पनि रु २,५०,००० सङ्कलन हुन सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरु:**

- नगरपालिकाको स्वामित्वमा भएका र बहालमा लगाउन सकिने सम्पत्तिहरूको विवरण यकिन गरी सबै सम्पत्तिको बहाल रकमको दर आर्थिक ऐनमा समावेश गर्ने ।
- नगरपालिकाको सम्पत्ति बहालमा लगाउने सम्बन्धमा कार्यविधि तर्जुमा गरी कार्यान्वयमा ल्याउने ।
- कार्यविधिमा उल्लेखित शर्तहरू पालाना भए नभएको आवधिक रुपमा अनुगमन गर्ने ।

### ज. अन्य विक्री बाट प्राप्त रकम

**हालको अवस्था :** नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा ६२ क थप गरी गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परिक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान राखेको छ । स्थानीय सरकार संचालन ऐनमा भएको यस संशोधनसँगै यस शीर्षकको राजस्व नगरपालिकाको एकल अधिकार क्षेत्रभित्र पर्दछ । साविकमा प्रारम्भिक वातावरणीय परिक्षणको मात्र व्यवस्था भएकोमा यस संशोधनसँगै वातावरणीय प्रभाव मूल्यांकनको समेत व्यवस्था भएको छ र आवश्यकता अनुसार यी

अध्ययनहरुको सिफारिशका आधारमा बिक्री दर निर्धारण गरी नगरपालिकाले ढुंगा, गिट्टी, बालुवा, माटो वा स्लेट बिक्री गर्न सक्ने कानूनी व्यवस्था रहेको छ । आ.व. २०७९।८० यस्तो शिर्षकमा बिक्रीका लागि जम्मा रु. १,७२,१८१ आम्दानी गरेको देखिन्छ ।

**सम्भाव्यता:** नगरपालिकामा ढुंगा, गिट्टी, बालुवा जस्ता नदी जन्य वस्तु लगायत अन्यको उत्खनन गरी विक्री गर्दा यस शिर्षकको कुल सम्भावना करिब रु २,५०,००० आय हुने देखिन्छ ।

**सुधारका पक्षहरु:**

- वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिश गरेका मापदण्डभित्र रहेर उत्खनन् गर्ने कार्य गराउन आवश्यक कार्यविधि तर्जुमा गर्ने।
- संकलन कार्यको नियमित रुपमा अनुगमन गरी अध्ययन प्रतिवेदनले सिफारिश गरेको मापदण्डभित्र मात्र रहेर उत्खनन्हुने कार्य सुनिश्चित गर्ने ।
- ठेक्का नलागेको अवस्था नगरपालिका स्वयंले अमानतबाट संकलन गर्न सक्ने व्यवस्थाका बारेमा आवश्यक प्रावधान सहित निर्णय गर्ने ।

# परिच्छेद ४. नगरपालिकाको आय सङ्कलनको संस्थागत क्षमता तथा विद्यमान अवस्था

यस परिच्छेदमा नगरपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरु तथा आय सङ्कलननको अवस्थालाई छोटकरीमा व्याख्या गरिएको छ। यसले नगरपालिकाको आय सङ्कलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरु पहिचान गर्न सहयोग पुग्ने छ।

## ४.१ राजस्व परिचालन सम्बन्धी नीति

नगरपालिकाको प्रभावकारी राजस्व परिचालनका लागि कार्यपालिका बैठकले नेपालको संविधान र प्रचलित कानुनको अधिनमा रही आफ्नो कार्यक्षेत्रभित्र परिचालन गर्न सकिने राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने प्रयोजनाको लागि नगरपालिकाका उपाध्यक्षको संयोजकत्वमा देहाय बमोजिमको ६ सदस्यीय राजस्व परामर्श समिति गठन गरेको छ।

तालिका२७: राजस्व परामर्श समिति पदाधिकारी तथा जिम्मेवारी

| क्र.सं. | पद | जिम्मेवारी |
|---|---|---|
| १ | नगर उप-प्रमुख, श्री नन्दा थापा | संयोजक |
| २ | प्रमुख प्रशासकीय अधिकृत, श्री बम बहादुर के सी. | सदस्य |
| ३ | कार्यपालिका सदस्य, श्री धर्म पाध्य | सदस्य |
| ४ | कार्यपालिका सदस्य, श्री अम्बिका कुमारी बि. क. | सदस्य |
| ५ | उ.वा. सं. जिल्ला शाखा प्रतिनिधि, श्री तुला बहादुर रोकाया | सदस्य |
| ६ | प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख, श्री कृष्ण ब. खड्का | सदस्य सचिब |

*स्रोतः स्थलगत सर्वेक्षण, २०८१*

नगरपालिकाको बढ्दो खर्च धान्नका लागि र स्थानीय तहको सामर्थ्य वृद्धि गर्नका लागि नगरपालिकाको राजस्व वृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ। वर्तमान समयमा नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र नगरपालिकाको आर्थिक ऐनद्वारा नगरपालिकालाई उपलब्ध वित्तीय अधिकार तथा प्रचलित कानून अनुकुल आन्तरिक आय र राजस्व परिचालनमा सुधार ल्याउनको लागि तत्काल थप तथा योजनावद्ध प्रयास थाल्नुपर्ने देखिन्छ। नगरपालिकाले प्राप्त स्वायत्त अधिकारको प्रयोग र स्थानीय स्रोत साधनको परिचालन गर्न नगरपालिकाको राजस्व प्रशासन क्षमता सुधार गर्नुपर्ने देखिएको छ।

यसका साथै, हाल नगरपालिकाको राजस्व शाखामा तीन जना कर्मचारीहरु कार्यरत छन्। नगरपालिकाको सबै वडाबाट कम्प्यूटरकृत राजस्व संकलन गर्ने गरिएको छ। नगरपालिकाले उपयुक्त मानव स्रोतको व्यवस्था, क्षमता विकास तालिम, कम्प्युतरीकृत राजस्व अभिलेख तथा सूचना प्रणाली सहित राजस्व परिचालनका लागि सुदृढ राजस्व शाखालाई अझै व्यवस्थित गर्नुपर्ने देखिन्छ। यसका साथै करको दर तथा दायरा पहिचान एवम् विश्लेषण गरी उपयुक्त नीतिगत व्यवस्था समेत गर्नुपर्ने आवश्यकता देखिन्छ। नीतिगत सुधार, राजस्व शाखाको स्तरोन्नति, अनुगमन तथा नियन्त्रण प्रणालीको स्थापना, उत्प्रेरणात्मक विधिहरुको अवलम्बन, नागरिक केन्द्रित राजस्व प्रशासन करदाता शिक्षा जस्ता पक्षहरुलाई सम्वोधन गर्ने गरी राजस्व क्षेत्रमा सुधार गर्नुपर्ने देखिन्छ।

नगरपालिकाको प्रभावकारी राजस्व परिचालनका लागि कार्यपालिका बैठकले नेपालको संविधान र प्रचलित कानुनको अधिनमा रही आफ्नो कार्यक्षेत्रभित्र परिचालन गर्न सकिने राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने प्रयोजनाको लागि नगरपालिका उपाध्यक्षको संयोजकत्वमा राजस्व परामर्श समितिले विभिन्न छलफल तथा बैठकहरु सम्पन्न गरी राजस्वका दरहरु तथा राजस्व सम्बन्धी नीतिगत निर्णयहरु नगरसभा समक्ष पेश गरी पुनसंरचित नगरपालिकाको संवैधानिक व्यवस्थाको आधारमा नगरपालिकाले चालु वर्ष २०८०/८१ को लागि आर्थिक ऐन पारित गरेको छ । राजस्व परामर्श समितिको बैठक बसी आन्तरिक आयको दर प्रस्ताब गरी नगरसभाले आयका शिर्षकगत दायरा तथा उक्त दायराका दरहरु राखी नगरसभा मार्फत आर्थिक ऐन सर्व सहमतिले पारित गरिएको छ । नगरपालिकाले राजस्व तथा कर सङ्कलन कार्यलाई थप प्रभावकारी बनाउनका आगामी आ.व.बाट लागु हुने सबै किसिमको राजस्व तथा कर सङ्कलनको शुरुवात गर्ने नीति लिएको छ । गत आ.व. २०७८/७९ मा जम्मा रू. ५८,५९,९६५.५१ र २०७९/८० मा नगरपालिकाको आन्तरिक आयतर्फ जम्मा रु ११,४३,०४, १३२.८२ सङ्कलन गरेको छ । बडीमालिका नगरपालिकामा कर सङ्कलन कार्य अपेक्षा अनुसार हुन नसकिरहेको अबस्था छ । यसका अतिरिक्त नगरपालिकाले राजस्व परिचालन तथा सुधार सम्बन्धी नीति तर्जुमा गर्न आवश्यक देखिन्छ ।

नगर सभाले निम्न नीति तथा कार्यक्रमहरु अवलम्बन गर्न आवश्यक देखिन्छ ।

- आन्तरिक आय वृद्धि गर्ने सम्भावनाका सम्भाव्य सबै क्षेत्रहरुको अध्ययन, पहिचान गरी व्यवस्थित ढङ्गले करको दायरामा ल्याउने । यसका लागि आवश्यक संयन्त्र निर्माण गरी परिचालन गर्ने ।
- नगरपालिकाको आन्तरिक आय अभिबृद्धि गर्न करको दायरालाई बढाउँदै सहभागितामूलक कर नीति अवलम्बन गर्ने ।
- स्थानीय सरकार सञ्चालनको मूल आधार आन्तरिक आय भएकाले नगरबासी, उद्योग वाणिज्य सङ्घ, टोलसुधार समितिहरु, स्थानीय शैक्षिक संस्थाहरुसँग सहकार्य गरी कर सचेतना तथा अभिबृद्धि कार्यक्रम मार्फत कर अभियानलाई अघि बढाउने ।
- कर र राजस्व प्रशासनलाई चुस्त र दुरुस्त बनाउन सबै वडा कार्यलयको कम्प्युटरहरुमा सफ्टवेयर जडान र इ-कनेक्सनको माध्यमद्वारा नगरपालिकामा जोड्ने ।
- सूचना र प्रविधिको माध्यमबाट नगरपालिकामा सेवाग्राहीको गुनासो सम्बोधन गरिने परिपाटी विकास गर्ने।
- विगत देखिका अभिलेखहरुलाई कम्प्युरकृत गरी सुरक्षित राख्ने प्रयत्न गर्ने ।
- लक्षित वर्गलाई व्यवसाय प्रति आकर्षित गर्न महिला र अपाङ्गता भएका ब्यक्तिहरुको नाममा दर्ता भएका व्यवसायहरुलाई तोकिएको व्यवसाय करमा १० प्रतिशत छुट दिने ।

- घरवहाल कर निर्धारण प्रयोजनार्थ निश्चित मापदण्ड वनाई घर वहाल दर निर्धारण गर्ने । असोज मसान्त सम्म एकमुष्ट वार्षिक वहाल कर वुझाउन आउने घरधनी/व्यवसायीलाई वार्षिक वहाल करको १० प्रतिशत छुट दिने ।
- करदाता शिक्षा प्रभावकारी बनाउने ।
- करका दर र दायरा वैज्ञानिक आधारमा विश्लेषण गरी विस्तार गर्ने ।
- राजस्व प्रशासन सूचना प्रविधिमा आधारित बनाई सुदृढिकरण गर्ने ।
- कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासका लागि आवश्यक तालिम तथा भ्रमणको ब्यवस्था गर्ने।
- व्यवसाय कर, घरभाडा कर र जग्गा भाडा कर लगायतका सम्पूर्ण आन्तरिक आयका स्रोतहरु सङ्कलनका लागि तयार पारिएको कर नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
- आन्तरिक आयको दिगो अभिवृद्धिका लागि नगरपालिकाको स्वामित्वमा रहेका सम्पत्ति बहालमा दिने नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
- बडी कर तिर्ने व्यक्ति/संस्थालाई कार्यविधि बनाई पुरस्कृत गर्ने ।
- शिर्षकगत राजस्व सङ्कलनलाई व्यवस्थित गर्ने ।
- सबै प्रकारका व्यवसायलाई करको दायरामा ल्याउने ।
- प्राकृतिक तथा नदीजन्य श्रोतको उपयोगलाई करको क्षेत्रभित्र ल्याउने ।
- भवन तथा नक्शा पासलाई अनिवार्य गर्ने ।
- अनुगमन तथा मुल्याङ्कन समयावद्ध तथा वैज्ञानिक बनाउने ।
- नगरपालिका क्षेत्रमा नयाँ घर निर्माण गर्दा भवन निर्माण संहिता २०७२ लाई पूर्ण रुपमा पालना गर्न अभिप्रेरित गर्ने तथा नगरपालिका घोषणा हुनुअघि बनेका घरहरुलाई समेत निर्धारित मापदण्डमा नक्सापास र नियमित गर्ने अभियानलाई निश्चित समयसीमा तोकी कार्यान्वयन गर्ने ।
- नगरपालिकाभित्र रहेका वित्तिय संस्थाहरुको अनुगमन तथा नियमन गरी विषयगत कार्यप्रति उत्तरदायी बनाउने ।

## ४.२ आय सङ्कलनको संस्थागत क्षमता

जग्गा संरचनामा नगरपालिकाले राजस्व सङ्कलनको लागि आर्थिक प्रशासन उपशाखा अन्तर्गत राजस्व तथा आर्थिक प्रशासन इकाई गठन गरिएको छ । राजस्व सङ्कलनका लागि लेखापाल, आलेप, प्रशासन सहायक चौथो र कार्यालय सहयोगी गरी चार जना कर्मचारीहरु राजस्व तथा आर्थिक प्रशासनमा कार्यरत छन् । नगरपालिकाका खरिद गरिएको सफ्टवेयरमार्फत वडा कार्यालयहरु र नगरपालिकामा राजस्वको सङ्कलन तथा अभिलेखीकरण गरिंदै आएको छ ।

स्थलगत अवलोकन तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल नगरपालिकाको राजस्व सङ्कलनको अवस्था देहाय अनुसार रहेको छ।

- नगरपालिकाका लेखापाल, आलेप र प्रशासन सहायकलाई राजस्व सम्वन्धी जिम्मेवारी दिइएको।
- राजस्व प्रशासनको लागि सफ्टवेयर खरिद भएको र सोही सफ्टवेयर प्रयोग गरी राजस्व सङ्कलन कार्य भइरहेको।
- वडा कार्यालयहरूबाट मूलतः भूमि कर (मालपोत), सम्पत्ति कर, पञ्जीकरण, सिफारिस दस्तुरहरु र व्यवसाय कर, खानी रोयल्टी, सवारी कर, आदि सङ्कलन गर्ने गरिएको।
- नगरपालिका कार्यलयबाट घर बहाल कर, बहाल विटौरी कर, व्यवसाय रजिष्ट्रेशन कर, सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय, घर जग्गा रजिष्ट्रेशन शुल्क, सरकारी सम्पत्तिको विक्री, न्यायिक दस्तुर, परिक्षा शुल्क, खानी रोयल्टी, अन्य प्रशासनिक सेवा शुल्कहरु, सिफारिस दस्तुर, नक्शा पास, टेण्डर विक्री जस्ता राजस्व सङ्कलन हुने गरेको छ।
- वडा कार्यालयहरूले महिनाभर सङ्कलन भएको रकम एकमुष्ठ बैङ्क दाखिला गरी मासिक रुपमा जम्मा गर्ने गरिएको।
- राजस्व सङ्कलनको जिम्मेवारी पाएका कर्मचारीहरुका लागि थप तालिम तथा अभिमुखीकरण गर्न सकिने।
- हालसम्म राजस्व सङ्कलन तथा त्यसको प्रभावकारीताका लागि अनुगमन तथा मुल्याङ्कन नभएको।
- राजस्व सङ्कलनमा वडास्तरमा कम्प्युटरबाट विल प्रिन्ट गरी प्रयोग भइरहेको।
- राजस्व बजेट तथा प्रतिवेदन प्रणाली तोकिएको ढाँचामा भएको।
- आर्थिक ऐन र यथार्थ सङ्कलन बीचको तालमेल केही सुधार गर्न सकिने।

### ४.३ आन्तरिक आय परिचालन

यस नगरपालिकाको कुल आयमा आन्तरिक आयको हिस्सा क्रमागत रुपमा केही बढ्दो छ। आन्तरिक आयतर्फ सम्पत्ति कर, मालपोत (भूमि कर), खानी रोयल्टी, व्यवसाय रजिष्ट्रेशन/कर दस्तुर, घर बहाल कर, बहाल विटौरी कर, घर जग्गा रजिष्ट्रेशन, सिफारिश दस्तुर, तथा अन्य प्रशासनिक सेवा सुल्क यहाँका मुख्य स्रोतका रुपमा रहेको छ। हालै मात्र बडीमालिका नदी तथा सहायक खोलाहरुका किनाराबाट १२ स्थानबाट घरेलु ढुङ्गा, गिट्टी, वालुवा, माटो उत्खनन, सङ्कलन तथा निकासी कार्य टेण्डर गरी उत्खनन गर्दै आएको छ भने यसको संभावाना अझै रहेको छ। यसरी नदीजन्य पदार्थ निकासी तथा विक्री शुल्कबाट राजस्व सङ्कलन हुन सक्ने देखिन्छ। तसर्थ नगरपालिकाको लागि आगामी दिनमा समेत आन्तरिक आयतर्फ सम्पत्ति कर, भूमि कर, व्यवसाय कर, घर बहाल कर, खानी रोयल्टी, ढुङ्गा, गिट्टी, वालुवा विक्री कर, सिफारिस र दस्तुर नै मुख्य तथा दिगो क्षेत्र हुन्। नगरपालिकाकाबाट प्राप्त तथ्याङ्क अनुसार नगरपालिकाले विगत आ.व. २०७८/७९ र २०७९/८० मा

सङ्कलन गरेको यथार्थ आय तथा चालु आ.व.का लागि गरिएको अनुमान सम्बन्धी आय विवरण देहाय तालिकामा प्रस्तुत गरिएको छ:

तालिका२८: नगरपालिकाको आय सङ्कलनको अवस्था (रु)

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | यथार्थ आय |
|---|---|---|---|
| | | २०७८/७९ | २०७९/८० |
| १०००० | **राजस्व तथा अनुदान** | | |
| क | **आन्तरिक आय** | | |
| ११३१३ | एकिकृत सम्पत्ति कर (सम्पति कर) | - | १,५०० |
| ११३१४ | भुमिकर/मालपोत | ८९,००९.८ | १,२२,५८६.७० |
| ११३२१ | घर बहाल कर (घरजग्गा वहाल कर) | १९,१४,१६९.८८ | १४,२४,६५८.३७ |
| ११३२२ | वहाल विटौरी कर | | ०.०० |
| ११४५१ | सवारी साधन कर (साना सवारी) | | ०.०० |
| ११४५२ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | | |
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोबारमा लाग्ने कर | | |
| ११६९१ | अन्य कर | | |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | | |
| १४२२१ | न्यायिक दस्तुर | | |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | | |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १०,५०० | १,९७,६५० |
| १४२४१ | पार्किङ शुल्क | | |
| १४२४२ | नक्शा पास दस्तुर | ३,३९,५२५.३४ | १,२३,१७२ |
| १४२४३ | सिफारिस दस्तुर | १९,९६,५०१.४४ | ३,२१,१८८.४९ |
| १४२४४ | ब्यक्तिगत घटना दर्ता दस्तुर | ५९,६८० | १,०१,२२० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | २,०५० | ७,६७४ |
| १४२४९ | अन्य दस्तुर | ९,६२,८९४.८१ | ५,२०,६३४.७५ |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १,२५,४४० | ४०,६७० |
| १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | २५०.० | ०.० |
| १४६११ | ब्यबसाय कर | ३२,४५० | ०.० |
| १५१११ | निकाशा फिर्ता | ०.० | ०.० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | | ७,१५,९६,४०२.०७ | ५,६८,६१,७५१.३५ |
| ११४११ | बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धिकर | ३,२९,९२,६०१.८४ | ५,४७,३४,९०८.९९ |
| ११४२१ | बाँडफाँड भई प्राप्त हुने अन्तशुल्क | ३,६७,१०,६९९.५६ | ०.० |
| ११४५६ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधनकर | १५,४८,८८१.६७ | १९,५४,६६१.३६ |
| ११४७२ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ११,९७९ | |
| १४१५७ | बाँडफाँड भई प्राप्त दहत्तर बहत्तर बिक्रीबाट प्राप्त हुने आय | ३,३२,२४० | १,७२,१८१ |
| अन्य आय | | ३,२७,५३४.२४ | |
| १४५२९ | अन्य राजस्व | ३,२७,५३४.२४ | २१,६५,४१४.३९ |
| ३२१२२ | बैंक मौजदात | | १०,९२,७९,२६४.१२ |
| अन्तरसरकारी वित्तीय हस्तान्तरण | | ४१,५३,०७,००० | |

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | यथार्थ आय |
|---|---|---|---|
| | | २०७८/७९ | २०७९/८० |
| **ख. बाह्य** | | | |
| **क. संघीय सरकार** | | **३९,१९,७९,०००** | **२८,९३,८७,४३३.८** |
| १३३११ | समानिकरण अनुदान | ११,३०,००,००० | ८,९३,१७,२८३ |
| १३३१२ | शसर्त अनुदान चालु | २२,२५,२९,००० | १५,५८,२७,०७०.८३ |
| १३३१३ | शसर्त अनुदान पूजिगत | ४,३०,५०,००० | २,४५,२८,६६४ |
| १३३१४ | विशेष अनुदान चालु | ५८,००,००० | - |
| १३३१५ | विशेष अनुदान पुँजीगत | ५४,००,००० | १,३६,५१,८६५ |
| १३३१७ | समपुरक अनुदान पुँजीगत | २२,००,००० | ६०,६२,५५१ |
| **ख प्रदेश सरकार** | | २,३३,२८,००० | २,३४,१८,४१४ |
| १३३११ | समानिकरण अनुदान | ८१,१४,००० | ८५,६७,००० |
| १३३१२ | शसर्त अनुदान चालु | - | १,०९,६६,९७८ |
| १३३१३ | शसर्त अनुदान पूजिगत | - | - |
| १३३१४ | विशेष अनुदान चालु | ७०,००,००० | - |
| १३३१५ | विशेष अनुदान पुँजीगत | - | १९,४६,७६२ |
| १३३१७ | समपुरक अनुदान पुँजीगत | ८२,१४,००० | १९,३७,६७४ |
| **कुल जम्मा** | | **४९,२७,६३,३६७.५८** | **४८,३९,७३,२३२** |

यस नगरपालिकाको आय संरचना हेर्दा विगतका वर्षहरु (२०७८।७९ तथा २०७९।८०) को कुल आयमा आन्तरिक आयको हिस्सा क्रमश ११.०१ र ११.३ प्रतिशत रहेको छ, जुन अन्य नगरपालिकाको तुलनामा सामान्य रहेको स्थिति देखिन्छ । यस नगरपालिकाको बैङ्क मौज्दात लगायत धरौती रकम समेत उल्लेख्य मात्रामा रहेको देखिएको छ । नगरपालिकाको समग्र आयको प्रमुख स्रोतको रुपमा सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त हुने राजस्व वाँडफाँड र अनुदान बापतको रकम रहेको देखिन्छ। नगरपालिकाको समग्र आयको सारांश देहाय बमोजिम रहेको छ:

तालिका २९ : नगरपालिकाको कुल आयमा योगदान

| आय शिर्षक | २०७८/७९ यथार्थ | २०७९/८०यथार्थ आय |
|---|---|---|
| | रकम | रकम |
| आन्तरिक आय | ७,१५,९६,४०२.०७ | ५,६८,६१,७५१.५३ |
| बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धिकर | ३,२९,९२,६०१.८४ | ५,४७,३४,९०८.९९ |
| बाँडफाँड भई प्राप्त हुने अन्तशुल्क | ३,६७,१०,६९९.५६ | ०.० |
| बाँडफाँडबाट प्राप्त हुने सवारी साधनकर | १५,४८,८८१.६७ | १९५४६६१.३६ |
| बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ११,९७९ | - |
| बाँडफाँड भई प्राप्त दहत्तर बहत्तर बिक्रीबाट प्राप्त हुने आय | ३,३२,२४० | १,७२,१८१ |
| अन्य आय | ३,२७,५३४.२४ | - |

| आय शिर्षक | २०७८/७९ यथार्थ | २०७९/८०यथार्थ आय |
|---|---|---|
| | रकम | रकम |
| अन्य राजस्व आय | ३,२७,५३४.२४ | २१,६५,४१४.३९ |
| आय संघिय सरकार | ३९,१९,७९,००० | २८,९३,८७,४३३.८३ |
| आय प्रदेश सरकार | २,३३,२८,००० | २,३४,१८,४१४ |
| बैंक मौजदात | - | १०,९२,७९,२६४.१२ |

### ४.४ राजस्व परिचालनमा रहेका सवालहरु

नगरपालिकाको स्थानीय आन्तरिक आय परिचालनमा नयाँ व्यवस्था अनुसारको क्षमता विकास गर्न आवश्यक देखिन्छ । आन्तरिक आय परिचालनमा देखिएका सवालहरुलाई सम्वोधन गर्न निम्न कार्यहरु गर्न आवश्यक देखिन्छ ।

#### ४.४.१ राजस्व प्रशासनका लागि उपयुक्त सँगठन निर्माण

राजस्व परिचालन क्षमता सुधार तथा राजस्वको स्रोत र आधारहरु वृद्धि गर्न नगरपालिकामा राजस्व तथा आर्थिक प्रशासन इकाईका कर्मचारीको क्षमता अभिवृद्धि गर्नु पहिलो कार्यको रुपमा देखिन्छ । नगरपालिकाको नयाँ क्षेत्र तथा परिवर्तित राजस्व अधिकारको आधारमा नगरपालिकाले भौतिक सुविधा, उपयुक्त मानव संसाधन व्यवस्था, क्षमता विकास तालिम, कार्यविधि, सूचना तथा अभिलेख प्रणालीको आवश्यकता देखिन्छ । त्यसका अतिरिक्त वडाहरुबाट समेत तोकिएका शिर्षकहरुमा आय सङ्कलन गर्न क्षमता विकास गरी आवश्यक स्रोत तथा साधन उपलब्ध गराउन आवश्यक रहेको देखिन्छ ।

#### ४.४.२ आर्थिक ऐनमा सुधार

नगरपालिकाले आर्थिक ऐन तर्जुमा गरी स्वीकृत गरेको छ तर सो ऐनलाई अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ वमोजिम सुधार गरी व्यवहारिक तथा वस्तुपरक बनाउनुपर्ने देखिन्छ । नगरपालिकाको आर्थिक ऐन, २०७८ मा निर्धारण गरिएको कर तथा गैर करहरुको दर वैज्ञानिक तवरले निर्धारण गर्नुका साथै खानी रोयल्टी लगायत हाल सङ्कलन भईरहेको राजस्वका शिर्षक छुटेको देखिन्छ । यस्तै, परिवर्तित व्यवस्था अनुसार सबै जग्गा जमीनमा सम्पत्ति कर लगाउन नपाइने भएकाले सम्पत्ति कर लगाउन आर्थिक ऐनलाई सोही अनुसार परिमार्जन गर्नुपर्नेछ । नगरपालिकाको धेरै क्षेत्रहरु ग्रामिण भेगमा पर्दछन् । त्यसैले गाँउ, बजार तथा रणनीतिक सडक आसपासको क्षेत्रमा जमीनको मूल्य र उपयोगितामा व्यापक अन्तर हुने भएकोले जमीनको उत्पादन, उपयोगिता र सडक पहुँचको आधारमा कर लिने प्रणालीको विकास हुन सकेमा कर पनि बडी सङ्कलन हुने र बडी वैज्ञानिक समेत हुने देखिन्छ । ढुङ्गा, गिट्टी, वालुवा, आदिको उत्खनन, सङ्कलन तथा विक्रीको लागि प्रारम्भिक प्रतिवेदन तयार भईसकेको

हुनाले सो को कर र साथै नयाँ सम्भावना भएका करका किसिमहरुको पहिचान तथा उपयुक्त करको निर्धारण गरी आर्थिक ऐनमा समावेश गरिनुपर्ने देखिन्छ।

### ४.४.३ आन्तरिक आय परिचालन नीति तथा कार्यविधि

नगरपालिकाले आय परिचालन सम्बन्धी नीति तथा मुख्य आय शीर्षकहरुबाट आय सङ्कलन गर्न स्पष्ट कार्यविधि तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ। यसमा आय सङ्कलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्बन्धी व्यवस्था, अनुगमन जस्ता विषवस्तु पर्दछन्।

### ४.४.४ राजस्वका दर निर्धारण तथा प्रचार प्रसार

नगरपालिकाले हालको कानुनी व्यवस्था अनुसार राजस्व सङ्कलनका लागि दर निर्धारण गरिएको भएतापनि त्यसको प्रचार प्रसारको कमी रहेको देखिन्छ। त्यसैगरी करदातालाई आफूले तिर्नुपर्ने कर रकम र शिर्षक सम्वन्धी जानकारी उपलब्ध गराउन कर शिक्षा कार्यक्रम तथा जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने हुन्छ। साथै करदाताहरुले समयमा राजस्व नतिरेमा दण्ड जरिवाना लाग्ने विषयमा पनि प्रचार प्रसार गर्नु पर्दछ।

### ४.४.५ तथ्याङ्कमा आधारित अभिलेख

नगरपालिकामा आन्तरिक आयको अधिकतम परिचालनका लागि यसका आधारहरूको अभिलेख अद्यावधिक हुनु जरुरी छ। नगरपालिकालाई प्राप्त राजस्वका अधिकारसँग सम्बन्धित व्यक्तिगत सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा सुविधाहरू आदिको अभिलेख तयारी तथा अद्यावधिक गर्न आवश्यक रहेको छ। अद्यावधिक अभिलेख बिना राजस्व सम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन सक्दैन।

### ४.४.६ समन्वय संयन्त्र

राजस्व परिचालन नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व सङ्कलन विधि निर्धारण जस्ता कार्यमा आन्तरिक तथा वाह्य निकायहरूसँग समन्वय अपरिहार्य हुन्छ। यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई सक्रिय तथा प्रभावकारी बनाउनु पर्दछ। आय सङ्कलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखाबीच निरन्तर समन्वय हुन जरुरी देखिन्छ। त्यसैगरी राजस्व बाँडफाँट सम्बन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय तहहरूसँग समन्वय गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ। राजस्व प्रशासनलाई प्रभावकारी बनाउन जनप्रतिनिधीहरुले नियमित अनुगमन र छलफल गर्नुपर्दछ। साथै स्थानीय करदाता केन्द्रित समुदायहरुसँग छलफल गरी नयाँ करका शिर्षकहरु कार्यान्वयनमा ल्याउनु पर्दछ।

### ४.४.७ चुहावत नियन्त्रण, पारदर्शिता र जवाफदेहिता

आयको सङ्कलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ। नगरपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निन्तर सम्वाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडिया मार्फत् राजस्व र करबाट प्राप्त आयलाई के के शिर्षकमा खर्च गरियो भन्ने विवरणबारे जनता तथा सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रसासहरू हुन सक्दछन्।

# परिच्छेद ५. राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा प्राथमिक तथा द्वितीय स्रोतबाट सङ्कलित सूचना विश्लेषण तथा अन्तर्क्रियाबाट तयार गरिएको बडीमालिका नगरपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ।

## ५.१ रणनीति तथा कार्यनीति

यस नगरपालिकामा विद्यमान कानूनद्वारा प्रदत्त केही राजस्व अधिकारहरु हालसम्म प्रयोगमा ल्याउन सकिएको देखिंदैन। अर्कोतर्फ नगरपालिकाले तर्जुमा गरी जारी गरेका कानूनहरु समेतमा सामन्य सुधार तथा परिमार्जनको गुन्जायस रहेको देखिएकोले नगरपालिकाले यसतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ। यी तथ्यहरुलाई समेत दृष्टिगत गरी आन्तरिक राजस्व परिचालन सम्बन्धमा देहाय अनुसार रणनीतिहरु अवलम्वन गर्नुपर्ने देखिन्छ।

१. राजस्व सम्बन्धी कानूनी व्यवस्थामा सुधार गरी आवश्यक परे करको दर घटाई आन्तरिक आयको दायरा फराकिलो बनाउने।
२. राजस्व प्रशासनको संस्थागत सुदृढीकरण गरी व्यवस्थित बनाउने।
३. राजस्व प्रणालीलाई सरल, सहज, करदातामैत्री, पारदर्शी र समावेशी बनाउने।
४. समन्वय र सहकार्यको अभिवृद्धि गरिने।

तालिका ३०: राजस्व सुधार कार्ययोजनाको रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| राजस्व सम्बन्धी कानूनी व्यवस्थामा सुधार गरी आन्तरिक आयको दायरा फराकिलो बनाउने। | ▪ नगरपालिकामा राजस्वसँग सम्बन्धित आवश्यक ऐन तथा नियमहरु तर्जुमाका साथै तर्जुमा भईसकेका ऐन नियमलाई सुधार गरी अझ बडी व्यवहारिक तथा वैज्ञानिक बनाउँदै लगिने छ।<br>▪ कर तथा सेवा शुल्कलाई सम्बन्धित करदाता एवम् विषय क्षेत्रसँग आवद्ध गराउँदै लगानी गरिनेछ।<br>▪ कर, शुल्क, सेवा शुल्क आदिको दर तथा दायरा निर्धारण गर्दा निजी क्षेत्र तथा सरोकारवालाहरुसँग परामर्श गर्ने पद्धतिको संस्थागत विकास गरिने छ।<br>▪ करको भार बहन क्षमता समेतका आधारमा कर नीतिलाई विवेकसम्मत र प्रगतिशिल बनाइने छ।<br>▪ राजस्व स्रोतका दायराको यकिन तथ्याङ्क सङ्कलन गरी सम्भाव्यताका आधारमा समय सापेक्ष रुपमा करदाताहरुको सङ्ख्या बढाउँदै लगिने छ।<br>▪ राजस्वको स्रोत वृद्धि गर्ने पूँजी लगानीको सम्भाव्यता अध्ययन गरिने छ।<br>▪ सम्पत्ति मूल्याङ्कन सम्बन्धी सिफारिसलाई निश्चित आधार र मापदण्डमा आवद्ध गरी एकरुपता कायम गरिने छ।<br>▪ आन्तरिक राजस्वका विभिन्न स्रोतहरुबारे सम्भावना अध्ययन, पहिचान, स्रोतहरुको यकिन तथ्याङ्क, सूचना सङ्कलन गर्न कार्यदलहरु बनाई वडागत रुपमा परिचालन गरिने छ। करका स्रोत अनुसारका तथ्याङ्क हरेक वर्ष आवधिक गरिने छ।<br>▪ नगरपालिकामा पर्यटन प्रवर्द्धन गर्न पूर्वाधारहरुको विकास गर्नुका साथै पर्यटन विकासमा यस |

| | |
|---|---|
| | नगरपालिकामा रहेका ऐतिहासिक धरोहर तथा वस्तीको संरक्षण तथा विकास गर्न निजी क्षेत्रसँग साझेदारीको पहल गरिने छ।<br>▪ पूर्वाधार उपयोग दस्तुर, घर बहाल कर, व्यवसाय कर जस्ता स्रोत परिचालन गर्न दर निर्धारण गर्दा समेत छिमेकी पालिका र अन्य करदातासँग छलफल तथा परामर्श गरिने छ।<br>▪ नियमित एवम् बडी कर तिर्ने करदातालाई सम्मान गरिने छ।<br>▪ समयमा कर तिर्ने करदातालाई प्रोत्साहन तथा बक्यौता राख्ने करदातालाई जरिवाना लगाइने छ। |
| राजस्व प्रशासनको संस्थागत सुदृढीकरण गरी व्यवस्थित बनाउने। | ▪ नगरपालिकाको समग्र राजस्व परिचालन सम्बन्धी नीतिहरुलाई कार्यान्वयन गर्न राजस्व शाखाको सुदृढीकरण गरी क्षमतावृद्धि गरिने छ।<br>▪ नगरपालिकाको राजस्व शाखामा स्वीकृत सँगठन संरचना अनुसारको दरबन्दी पूर्ति गरिने छ।<br>▪ राजस्व परामर्श समिति, राजस्व शाखा र वडा कार्यालयका कर्मचारीहरुको क्षमता अभिवृद्धि गरिने छ।<br>▪ राजस्व शाखाका लागि खरिद गरिएको आवश्यक उपकरण सफ्टवेयर क्रमश वडा कार्यालयहरुसँग सूचना सञ्जालमा जोड्दै लगिने छ। स्थानीय करबारे सर्वसाधारणलाई जानकारी गराउने करदाता शिक्षा तथा सचेतना कार्यक्रम समुदाय/टोल एवम् वडास्तरमा सञ्चालन गरिने छ।<br>▪ प्रादेशिक तथा जिल्लाका स्थानीय तह स्तरमा राजस्व परिचालन बारे ज्ञान सीप, अनुभव आदान-प्रदान गरिने छ।<br>▪ राजस्व सम्बन्धी आन्तरिक नियन्त्रणको व्यवस्थाको लागि राजस्व रसिद नियन्त्रण खाता राखिने छ र प्रत्येक वडाबाट मासिक रुपमा स्रोत खुल्ने गरी राजस्वको प्रतिवेदन लिने प्रणाली अवलम्वन गरिने छ। |
| राजस्व प्रणालीलाई सरल, सहज करदातामैत्री, पारदर्शी र समावेशी बनाउने। | ▪ कर सङ्कलनमा यथासम्भव निजी क्षेत्र, उपभोक्ता समिति एवम् सहकारी संस्थासँग सहकार्य गरिने छ।<br>▪ कर प्रशासनलाई पारदर्शी गराउन कर सम्बन्धी सूचनाहरुमा नागरिकहरुको पहुँच पुर्‍याईने छ। कर/राजस्व सूचना जानकारी अर्धवार्षिक एवम् वार्षिक प्रतिवेदन नगरपालिकाको वेभसाईटमा राखिने छ। साथै यस्तो सूचनाहरु नगरपालिका तथा वडा कार्यालयको सूचना पाटीमा टाँस गर्ने व्यवस्था मिलाईने छ।<br>▪ करदाता शिक्षा, कर सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिने।<br>▪ महिला, अपाङ्गता भएका व्यक्ति तथा गरिब तथा कमजोर आर्थिक अवस्थाका स्थानीय व्यवसायी तथा घरमूलीहरुलाई करमा विशेष छुटको व्यवस्था मिलाईने छ। |
| समन्वय र सहकार्यको अभिवृद्धि गरिने छ। | ▪ पर्यटन शुल्क तथा प्राकृतिक स्रोतमा आधारित करका सम्बन्धमा छिमेकी पालिकाहरुसँग समेत समन्वय तथा सहकार्य गरिने छ।<br>▪ बाझिएका नीतिगत व्यवस्था संशोधनका लागि आवश्यक समन्वय गरिने छ।<br>▪ राजस्वसँग सम्बन्धित विषय प्रदेश सरकार तथा जिल्ला सम्न्वय समितिसँग नियमित अन्तर्क्रिया गरिने छ। यसैगरी जिल्लाका अन्य छिमेकी स्थानीय तहहरुसँग समन्वय बैठक आयोजना गरी राजस्व सङ्कलनका सवालहरुबारे छलफल गरी समाधान गरिने छ।<br>▪ राजस्व प्रशासनलाई प्रभावकारी बनाउन प्रदेश सरकार तथा जिल्ला समन्वय समितिसँगको सहकार्य तथा समन्वयमा जोड दिइने छ। |

## ५.२ राजस्व तथा कर सुधार कार्ययोजना

परामर्शदाताद्वारा संकलित अन्य सूचना तथा विश्लेषणबाट आएका नतिजाहरूलाई समेत समावेश गरी नगरपालिकाको राजस्व सुधार कार्ययोजनाको तल उल्लेखित मस्यौदा तयार गरिएको छ । यस कार्ययोजनाका क्रियाकलापहरूलाई देहायअनुसार निम्न तीन क्षेत्रमा विभाजन गरिएको छ;

### ५.२.१ स्थानीय कर राजस्व सुधार कार्य योजना

यस उप खण्डमा नगरपालिकाको आन्तरिक राजस्व जस्तैः भूमिकर वा मालपोत, सम्पत्तिकर, सवारी कर, घरजग्गा बहाल कर, व्यवसायकर, जडिबुटी तथा कवाडी कर, विज्ञापन कर लगायतका स्थानीय करहरुको राजस्व सुधार कार्य योजना र त्यसको लागि सुधार गरिनु पर्ने कार्यहरु, समयावधि र जिम्मेवारी समेट किटान गरी कार्य योजना प्रस्ताव गरिएको छ ।

तालिका ३१: स्थानीय कर राजस्व सुधार कार्ययोजना

| क्र.सं. | सुधारका लागि गरिनुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | **भूमि कर** | | |
| | सम्पुर्ण वडा कार्यालयहरुमा मलापोत संकलन तथा बक्यौताको विवरण अद्यावधिक गर्ने । (सम्पुर्ण वडाहरुमा मालपोत संकलनको विवरण अभिलेखका लागि बेग्लै ढड्डाको व्यवस्था गर्ने । | २०८१ श्रावण महिना देखि | राजस्व उपशाखा<br>वडा कार्यालय |
| | वडागत रुपमा सम्पूर्ण जग्गाको वर्गीकरण अनुसार अभिलेख राख्ने र नियमित अद्यावधिक गर्ने। | २०८२ जेष्ठ मासान्त सम्म | राजस्व उपशाखा<br>वडा कार्यालय |
| | जग्गाको वर्गीकरण अनुसार मालपोतको दर निर्धारण गरी आर्थिक ऐनमा उल्लेख गर्ने । | २०८२ असार मासान्त सम्म | राजस्व परामर्श समिति |
| | मालपोत संकलनका लागि वडागत अभियान संचालन गर्ने | २०८१ असोज देखि आवधिक रुपमा | राजस्व उपशाखा<br>वडा कार्यालय |
| २ | **सम्पत्तिकर** | | |
| | आर्थिक ऐनमा हाल भएको सम्पत्ति कर सम्बन्धी प्रावधान (एकिकृतको रुपमा रहेको) लाई विद्यमान संघीय कानून बमोजिम परिमार्जन गर्ने । | २०८२ ज्येष्ठ मसान्त सम्म | राजस्व उपशाखा नगर कार्यपालिका |
| | नयाँ प्रावधान अनुरुपको सम्पत्ति कर सम्बन्धी पदाधिकारी तथा कर्मचारीहरुमा तालिम संचालन गर्ने। | २०८२ असार मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत |
| | हालको सम्पत्ति कर ऐन तथा व्यवस्थापन कार्यविधि पुनरावलोकन गरी आवश्यक संसोधन गर्ने । | २०८२ असार मसान्त सम्म | राजस्व परामर्श समिति |
| | क्षेत्र निर्धारण गरी सम्पत्ति मूल्यांकन दर र सम्पत्ति करको दर परिमार्जन गर्ने । | २०८२ बैशाख मसान्त सम्म | नगर कार्यपालिकान |
| | सम्पत्तिकर सप्टवयेरमा आवश्यक परिमार्जन गर्ने । | २०८२ जेष्ठ मसान्त सम्म | नगर कार्यपालिका |
| | मालपोतको न्युनतम मूल्यांकन दरसँग सामन्जस्यता हुने गरी सम्पत्तिको मूल्यांकन पुनरावलोकन गरी यथार्थपरक वनाई करदाताको तिर्न सक्ने क्षमतालाई | २०८२ आसार मसान्त सम्म | राजस्व परामर्श समिति<br>नगरसभा |

| | | | |
|---|---|---|---|
| | मध्यनजर गर्दै करको दरलाई पुनरावलोकन गर्ने। | | |
| | मूल्याङ्कन अनुसारको करदाताको लगत तयार गरी कम्प्यूटर सफ्टवेयरमा सबै घरजग्गा धनीहरुको लगत तयार गर्ने। | २०८१ कार्त्तिक मसान्तसम्म | राजस्व शाखा |
| | लगत अनुसार प्रत्येक घरधनीहरुलाई सम्पत्ति करको विल छपाई गरी वडामार्फत घर घरमा पठाउने। | २०८१ फाल्गुण मसान्तसम्म | राजस्व शाखा |
| **३** | **सवारी कर (अटो रिक्सा, ई रिक्सा)** | | |
| | अटो रिक्सा, ईरिक्साको दर्ता तथा इजाजत कार्यविधि तर्जुमा गर्ने। | २०८२ ज्येष्ठ मसान्त सम्म | राजस्व परामर्श समिति र नगर कार्यपालिका |
| | अटो रिक्सा तथा ई रिक्साहरूको दर्ता तथा नवीकरण दस्तुर निर्धारण गर्ने। | २०८२ आसार मसान्त सम्म | राजस्व परामर्श समिति र नगर कार्यपालिका |
| **४** | **घरजग्गा बहाल कर** | | |
| | बहालमा भएका घर तथा जग्गाहरुको लगत संकलनगर्ने। | २०८२ आसार मसान्त सम्म | राजस्व उप-शाखा वडा कार्यालय |
| | घरजग्गा वहाल कर असुली व्यवस्थालाई आर्थिक ऐनमा स्पष्ट ब्यवस्था गर्ने। | २०८२ आसार मसान्त सम्म | राजस्व परामर्श समिति |
| | घरजग्गा वहाल करको दर पुनरावलोकन गरी (बहालको प्रयोजनका आधारमा फरक फरक) आर्थिक ऐनमासमावेश गर्ने। | २०८२ आसार मसान्त सम्म | राजस्व परामर्श समिति |
| | सम्पत्तिको अभिलेखमा वहालमा भएका घरजग्गाको लगत अद्यावधिक गरी घरजग्गा वहाल कर रकम निर्धारण तथा असुल गर्ने। | २०८१ श्रावण देखि निरन्तर | राजस्व शाखा र वडा कार्यालय |
| **५** | **व्यवसाय कर** | | |
| | हालसम्म दर्ता भएका व्यवसायहरुको लगत अद्यावधिक गर्ने तथा दर्तामा नआएकालाई दर्ता गर्न प्रोत्साहन गर्ने | २०८२ आसार मसान्त सम्म | राजस्व उप-शाखा वडा कार्यालय |
| | व्यवसाय करको दरलाई व्यवसायको वर्गीकरणको आधारमा पुनरावलोकन गरी आर्थिक ऐनमा समावेश गर्ने। | २०८२ आसार मसान्त सम्म | राजस्व परामर्श समिति, नगर सभा |
| | उद्योग वाणिज्य संघ, होटल व्यवसाय संघ, घरेलु कार्यालय तथा अन्य मूख्य सरोकारवालासँग नियमितसमन्वय र अन्तरक्रिया गर्ने। | २०८१ आसार मसान्त देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत |
| | व्यवसायको तथ्यांक÷लगत, व्यवसाय करको दर तथा संकलनको अवस्था सम्बन्धी अनुगमन तथा मुल्यांकन गर्ने। | चौमासिक | राजस्व परामर्श समिति, नगर कार्यपालिका |
| **६** | **जडिबुटी तथा कवाडी कर** | | |
| | जडिवुटी संकलनको सम्भाव्य क्षेत्र पहिचान गरी बिक्री हुने परिमाण एकिन गर्न समन्वय गर्ने। | २०८२ ज्येष्ठ मसान्त सम्म | सम्बन्धीत वडा कार्यालय |
| | जडिवुटीको प्रकृति अनुसार करको दर निर्धारण गरी आर्थिक ऐनमा समावेश गर्ने। | २०८२ असार सम्म | राजस्व परामर्श समिति र नगर सभ |
| | कवाडी करको दर पुनरावलोकन गरी परिमार्जन गर्ने र आर्थिक ऐनमा समावेश गर्ने। | २०८२ असार सम्म | राजस्व परामर्श समिति र नगर सभ |

| | | | |
|---|---|---|---|
| ७ | **विज्ञापन कर** | | |
| | विज्ञापन करको दररेट परिमार्जन गरी आर्थिक ऐनमा समावेश गर्ने। | २०८२ असार सम्म | राजस्व परामर्श समिति र नगर कार्यपालिका |
| | न्यूनतम ठेक्का अंक निर्धारण गरी ठेक्का प्रकृया अगाडी बढाउने। | २०८२ असार सम्म | राजस्व उप-शाखा |

## ५.२.२ गैरकर राजस्व सुधार कार्य योजना

यस उप खण्डमा नगरपालिकाको गैर कर राजस्व जस्तैः प्राकृतिक स्रोत एवं माटो जन्य पदार्थको बिक्रीबाट हुने आय, सामुदायिक वनबाट हुने आय, नक्शा पास दस्तुर, दर्ता अनुमति तथा नविकरण दस्तुर, सेवा शुल्क तथा सिफारिस दस्तुर, फोहोर मैला व्यवस्थापन दस्तुर लगायतका नगरपालिकाले आम्दानी गर्नु शुल्कहरुको कार्ययोजना  र त्यसको लागि सुधार गरिनु पर्ने कार्यहरु, समयावधि र जिम्मेवारी समेत किटान गरी कार्य योजना प्रस्ताव गरिएको छ।

तालिका ३२ : गैर कर राजस्व सुधार कार्य योजना

| क्र.सं. | सुधारका लागि गरिनुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | **स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य पदार्थको बिक्री** | | |
| | प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिमको परिमाणमा ठेक्का आव्हान गर्ने। | २०८२ ज्येष्ठ मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत राजस्व परामर्श समिति, कार्यपालिका |
| | कुनै स्थानमा ठेक्का नलागेमा अमानतबाट संकलन गर्न सकिने व्यवस्थालाई समावेश गरी सो अनुरुप कार्यान्वयन गर्ने। | २०८२ असार मसान्त सम्म | राजस्व परामर्श समिति, नगर सभा |
| | ठेक्कामा उल्लेख भएको शर्त नमानेमा हुन सक्ने कारबाही र दण्ड सजायको व्यवस्था आर्थिक ऐनमा उल्लेख गर्ने। | २०८२ असार मसान्त सम्म | नगर कार्यपालिका |
| | उत्खनन तथा बिक्री परिमाण ठेक्का सम्झौता अनुरुप भए नभएको अनुगमनका लागि अनुगमन समिति गठन गर्ने। | २०८२ असार मसान्त सम्म | नगर कार्यपालिका |
| | अनुगमनलाई नियमित र प्रभावकारी बनाई प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले सिफारिश गरेको परिमाण तथा प्रावधानहरुको पालना सुनिश्चित गर्ने। | २०८२ श्रावण देखि नियमित | नगर प्रमुख, उप प्रमुख, प्रमुख प्रशासकिय अधिकृत अनुगमन समिति |
| २ | **सामुदायिक वनबाट हुने आय** | | |
| | सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई नगरपालिकाबाट स्वीकृत गर्नुपर्ने व्यवस्था लागू गर्ने | २०८२ जेष्ठ मसान्त सम्म | नगर कार्यपालिका |
| | वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सञ्चित कोषमा जम्मा गर्नुपर्ने | २०८२ असार मसान्त सम्म | राजस्व परामर्श समिति, नगर सभा |

| | | | |
|---|---|---|---|
| | व्यवस्था आर्थिक ऐनमा उल्लेख गर्ने । | | |
| **३** | **नक्शा पास दस्तुर** | | |
| | भवन निर्माणको नियमित अनुगमन गर्ने र सम्पूर्ण संरचनाहरुलाई नक्सापास र पुराना संरचनालाई अभिलेखिकरणको दायरामा ल्याउने | आ.व. २०८१/८२ बाट निरन्तर | प्राविधिक शाखा वडा कार्यालय |
| | नक्सापास तथा अभिलेखिकरण दस्तुरकोदर पुनरावलोकन गरी आवश्यकता अनुसार परिमार्जन गर्ने । | २०८२ असार मसान्त सम्म | राजस्व परामर्श समिति, नगर सभा |
| **४** | **दर्ता, अनुमति तथा नवीकरण दस्तुर** | | |
| | विद्यालय स्थापना, घ वर्गको ठेक्का इजाजत, एफ.एम. रेडियो संचालन, स्थानीयस्तरमा व्यापारिक फर्म आदिको दर्ता गर्ने कार्यविधि तर्जुमा गर्ने र दर्ता तथा नवीकरण दस्तुरको दर आर्थिक ऐनमा समावेश गर्ने । | २०८२ असार मसान्त सम्म | राजस्व परामर्श समिति, नगर कार्यपालिका, नगर सभा |
| **५** | **सेवा शुल्क, सिफारिश तथा प्रमाणित दस्तुर** | | |
| | सिफारिश तथा अन्य सेवा शुल्कको दर पुनरावलोकन गरी आवश्यकता अनुसार परिमार्जन गर्ने ।<br>मुख्य पुनरावलोकन गर्नुपर्ने शिर्षकहरु; काठ कटानी सिफारिश, वार्षिक आय प्रमाणित, घरजग्गा मुल्यांकन, स्वास्थ्य सेवा आदी । | २०८२ असार मसान्त सम्म | राजस्व परामर्श समिति, नगर सभा |
| **६** | **बहाल बिटौरी शुल्क** | | |
| | सार्वजनिक जग्गाहरुमा उपयोग बारेको विवरण तयार गरी नापनक्सा अध्यावधिक गर्ने । | २०८२ असार मसान्तसम्म | कार्यपालिका<br>राजस्व परामर्श समिति |
| | बहाल विटौरी करको दर निर्धारण गर्ने । | २०८२ असार मसान्तसम्म | कार्यपालिका<br>राजस्व परामर्श समिति |
| | सार्वजनिक जग्गाहरुमा बसपार्क, कृषि हाटबजार, शौचालय निर्माण गरी बहालमा लगाउने । | आ.व. २०८१/८२ देखि | नगर कार्यपालिका |
| **७** | **फोहोर मैला व्यवस्थापन दस्तुर** | | |
| | फोहर मैला व्यवस्थापन शुल्कको दर निर्धारण गरी आर्थिक ऐनमा उल्लेख गर्ने । | २०८२ असार<br>मसान्त सम्म | राजस्व परामर्श<br>समिति, नगर सभा |
| **८** | **पूर्वाधार उपयोग शुल्क** | | |
| | पूर्वाधार उपयोग (सवारी वार्षिक/पटके) महशुल दर निर्धारण गर्ने | २०८२ असार मसान्तसम्म | नगरसभा, नगरपालिका |
| | साझा सडकमा शुल्क लगाउन छिमेकी स्थानीय तहसँग समन्वय गर्ने । | २०८२ असार मसान्तसम्म | नगरसभा, नगरपालिका |
| | खानेपानी महशुल दर निर्धारण गर्ने । | २०८२ असार मसान्तसम्म | नगरसभा, नगरपालिका |
| | सिंचाई महशुल दर निर्धारण गर्ने । | २०८२ असार मसान्तसम्म | नगरसभा, नगरपालिका |

| | | | |
|---|---|---|---|
| **९** | **दीर्घकालीन आय स्रोतको पहिचान तथा सम्भाव्यता** | | |
| | नगरपालिकालाई दीर्घकालीन आय हुन सक्ने सम्भाव्य क्षेत्रहरुको पहिचान गर्ने। | २०८२ असार मसान्त सम्म | नगर कार्यपालिका, नगर सभा |
| | पहिचान भएका क्षेत्रहरुबाट हुन सक्ने आय सम्भाव्यता अध्ययनका लागि आवश्यक रकम विनियाजन गर्ने। | २०८२ असार मसान्त सम्म | नगर कार्यपालिका, नगर सभा |

## ५.३ राजस्व प्रशासन सुधार कार्ययोजना

यस उप खण्डमा राजस्व प्रशासनको सुधारको लागि गरिनु पर्ने प्रयासहरुलाई कार्य योजनाको रुपमा प्रस्ताव गरिएको छ। नगरपालिकाले सांगठनिक स्वरुप तथा संस्थागत क्षमता विकास, कानुनी तथा नीतिगत व्यवस्था, सेवा विस्तार, राजस्व असुली रणनीति, समन्वय तथा नियमित अनुगमन लगायतका राजस्व प्रसाशन सुधारका कार्यक्रमहरु गर्दै जानु पर्दछ। राजस्व प्रशासन सुधारको लागि देहाय बमोजिमको कार्य योजना प्रस्ताव गरिएको छ;

तालिका ३३: राजस्व प्रशासन सुधार कार्य योजना

| क्र.सं. | सुधारका लागि गरिनुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **१** | **सांगठनिक स्वरुप तथा संस्थागत क्षमता** | | |
| | राजस्व उपशाखा र कर्मचारीको लागि कार्य विवरण तयार गरी लागूगर्ने। | २०८२ असार १५ सम्म | प्रमुख प्रशासकीय अधिकृत, नगर कार्यपालिका |
| | सबै वडाहरुमा राजस्व हेर्ने डेडिकेटड कर्मचारीको व्यवस्था गर्ने। | २०८२ असार १५ सम्म | प्रमुख प्रशासकीय अधिकृत, नगर कार्यपालिका |
| | राजस्व प्रशासन सँग सम्बन्धीत नगर तथा वडाका कर्मचारी तथा पदाधिकारीहरुका लागि तालिम तथा भ्रमणको व्यवस्था। | २०८२ असार १५ सम्म | प्रमुख प्रशासकीय अधिकृत, नगर कार्यपालिका |
| | नगरपालिकामा जिआइएस तथा योजना विदको नियुक्ति गर्ने | २०८२ मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत, नगर कार्यपालिका |
| | कर्मचारीलाई राजस्व असुलीको आधारमा कार्यसम्पादन मूल्याङ्कन गरी प्रोत्साहन गर्ने। | वार्षिक रुपमा (नगर सभा गर्ने दिनमा) | नगर कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत |
| | उत्कृष्ष करदाता पुरस्कृत तथा सम्मान गर्ने | वार्षिक रुपमा (नगर सभा गर्ने दिनमा) | नगर कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत |
| **२** | **कानुनी तथा नीतिगत व्यवस्था** | | |
| | **आर्थिक ऐन पुनरावलोकन तथा परिमार्जनः**<br>▪ हालको राजस्व अधिकारका सम्भाव्य शीर्षकहरुको राजस्वका दर तथा संकलन व्यवस्था उल्लेख गर्ने।<br>▪ दफामा व्यवस्था भए बमोजिम अनुसूचीमा दर उल्लेख गर्ने।<br>▪ व्यवहारिक नदेखिएका र लागूनहुने प्रावधानहरुलाई हटाउने।<br>▪ अर्थिक ऐनमा राजस्व असुलीको व्यवस्था संगै दण्ड, सजाय तथा पुरस्कार को व्यवस्था | २०८२ असार मसान्त सम्म | राजस्व परामर्श समिति, नगर सभा, नगर कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत |

| | | | |
|---|---|---|---|
| | पनि उल्लेख गर्ने ।<br><br>**आवश्यक कार्यविधि तर्जुमा तथा परिमार्जन गर्नेः**<br>▪ सम्पत्ति कर व्यवस्थापन कार्यविधि<br>▪ घरजग्गा बहाल कर व्यवस्थापन कार्यविधि ।<br>**राजस्व सम्बन्धी नीति तर्जुमा गर्दा निम्न पक्ष समावेश गर्ने**<br>▪ प्रगतिशिल करको दर प्रणाली ।<br>▪ करदाता मैत्री संकलन प्रणाली ।<br>▪ वडा स्तरबाट कर संकलन ।<br>▪ कर शिक्षा अभियान शुरु गर्ने आदि । | | |
| ३ | **सेवा विस्तार** | | |
| | सबै वडा कार्यालयहरुमा राजस्व प्रशासनका लागि कम्प्युटर विलिङ प्रणाली शुरुवात गर्ने । | २०८१ श्रावण १ देखि | राजस्व उपशाखा, वडा कार्यालयहरु |
| ४ | **राजस्व असुली रणनीति** | | |
| | विभिन्न सञ्चार माध्यमबाट कर असुलीका लागि चेतनामूलक प्रचार प्रसार गर्ने | २०८१ श्रावण देखि निरन्तर | राजस्व परामर्श समिति, राजस्व उप शाखा, वडा कार्यालय |
| | कर करदातालाई उस÷उनले तिर्ने करबारे एसएमएस लगायतका प्रभावकारी माध्यमबाट जानकारी गराउने तर्फ उन्मुख हुने। | २०८१ श्रावण देखि निरन्तर | राजस्व परामर्श समिति, राजस्व उप शाखा, वडा कार्यालय |
| | कर नीतिमा ढिलो कर तिर्नेलाई विलम्ब शुल्क लगायत दण्डको व्यवस्था र नियमित तथा बडी कर तिर्ने करदातालाई पुरस्कारको व्यवस्था गर्ने । | २०८१ श्रावण देखि निरन्तर | राजस्व परामर्श समिति, राजस्व उप शाखा, वडा कार्यालय |
| | कर उठाउने टोली खटाई व्यवसाय दर्ता तथा नवीकरण गर्ने | २०८१ श्रावण देखि निरन्तर | राजस्व परामर्श समिति, राजस्व उप शाखा, वडा कार्यालय |
| | निर्धारित समय भन्दा ढिलो कर तिर्नेलाई जरिवाना तथा समयमा तिर्नेलाई प्रोत्साहनको व्यवस्था गर्ने | नियमित | नगरपालिका |
| ५ | **समन्य अनुगमन र समीक्षा** | | |
| | ▪ राजस्व सँग सम्बन्धित सरोकारवालाहरु सँग नियमित समन्वय तथा छलफल गर्ने ।<br>▪ स्थानीय राजस्व परामर्श समितिको बैठक नियमित बसी राजस्व संकलन प्रगतिको समिक्षा गरी सुधारका कदम चाल्ने।<br>▪ आवश्यकता अनुसार राजस्वका संकलन क्षेत्रमा अनुगमन गर्ने ।<br>▪ चालु आ.व.मा भए गरेका कर असुलीको आन्तरिक एवम् अन्तिम लेखा परीक्षण गर्ने।<br>▪ आर्थिक प्रतिवेदन तयार गर्ने र सार्वजनिकिकरण | चौमासिक रुपमा निरन्तर | राजस्व उप शाखा, राजस्व परामर्श समिति, प्रमुख प्रशासकिय अधिकृत, नगर कार्यपालिका |

| | | | |
|---|---|---|---|
| | गर्ने ।<br>▪ अनुगमन गरी छुटेका करदातालाई करको दायरामा ल्याउने ।<br>▪ कर चुहावत नियन्त्रण गर्ने । | | |
| ६ | **राजस्व सुधार कार्य योजना कार्यान्वयन गर्ने** | | |
| | नगरपालिकामा राजस्व शाखाको लागि कार्यकक्ष, कम्प्युटर, प्रिन्टर, विद्युत ब्याकअप सहितको सुविधा उपलब्ध गराउने । | २०८१ जेष्ठ मसान्त देखि | नगर कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत |
| | यस कार्ययोजनामा उल्लेख भएका कृयाकलापहरुको कार्यान्वयन अनुगमनका लागि अनुगमन समिति गठन<br>गर्ने । | २०८२ जेष्ठ मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत, राजस्व उपशाखा,अनुगमन समिति |
| | कृयाकलापहरु कार्यान्वयनको सुनिश्चितता गर्न आवधिक रुपमा अनुगमन तथा मुल्यांकन गर्ने | २०८१ असार देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत, राजस्व उपशाखा,अनुगमन समिति |
| | कृयाकलापहरु सुधार गर्नुपरेमा आवश्यक परिमार्जन गर्दै जाने । | २०८१ असार देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत, राजस्व उपशाखा,अनुगमन समिति |

# परिच्छेद ६. आगामी तीन वर्षको आय प्रक्षेपण

यस परिच्छेदमा आगामी ३ आर्थिक वर्षहरुका लागि नगरपालिकाको राजस्व प्रक्षेपण गरिएको छ । महालेखा परीक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४ को आधारमा आय प्रक्षेपण गरिएको छ । नगरपालिकाको राजस्व अधिकार, हालको आय सङ्कलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात आय सङ्कलनमा पार्ने प्रभाव समेतलाई मध्यनजर गर्दै आगामी ३ वर्षको आय प्रक्षेपण गरिएको छ । यस प्रक्षेपणले नगरपालिकाको आय बजेट तर्जुमा गर्न सहयोग पुग्नेछ ।

## ६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन भई आगामी ३ वर्ष (आ.व. २०७९।८०-२०८१।८२)को लागि आय प्रक्षेपण गरिएको छ । यो आय अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको छ । धेरैजसो शीर्षकहरूको आय प्रक्षेपण प्राप्त तथ्याङ्कमा आधारित छ भने भविष्यमा आयका आधारको दायरा बढ्न गई सोबाट हुने योगदानलाई समेत मध्यनजर गरिएको छ । त्यसैगरी केही शीर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय सङ्कलनको वृद्धिदरलाई आधार मानिएको छ ।

तालिका ३४: आगामी तिन वर्षका लागि राजस्व प्रक्षेपण आधार

| क्र.सं. | राजस्व शिर्षक | कुल सम्भाव्य आय | आगामी आ.व.को लागि प्रक्षेपण (रुपैयामा) | |
|---|---|---|---|---|
| | | | प्रक्षेपणको आधार | प्रक्षेपित रकम |
| **१. आन्तरिक आय** | | | | |
| १. | सम्पत्ति कर | ६३,७३,००० | कुल सम्भावनाको ३०% र त्यसपछिका आ.व.मा १०% ले बढ्दै जाने | ८२,८४,९०० |
| २. | भूमि कर (मालपोत) | १३,८३,००० | कुल सम्भावनाको ६०% र त्यसपछिका आ.व.मा १०% ले बढ्दै जाने | २२,१२,८०० |
| ३. | घर जग्गा बहाल कर | १९,८७,५०० | कुल सम्भावनाको ५०% र त्यसपछिका आ.व.मा १०% ले बढ्दै जाने | २९,८१,२५० |
| ४. | विज्ञापन कर | १०,००,००० | कुल सम्भावनाको ७०% र त्यसपछिका आ.व.मा १०% ले बढ्दै जाने | १७,००,००० |
| ५. | व्यवसाय कर | ४०,५५,००० | कुल सम्भावनाको ७०% र त्यसपछिका आ.व.मा १५% ले बढ्दै जाने | ६८,९३,५०० |
| ६. | मनोरञ्जन कर | ७५,००० | कुल सम्भावनाको ६०% र त्यसपछिका आ.व.मा १५% ले बढ्दै जाने | १,२०,००० |
| ७. | सेवा शुल्क | २०,००,००० | कुल सम्भावनाको ६०% र त्यसपछिका आ.व.मा १५% ले बढ्दै जाने | ३२,००,००० |
| ८. | नक्शा पास | १०,००,००० | कुल सम्भावनाको ९०% र त्यसपछिका आ.व.मा १०% ले बढ्दै जाने | १९,००,००० |
| ९. | सिफारिस तथा प्रामाणित शुल्क | १८,७५,००० | कुल सम्भावनाको ६०% र त्यसपछिका आ.व.मा १५% ले बढ्दै जाने | ३०,००,००० |

| | | | | |
|---|---|---|---|---|
| १०. | जडिबुटी कवाडी शुल्क | २,००,००० | कुल सम्भावनाको ६०% र त्यसपछिका आ.व.मा १५% ले बढ्दै जाने | ३,२०,००० |
| ११. | सरकारी सम्पत्तिको बहाल | १,४०,००० | कुल सम्भावनाको ६०% र त्यसपछिका आ.व.मा १०% ले बढ्दै जाने | २,२४,००० |
| १२. | अन्य विक्री | २,५०,००० | कुल सम्भावनाको ९०% र त्यसपछिका आ.व.मा १०% ले बढ्दै जाने | ४,७५,००० |
| १३. | व्यवसाय दर्ता | ४४,००,००० | कुल सम्भावनाको ९०% र त्यसपछिका आ.व.मा १०% ले बढ्दै जाने | ८३,६०,००० |
| १४. | अन्य राजस्व (विविध आय) | २१,६५,४१४.३९ | कुल सम्भावनाको ९०% र त्यसपछिका आ.व.मा १०% ले बढ्दै जाने | ४१,१४,२८७.३४ |
| **ख.** | **राजस्व तथा रोयल्टी बाँडपाँट** | | | |
| १ | संघीय बाँडफाँडबाट प्राप्त | २८,९३,८७,४३३.८३ | आ.ब. २०८०/८१ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमश ५% का दरले बृद्धि हुँदै जाने | ३०,३८,५६,८०५.५२ |
| २ | प्रदेश बाँडफाँडबाट प्राप्त | २,३४,१८,४१४.० | आ.ब. २०८०/८१ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमश ५% का दरले बृद्धि हुँदै जाने | २,४५,८९,३३४.७ |
| **ग.** | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | | | |
| **सङ्घीय सरकार** | | | | |
| १ | समानिकरण अनुदान | ८,९३,१७,२८३.० | आ.ब. २०८०/८१ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमश ५% प्रतिशतका दरले बृद्धि हुँदै जाने तथा विशेष अनुदान पनि थपिदै जाने | ९,३७,८३,१४७.१५ |
| २ | सशर्त अनुदान | १८,०३,५५,७३४.८३ | | १८,९३,७३,५२१.५७ |
| ३ | विशेष अनुदान | १,३६,५१,८६५ | | १,४३,३४,४५८.२५ |
| ४ | समपुरक अनुदान | ६०,६२,५५१ | | ६३,६५,६७८.५५ |
| **प्रदेश सरकार** | | | | |
| १ | समानीकरण अनुदान | ८५,६७,००० | आ.ब. २०८०/८१ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमश ५ % का दरले बृद्धि हुँदै जाने | ८९,९५,३५० |
| २ | सशर्त अनुदान | १०,९६६,९७८ | | १,१५,१५,३२६.९ |
| ३ | समपुरक अनुदान | १९,३७,६७४ | | २०,३४,५५७.७ |
| ४ | विशेष अनुदान | १९,४६,७६२ | | २०,४४,१००.१ |
| ५ | अन्य अनुदान | ५६,८६१,७५१.३५ | | ५,९७,०४,८३८.९२ |

## ६.२ आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण

आय शीर्षकको सम्भाव्य आधार तथा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनलाई आधार मानेर नगरपालिकाको आगामी तीन वर्षको प्रक्षेपित आयको विवरण तयार गरिएको छ । प्रक्षेपणको लागि राजस्व सङ्केत वर्तमानमा सिफारिश गरिएको लेखा कोडको आधारमा गरिएको छ । माथिका अध्यायहरूमा प्रस्ताव

गरिए अनुसार ऐनले देय बमोजिम करका दायरा विस्तार गर्न सकेको खण्डमा निम्न तालिकामा दिए अनुसार नगरपालिकाको आय वृद्धि हुने देखिन्छ।

तालिका ३५: आगामी तिन आर्थिक वर्षको राजस्व प्रक्षेपण (रु. मा)

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | प्रस्तावित आय | वास्तविक आय | प्रस्तावित आय | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७८/७९ | २०७९/८० | २०७९/८० | २०८०/०८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १०००० | **राजस्व तथा अनुदान** | | | | | | | |
